लेखापरीक्षण प्रतिवेदन

शङ्खरापुर नगरपालिका

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

शङ्खरापुर नगरपालिका

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/250

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
शङ्खरापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
काठमाडौँ ।

कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२ करोड ३७ लाख ८० हजार, एकीकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २४ लाख ५ हजार र पर्यटन पूर्वाधारको रु २० लाख ९८ हजार समेत गरी रु. १२ करोड ८२ लाख ८३ हजार समावेश गरेको छैन ।

२. नगरपालिकाको रु. १ अर्ब ८८ करोड ६२ लाख ३८ हजारको लेखापरीक्षण गरिएकोमा रु. ६ करोड २१ लाख ९६

हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. १७ लाख ४४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु. ११ लाख, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ३ करोड ११ लाख ८२ हजार र नियमित गर्नुपर्ने रु. २ करोड ८१ लाख ७० हजार रहेको छ । गत वर्षसम्म रु. १६ करोड १५ लाख ७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २१ करोड ९२ लाख ७१ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने शङ्खरापुर नगरपालिका, काठमाडौँसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

अन्य ब्यहोरा

नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार राजस्व असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी यस पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका

जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
९८	९६	६,२१,९६,२६८	०	२३	१७,४३,८४५	०	९८	७३	६,०४,५२,४२४	११,००,२८४	२,८१,६९,९८२	३,११,८२,१५८	०	०	५,९३,५२,१४०	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
काठमाडौं	१६,१५,०७,०००	0	२६,८८,२९२	१५,८८,१८,७०८	०	६,०४,५२,४२४	२१,९२,७१,१३२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९/८०	८२	ठेक्का बिमा	२६,८८,२९२
२	२०८०/८१	५५	स्मार्ट बोर्ड खरिद	२,९७,९८१
३	२०८०/८१	५४	रेनकोट, छाता र ब्याग खरिद	७,४१,६१९
४	२०८०/८१	७५	बढी दरमा बैठक भत्ताः	१३,१७५
५	२०८०/८१	७०	फोहोरमैला व्यवस्थापन खर्च२३२	४,००,०००
६	२०८०/८१	२४	कट्टी दायित्व	१,७७,५००
७	२०८०/८१	७६	अनुगमन भत्ता	४४,६२५

८	२०८०/८१	८०	अग्रिम कर	६७,५००
९	२०८०/८१	८६.३	स्वास्थ्यतर्फ	१,४४५
जम्मा				४४,३२,१३७

लेखापरीक्षण बक्यौताको विवरण

कार्यालय कोड	कार्यालयको नाम
बक्यौता नरहेको	

(८०३३५४१०३०० - शङ्खरापुर नगरपालिका)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- बागमती प्रदेश अन्तर्गत काठमाडौँ जिल्लाको पूर्वी क्षेत्रमा अवस्थित शङ्खरापुर नगरपालिकाको क्षेत्रफल ६०.२१ वर्ग किमि, ९ वडा, कुल जनसङ्ख्या २७,२०२ र जम्मा कार्यपालिका सदस्य ४८ जना रहेको छ । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।१०।२६ देखि २०८१।११।०२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आयव्ययतर्फ जम्मा रु. १,८८,६२,३८,५४९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

वित्तीय विवरणसम्बन्धमा निम्न ब्यहोराहरू देखिएका छन् ।

२.१

प्राप्ति तथा भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) र वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र सञ्चित कोष सम्बन्धमा वित्तीय विवरण पेस भएको छ । पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति तथा भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०-१) स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनुसार निम्न विवरणमा प्रस्तुत गरिएको छ ।

शङ्खरापुर नगरपालिका			
नगर कार्यपालिकाको कार्यालय, काठमाडौँ			
प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)			
क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार	गत आ.ब. को कारोबार
	राजस्व, अनुदान र अन्य प्राप्ति		
११०००	कर	२४,९१,६४,९३८.१६	२६,४२,७२,१७५.६७
१३०००	अनुदान	३८,३२,९८,७२८.३३	४०,९१,६१,५९४.१३
१४०००	अन्य राजस्व	८,५१,४७,३८५.०७	७,७८,४४,३०४.४४
१५०००	विविध प्राप्ति	९५,९१०.००	०
क	कुल जम्मा प्राप्ति	७१,७७,०६,९६१.५६	७५,१२,७८,०७४.२४
३	चालु	४०,८९,३५,८१९.५७	३८,५८,२७,६२२.८८
२१०००	पारिश्रमिक / सुविधा	२०,१०,४०,५३२.१०	१९,८२,६८,०१३.९६
२२०००	मालसामान तथा सेवाको उपयोग	१४,४५,४१,६१६.४७	१४,००,७३,४०२.२२
२५०००	सहायता (Subsidy)	१७,७०,०००.००	१५,२९,५००.००
२६०००	अनुदान	३,५७,७१,६०७.००	२,२१,३९,८८८.००
२७०००	सामाजिक सुरक्षा	१,३१,६१,९११.००	९३,५८,३३३.००
२८०००	अन्य खर्च	१,२६,५०,१५३.००	१,४४,५८,४८५.७०
४	पूंजीगत	३९,४०,२६,५००.००	४२,८०,४८,२००.५०
३१११०	भवन तथा संरचना	२,३०,५६,५५८.००	१,९८,४५,४७२.००
३११२०	सवारी साधन, मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स	७०,८४,७३८.००	१,१२,३७,७८५.००
३११३०	अन्य पूँजीगत खर्च	४६,७३,४५८.००	३७,०७,०६४.५०
३११४०	सुरक्षा उपकरण	४,००,०००.००	१७,०६,४५९.००
३११५०	सार्वजनिक निर्माण	३५,६०,४३,०६१.००	३८,११,८७,९११.००
३११६०	निर्मितसरचनाको सुधार खर्च	२७,६८,६८५.००	१,०३,६३,५०९.००
५	वित्तीय	०	०
ख)	कुल जम्मा भुक्तानी	८०,२९,६२,३१९.५७	८१,३८,७५,८२३.३८
ग)	बचत /कमी (ग = क-ख)	-८,५२,५५,३५८.०१	-६,२५,९७,७४९.१४
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	३,५३,५७,६१४.२६	१,१५,५८,८८०.४१
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी	-७५,४९५.००	-१९,१३,२५९.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	-४,९८,९७,७४३.७५	-५,१०,३८,८६८.७३
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	२६,७२,६६,५७४.३१	३१,८३,०५,४४३.०४

छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन		
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	२१,७३,६८,८३०.५६	२६,७२,६६,५७४.३१

२.२ **एकीकृत आयव्यय विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ अनुसार पालिकाको वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र सञ्चित कोष संक्षिप्त अवस्था देहायबमोजिम पेश गरेको छ ।

सिनं	विवरण	रकम	सिनं	विवरण	रकम
१	गत वर्षको जिम्मेवारी		१	चालु खर्च	
	क) गत वर्षको अल्या मौज्जाद मुलखाता	१७६११५०१७		समानीकरण अनुदान चालु संघ	३१३०१७७५
	ख) धरौटी खातामा मौज्जाद	२४७६६०५५		संघीय सरकार बाट हस्तानन्तरीत	२०००८४७६२
	ग) विविध कोष खातामा मौज्दात	३८५४४६६१		प्रदेश समानीकरण	०
	घ) प्रकोप व्यवस्थापन कोष खातामा मौज्जाद	१००९८७७१		ससर्त अनुदान प्रदेश	३८६०५६६
	ङ) विविध खातामा मौज्दात	१६७१७७८७		राजश्व बााडफााड	३९६७०५१०
	च) आकश्मिक कोष खातामा मौज्जाद	१४३२८४७		आन्तरीक चालु	१३४०१८२०६
२	राजस्व (आन्तरिक आय)		२	पूजीगत खर्च	
	क) आन्तरिक राजस्व	७८८८८१५०		समानीकरण अनुदान संघ	२३८३९६३०
	ग) राजस्व बााडफााड संघ	१६५२६४६८७		संघीय सरकार बाट हस्तानन्तरीत पुाजीगत	१६३४७७७३
	ग) राजस्व बााडफााड प्रदेश (घरजग्गा र सवारी)	६५७२५८७०		विशेष अनुदान संघ	६५५५८७८
	घ) राजस्व बााडफााड स्थानीय (दहतर बहत्तर , विज्ञापन)	२३८७५२९७		समपुरक संघ	७०७०६३८
३	वित्तीय हस्तान्तरण संघ			प्रदेश समानीकरण	४१६९६६९
	क)वित्तीय समानीकरण अनुदान	९३७४४०००		प्रदेश ससर्त	१४०४५७७८
	ख) सशर्त अनुदान	२१६३७१७४०		प्रदेश विशेष	५०५११२८
	ग) समपूरक अनुदान	७०७०६३९		समपुरक प्रदेश	२६६०००००
	३) विशेश अनुदान	६५५५८७८		राजश्व बााडफााड	१८०३५०७५६
४	प्रदेश सरकारबाट प्राप्त अनुदान			आन्तरीक	१०९७०५२५०
	क)वित्तीय समानीकरण् अनुदान	१०००३०००	३	अन्तर सरकारी हस्तान्तरबाट खर्च	
	ख) सशर्त अनुदान	१७९०२३४४		सामाजिक सुरक्षा तथा संरक्षण	१२३७८०२६७
	ग) समपूरक अनुदान	२६६०००००		एकीकृत स्वास्थ्य पूर्वाधार	२४०५०००
	घ) विशेष अनुदान	५०५११२८		गरिबसाग विशेश्वर	
				पर्यटन पुर्वाधार विकास कार्यक्रम	२०९८०००
५	अन्तर स्थानीय तहबाट , तथा विविध खातामा प्राप्त	४१८९३२०१	४	विविध खाताको खर्च	
६	विभिन्न कोषतर्फ आय विपद समेत			विविध खाताको खर्च	१८७१७९४३
	विपद कोष र आकश्मीक कोष	२५७५६००		धरौटी फिर्ता	१३१५१०२७
	विविध कोष	१४५७३३३५	५	कोष खर्च	
७	अन्तर सरकारी हस्तान्तरबाट आय			विविध कोष खर्च	२७८२६३७
	सामाजिक सुरक्षा तथा संरक्षण	१२३७८०२६७		प्रकोप व्यवस्थापन कोष खर्च	२६२७४८८

	एकीकृत स्वास्थ्य पूर्वाधार	२४०५०००	६	मौज्दात	
	गरिबसाग विशेश्वर			क) नगद मौज्दात	
	पर्यटन पुर्वाधार विकास कार्यक्रम	२०९८०००		ग) बैंक मौज्दात (संचित खाता)	९०४५१८९५
८	धरौटी आय	१३६२५७३३		विविध कोष खाता	५०३९६६३४
९	लगानीको सावा फिर्ता			विविध खाता	३९८९२७४५
				प्रकोप व्यवस्थापन कोष खाता	७५४६८८३
				आकश्मिक कोष खाता	३९३२८४७
				ग) धरौटी खातामा मौज्दात	२५२२३३२१
	जम्मा	११८५६७९००६		जम्मा	११८५६७९००६

२.३ **वित्तीय विवरणको यथार्थता** : महालेखा नियन्त्रक कार्यालयले सबै स्थानीय तहहरूलाई NPSAS मा आधारित एकीकृत वित्तीय विवरण तयार गर्न परिपत्र गरेको छ । पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेकोमा सुत्र प्रणालीले अन्तर सरकारीसम्बन्धी बजेट खर्चको कारोबार समेट्दैन । पालिकाको अन्तर सरकारी बजेट रु १२९२८४७६०.०० रहेकोमा खर्च रु १२८२८३२६७.०० रहेको विवरणबाट देखिन्छ ।

विवरण	बजेट रु.	खर्च रु.
सामाजिक सुरक्षा तथा संरक्षण	१२३८६४७६०.००	१२३७८०२६७.००
एकीकृत स्वास्थ्य पूर्वाधार	२९०५०००.००	२४०५०००.०००
अन्य	४,१५,०००.००	०
पर्यटन पुर्वाधार विकास कार्यक्रम	२१०००००.००	२०९८०००.००
जम्मा	१२९२८४७६०.००	१२८२८३२६७.००

• अन्तर सरकारी अख्तियारीसँग सम्बन्धित कारोबार सुत्रले नसमेट्ने हुँदा भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०.१) को अनुसूची १४ मा सामाजिक सुरक्षा लगायतका अन्तर सरकारी अख्तियारी बजेट र खर्चको विवरण प्रविष्टि गरी वित्तीय विवरण तयार गर्नुपर्दछ । पालिकाले सुत्र प्रणालीको अनुसूची १४ मा अन्तरसरकारीको बजेट र खर्च प्रविष्टि गरेको देखिँदैन । साथै आर्थिक कारोवारको सारांश स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०.१) मा समावेश नभएकोले सुत्रबाट तयार भएको वित्तीय विवरण अपूर्ण देखिन्छ । सबै कारोबार समावेश हुने गरी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ ।

• पालिका अन्तर्गत खर्च गरिएका रकममध्ये चालु आर्थिक वर्षको अन्तमा भुक्तानी दिन बाँकी रहेको रकम स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०.१) को टिप्पणी १३ मा प्रविष्ट गर्नुपर्ने हुन्छ । पालिका अन्तर्गत आ. व. २०८०।८१ का २४ कारोवार सम्बन्धी भुक्तानी गर्नुपर्ने दायित्व रु. १६२७२३१९ सृजित भई बजेट अभावको कारणले समयमा भुक्तानी हुन नसकी आ. व. २०८१।८२ को लागि भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गरेकोमा सो को विवरण म.ले.प.फा.नं २७०.१ को टिप्पणीमा प्रविष्ट गरेको पाइएन ।

२.४ **कोषको विवरण :** पालिकाबाट सञ्चालित विभन्न कोषहरूको अवस्था देहायबमोजिम रहेको देखिन्छ ।

सिनं	विवरण	गतबर्षको अल्या	यो वर्ष थप	जम्माआम्दानी	खर्च	मौज्दात
१	कर्मचारी कल्याण कोष	१२७५५७५५	२००००००	१४७५५७५५	१५८१४०८	१३१७४३४७
२	वातावरण संरक्षण कोष	३४५८४७२	०			३४५८४७२
३	मर्मत सम्भार कोष	१६२५३०२९	२८७३३३५	१७४४०७००	११८१२२९	१७९१३५९१
४	एकल महिला कोष	७५००००	०	७५००००		७५००००
५	मानव बेचविखन तथा ओसार पसार विरुद्धको कोष	४५००००	०	४५००००		४५००००
६	आर्थिक साहायता तथा अनुदान संचालन कोष	११२८६५९	०	११२८६५९		११२८६५९
७	आपतकालिन वाल उद्धार कोष	३५००००	०	३५००००		३५००००
८	जेष्ठ नागरिक कोष	५०००००	०	५०००००		५०००००
९	लैङ्गीक हिंसा निवारण कोष	४९००००	०	४९००००		४९००००
१०	वालवालिका कोष	३०००००	०	३०००००	२००००	२८००००
११	जात्रा व्यवस्थापन कोष	०	१२०००००	१२०००००		१२०००००
१२	युवा उद्यम कार्यक्रम	५०००००	०	५०००००		५०००००
१३	उद्यम विकास कोष	१६७००००	८५०००००	१०१७००००		१०१७००००
	जम्मा	३८५४४६६१	१४५७३३३५	४८०३५११४	२७८२६३७	५०३६५०६९

(क) पालिका अन्तर्गत १२ वटा विभिन्न कोष रहेकोमा यस वर्षको सुरु मौज्दात रु. ३८५४४६६१, यो वर्ष प्राप्तितर्फ रु १४५७३३३५ समेत जम्मा आम्दानी रु ४८०३५११४ मध्ये रु. २७८२६३७ भुक्तानी भई वर्षको अन्तमा रु. ५०३६५०६९ मौजदात रहेको छ । आवश्यक र अनिवार्य कोषहरूमात्र सञ्चालनमा राखी बाँकी कोष बन्द गरेर वित्तीय विवरणको हिसाब मिलान गर्नुपर्दछ ।

(ख) पालिकाले आर्थिक वर्ष २०८०।८१ मा आकस्मिक कोषमा २५ लाख, उद्यम विकास कोष ८५ लाख र कर्मचारी कल्याण कोष २० लाख रकम जम्मा गरेको देखिन्छ । कर्मचारी कल्याण कोषमा सम्बन्धित कर्मचारीबाट तोकिएको दरमा कट्टी दाखिला गर्नुपर्दछ ।

(ग) नगरपालिकामा कर्मचारी कल्याण कोष,वातावण सरक्षण कोष, मर्मत सम्भार कोष, एकल महिला कोष, मानव बेचबिखन तथा ओसार पसार विरुद्धको कोष, आर्थिक सहायता तथा सञ्चालन कोष, आपतकालीन बाल उद्दार कोष, जेष्ठ नागरिक कोष, लैगिक हिंसा निवारण कोष, बालवालिका कोष, जात्रा व्यवस्थापन कोष, युवा उधम कार्यक्रम, उद्दयम विकास कोष जस्ता १३ कोषहरु संञ्चालनमा रहेका छन । ती कोषहरुमा गर्त वर्ष सम्म रु. ३८५४४६६०।६२ रहेकोमा यो वर्ष रु. १२८८७६७१।– थप गरी रु ५४४३२३३१।६२ पुगेकोमा यो वर्ष रु.२७८२६३७।– खर्च भएको छ । सो मध्ये जात्रा व्यवस्थापन कोष २०८०।८१ मा मात्र शुरु गरेको छ । १३ वटा कोष मध्ये २०८०।८१ मा ४ वटा कोषमा रु. १२८७६७१।– थप गरेको छ । त्यस्तै यो वर्ष ३ वटा कोषमा रु. २७८२६३७।– मा खर्च भएकोले अन्य १० वटा कोषहरू निस्कृय देखिएका छन । सम्बन्धित कोष परिचालनको विस्तृत मोडालिटि तयार नगरी कोषहरु स्थापना गर्दा खर्च नभएको तर कोषहरुमा वर्षको अन्त सम्म रु. ५ करोड ३ लाख ६५ हजार मौज्दात रहेको उपयुक्त देखिएन ।

२.५ **बैंक हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ । पालिकाको बैक हिसाब विवरण निम्नअनुसार देखिएको छ ।

खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
संचित कोष	९०४५१८९५.३४	९०४५१८९५.३४	
चालु	०	०	
पूजिगत	०	०	
विभाज्य कोष	०	०	
धरौटी	२५२२३३२१.४४	२५२२३३२१.४४	
अन्य कोषहरु			
१.ग ५.१ - स्थानीय तह विविध कोष खाता	५०३९६६३३.६२	५०३९६६३३.६२	
२.ग ७.२ - स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	७५४६८८३.१२	७५४६८८३.१२	
जम्मा			

क) स्थानीय तहले सञ्चित कोषमा विगतको बाँकी रकम, चालु आर्थिक वर्षमा प्राप्त रकम तथा सञ्चित कोषबाट भएको खर्च स्पष्ट रुपमा देखिने गरी खाता व्यवस्थापन गरेको पाइएन । सञ्चित कोषसम्बन्धी लेखा अभिलेख अद्यावधिक गरी आर्थिक कारोबारलाई पारदर्शी बनाउनु पर्दछ ।

ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) बमोजिम कार्यालयले स्थानीय सञ्चित कोषमा रहेको आयव्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने कानूनी व्यवस्था छ । पालिकाले चालू आर्थिक वर्षमा सञ्चित कोषको चौमासिक हिसाब सम्बन्धित निकायमा पठाएको देखिएन । तहगत अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक विवरण सम्बन्धित निकायहरूमा पेस गरी कानूनको पालना गर्नुपर्दछ ।

(ग) नगरपालिकामा कर्मचारी कल्याण कोष,वातावण सरक्षण कोष, मर्मत सम्भार कोष, एकल महिला कोष, मानव बेचबिखन तथा ओसार पसार विरुद्धको कोष, आर्थिक सहायता तथा सञ्चालन कोष, आपतकालीन बाल उद्दार कोष, जेष्ठ नागरिक कोष, लैगिक हिंसा निवारण कोष, बालवालिका कोष, जात्रा व्यवस्थापन कोष, युवा उधम कार्यक्रम, उद्दयम विकास कोष जस्ता १३ कोषहरु संञ्चालनमा रहेका छन । ती कोषहरुमा गर्त वर्ष सम्म रु. ३८५४४६६०।६२ रहेकोमा यो वर्ष रु. १२८८७६७१।– थप गरी रु ५४४३२३३१।६२ पुगेकोमा यो वर्ष रु.२७८२६३७।– खर्च भएको छ । सो मध्ये जात्रा व्यवस्थापन कोष २०८०।८१ मा मात्र शुरु गरेको छ । १३ वटा कोष मध्ये २०८०।८१ मा ४ वटा कोषमा रु. १२८७६७१।– थप गरेको छ । त्यस्तै यो वर्ष ३ वटा कोषमा रु. २७८२६३७।– मा खर्च भएकोले अन्य १० वटा कोषहरू निस्कृय देखिएका छन । सम्बन्धित कोष परिचालनको विस्तृत मोडालिटि तयार नगरी कोषहरु स्थापना गर्दा खर्च नभएको तर कोषहरुमा वर्षको अन्त सम्म रु. ५ करोड ३ लाख ६५ हजार मौज्दात रहेको उपयुक्त देखिएन ।

३ **फरक हिसाब**

पालिकाले सुत्र प्रणालीबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति तथा भुक्तानीसम्बन्धी एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा. नं. २७०-१) मा सबै वित्तीय कारोबार समावेश नभएकाले लेखापरीक्षणका क्रममा पालिकाको सम्पूर्ण वित्तीय गतिविधि समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा प्रस्तुत आर्थिक विवरण र सुत्र प्रणालीमा सिर्जित प्रतिवेदनबीच देहायअनुसार अन्तर देखिएको छ ।

विवरण	सुरु मौजदात	यो वर्षको थप	यो वर्षको खर्च	अन्तिम मौजदात
एकीकृत वित्तीय विवरण अनुसार	२६,७६,७५,१३८	९१,८०,०३,८६८	९६,८२,३४,६८१	२१,७४,४४,३२६
सुत्र प्रणालीअनुसार	२६,७२,६६,५७४	७९,०३,७४,८३०	८४,०२,४१,४१४	२१,७३,६८,८३१
फरक	४,०८,५६४	१२,७६,२९,०३८	१२,७९,९३,२६७	७५,४९५

(क) एकीकृत वित्तीय विवरणअनुसार पालिकाको सुरु मौजदात रु २६,७६,७५,१३८ रहेकोमा सुत्र प्रणालीमा रु. ४,०८,५६४ ले मौजदात आम्दानी बाँधेको देखिएन । सुत्रमा आम्दानी बाँधी हिसाब मिलान गरेको प्रमाण पेस गर्नुपर्ने रु ४,०८,५६४

(ख) सुत्र प्रणालीमा यो वर्षको अन्तिम मौजदात रु ७५,४९५ ले घटी देखिनुको कारण यकिन गरी प्रमाण पेस गर्नुपर्ने रु ७५,४९५

प्रमाण पेश नगरेको	४,८४,०५९

४ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा वित्तीय हस्तान्तरणको रकम फिर्ता गर्नेसम्बन्धी व्यवस्था रहेको छ । सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्दछ । प्राप्त विवरण अनुसार २०८१ असार मसान्तमा सङ्घतर्फको रु. २२७४२४८५ र प्रदेश तर्फको रु. ६३२४५२८ अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०८१।०३।२७ मा फिर्ता भएको देखिन्छ ।

स्रोत	अनुदानको प्रकार	आम्दानी	खर्च रकम	बाँकी रकम	निकासा फिर्ता
नेपाल सरकार	शसर्तअनुदानचालु	२१,३२,२८,०८०	२०,००,८४,७६२	१,३१,४३,३१८	१,३१,४३,३१८
	शसर्तअनुदानपुँजीगत	२,५९,४६,७९५	१,६३,४७,६२८	९५,९९,१६७	९५,९९,१६७
	विषेशअनुदान पुँजीगत	६५,५५,८७८	६५,५५,८७८	०	०
	समपुरक अनुदान पुँजीगत	७०,७०,७८४	७०,७०,७८४	०	०
	जम्मा	२५,२८,०१,५३७	२,३०,०५,९०५	२,२७,४२,४८५	२,२७,४२,४८५
बागमती प्रदेश	शसर्त अनुदानपुँजीगत	२,००,००,०१०	१,४०,४५,७८८	५९,५४,२२२	५९,५४,२२२
	शसर्त अनुदान चालु	३९,१०,०००	३८,५६,५६६	५३,४३४	५३,४३४
	विषेश अनुदान पुँजीगत	२८,३५,८३८	२५,१८,९६६	३,१६,८७२	३,१६,८७२
	समपुरक अनुदान पुँजीगत	२,६६,००,०००	२,६६,००,०००	०	०
	जम्मा	५,३३,४५,८४८	४,७०,२१,३२०	६३,२४,५२८	६३,२४,५२८
	कुल जम्मा				२,९०,६७,०१३

५ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ मा स्थानीय तहले आफ्नो एकल अधिकारक्षेत्र भित्रका विषय कार्यान्वयन गर्न काम कर्तव्य र अधिकार तोकेको र सो अनुसार कार्य विस्तृतिकरण प्रतिवेदन अनुसारका कार्य गर्न आवश्यक संयन्त्र बनाई कार्य गर्नु पर्दछ। कार्यालयले पेश गरेको सेवाप्रवाहको विवरण देहायबमोजिम छ ।

बाटो ढलान (मि)	कालोपत्रे सडक	ग्राभेल सडक	कच्ची सडक	जन्म दर्ता	मृत्यु दर्ता	बसाईसराई	विवाह दर्ता	सम्बन्ध विच्छेद
४४१३	१८६०	२२२१	१५००	६४६	३५३	९३	३४२	२६

नगरपालिकाले व्यक्तिगत घटना दर्ता र सडक निर्माण तर्फको मात्र प्रगति विवरण पेश गरेको तर समग्र उपलब्धीको विवरण तयार गरेको छैन । यसले गर्दा पालिकाले वर्षैभरी सम्पादन गरेका समग्र काम कर्तव्य र अधिकारको प्रयोग गरी लक्ष्य हासिल गरेको छ भन्न सक्ने अवस्था छैन ।

६ बजेट तथा कार्यक्रम

६.१ **बजेट तथा कार्यक्रम तर्जुमा :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन अनुसार बजेट तयार गर्नु भन्दा पहिले स्रोत अनुगमान तथा वजेट सिमा निर्धारण समिति वनाउने, मध्यकालिन खर्च संरचना तयार गरी स्रोत सुनिश्चित गर्ने, बजेट निर्माण तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने आगामी बजेट तयार गर्दा साविकको उपलब्धीको विश्लेषण गर्ने योजना तथा कार्यक्रमको तथ्यांकको आधारमा प्राथमिकिकरण गर्ने विगत देखिको दायित्व बजेट निकासा खर्च र प्रगति विवरण जस्ता विषय ध्यान दिइ बजेट निर्माण गर्ने जस्ता पक्षलाई विचार गरी बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था छ। बजेट निर्माण गर्दा स्थानिय आयोजना बैंकमा रहेका र प्राथमिकताक्रममा माथिल्लो श्रेणीमा रहेका आयोजनामा मात्र बजेट प्रस्ताव गर्नुपर्ने योजना तयार गर्दा गाँउटोलबाट वडामार्फत गर्नुपर्ने जस्ता व्यवस्था आंशिक मात्र कार्यान्वियन भएका छन । यस्ता व्यवस्थाको पुर्ण कार्यान्वियन गरी बजेटलाई गरिबी निवारण गर्ने, आय आर्जन रोजगारी सिर्जना गर्ने उत्पादनमुलक क्रियाकलापमा विनियोजन हुनुपर्नेमा छिटो प्रतिफल नदिने, स्थानिय स्रोत साधनको प्रयोग नहुने सीमित व्यक्तिलाइ मात्र फाइदा हुने र गरिवी निवारण एवं रोजगारी सिर्जना नहुने वितरणमुलक कृयाकलापमा समेत बजेट विनियोजन भएको अवस्था छ । स्थानीय सरकार सञ्चालन ऐनको पूर्ण कार्यान्वियन गर्नुपर्दछ ।

बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले सो समयमा विषयगत शाखा तथा वडा समितिहरुलाई उपलब्ध गराएको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि, तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गाते भित्र पेश गर्न र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको उपप्रमुखले मिति २०८०.०३.०५ मा १,१८,२८,०८,००० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०.०३.०७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०-०४-०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनमा उल्लेखित अवधिभन्दा ढिलो अख्तियारी दिएकोले कानूनको पालना भएन ।

६.२ **चौमासिक खर्च** : बागमती प्रदेशको प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ मा स्वीकृत कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले तोकिएको लक्ष्य तथा कार्यक्रम चौमासिक रूपमा कार्य सम्पादन गर्दै प्रभावकारी रूपमाम कार्यान्वियन गर्नुपर्ने र चौमासिक अवधिको लक्ष्य, भौतिक प्रगति र खर्च विवरणसहितको तोकिएको ढाँचामा प्रगति विवरण तयार गरी सम्बन्धित तालुक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

विवरण (रकम रु हजारमा)	बजेट	खर्च	प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
चालु	५२१५९८	४०८९३६	११७७८४	१०४२७५	१८६८७७	७९७१५
पुँजीगत	६५८७१०	३९४०२७	८८३२३	८७४०१	२१८३०३	९८७१२
जम्मा बजेट/खर्च	११८०३०८	८०२९६२	२०६१०७	१९१६७६	४०५१८०	१७८४२७
खर्च प्रतिशत		१००	२५.६७	२३.८७	५०.४६	२२.२२

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक कुल खर्च रु. ८० करोड २९ लाख ६२ हजार रहेको छ । जसमा प्रथम चौमासिकमा २५.६७ प्रतिशत, दोश्रो चौमासिकमा २३.८७ प्रतिशत र तेस्रो चौमासिकमा रु. ५०.४६ प्रतिशत खर्च गरेको देखिन्छ । आषाढ महिनामा मात्र २२.२२ प्रतिशत खर्च गरेको विवरणबाट देखिन्छ । खर्चको प्रवृत्ति हेर्दा चौथो चौमासिक र आषाढ महिनामा खर्चको चाप बढेको देखिन्छ जसले सन्तुलित खर्च व्यवस्थापन गरेको देखिएन । वर्षको अन्तमा खर्चको चाप बढी हुँदा अनुगमन तथा मूल्याङ्कन नभई कार्यको गुणस्तरमा असर पर्ने भएकोले सन्तुलित खर्च व्यवस्थापनमा जोड दिनुपर्दछ ।

६.३ **योजना सञ्चालन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

क्र.सं.	**विवरण**	**कुलयोजना**	**रकम (रु हजारमा)**	**सम्पन्नयोजना**	**रकम (रु हजारमा)**
१	नगरस्तरिय (उ.स)	२६३	२०९१६१	१८०	१०२०४०
२	नगर भैपरि	६७	१५६१६	६७	१५६१६
३	नगर मर्मत सं.	१४	१२६८	१४	१२६८
४	विपद् व्य.	२	१५००	२	१५००
५	वडास्तरिय (उ.स)	१५४	४५०००	११०	३५८१०
६	ठेक्का	४१	१५५२८४	३५	१३५७४५
७	गत वर्षको भु.बा.	६४	७७७००	६४	७७७००
८	गत वर्षको ठेक्का	२५	१४९४१०	२२	७१४१०
९	संघ (उ.स)	२	२१००	२	२१००
१०	प्रदेश (उ.स)	२	५५००	२	५५००
	जम्मा	**६३४**	**६६२५३९**	**४९८**	**४४८६८९**

पालिकाले यस वर्ष जम्मा ६३४ वटा योजना संचालन गरेकोमा ४९८ योजना सम्पन्न भई रु. ४४ करोड ८६ लाख ८९ हजार खर्च भएको विवरण पेस भएको छ ।

६.४ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	विवरण	बजेट	खर्च	बजेट/खर्च प्रतिशतमा	बजेट / स्रोत प्रतिशतमा
१	आर्थिक विकास	४,६०,०३,०९७	२,५७,९०,१५२	५६.०६	३.८८
२	सामाजिक विकास	४१,२२,५३,४४४	३३,५३,८४,५६८	८१.३५	३४.८५
३	पूर्वाधार विकास	४७,२०,०१,९२१	२७,४२,७५,२२८	५८.१	३९.९
४	सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र	४,४२,५५,६४९	२,२९,१९,७८८	५१.७८	३.७४
५	कार्यालय सञ्चालन तथाप्रशासनिक	२०,८२,९३,८८९	१४,४५,९२,५८४	६९.४१	१७.६१
		१,१८,२८,०८,०००	८०,२९,६२,३२०		१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट रु १,१८,२८,०८,००० मध्ये रु ८०,२९,६२,३२० खर्च गरेकोमा समग्र खर्चको तुलनामा सामाजिक विकासमा सबैभन्दा बढी ३४.८५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमामा सबै भन्दा घटी ३.७४ प्रतिशत खर्च रहेको छ । स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासको लागि क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी सन्तुलित रूपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ । पालिकाले वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा कुनै बजेट विनियोजन नगरी बजेट तर्जुमा गरेको छ । नियमअनुसार बजेट क्षेत्रगतरूपमा सन्तुलित रूपमा विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ ।

६.५ **गत बर्षको दायित्व भुक्तानी** - आर्थिक कार्यविधि, तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १३ मा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने आधार र पर्याप्त कारण सहित सम्बन्धित कार्यालयले संलग्न बिल भरपाइ बमोजिम आगामी बर्ष भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी ७ दिन भित्र कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराइ राख्नु पर्ने व्यवस्था छ । सोही नियमको उपनियम १५ मा अघिल्लो आर्थिक वर्ष को भुक्तानी दिन सकिने खर्चमा तलब, स्वीकृत दरवन्दीको महंगी भत्ता, स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधि उपचार, बन्दीको सिधा, सेवा निवृत्त सुविधा, स्वीकृत बार्षिक कार्यक्रम समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसँग सम्झौता बमोजिमको रकम मात्र प्रमाणित गराइ भुक्तानी हुन सक्ने व्यवस्था छ । पालिकाले श्रोत अनुमान फरक परेकोले भुक्तानी हुन नसकेको कारण जनाई गत वर्षको भुक्तानी दिन वाँकी पुँजीगततर्फका ६३ योजनाको रु. ७,७६,७९,०४५ र चालुतर्फ कर्मचारीको पारिश्रमिकमा ४२,३९,७०० गरी जम्मा रु ८,१९,१८,७४५ यो वर्ष भुक्तानी गरेको छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्ने व्यबस्था मिलाउनु पर्दछ ।

७ **प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन**

यसमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

७.१ **तलबी प्रतिवेदन पारित नगरेको** - बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ (५) मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाइ कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था रहेको छ । दफा ६९ (६) मा तलबी प्रतिवेदन पारित नगरी तलब भुक्तानी गरेमा त्यस्तो कर्मचारीले पाएको तलब, भत्ता त्यसरी तलब भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर गरिने उल्लेख छ । पालिकाले तलबी प्रतिवेदन पारित नगरी रु. १८ करोड ३ लाख ९० हजार पारिश्रमिक शीर्षकमा खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । यस सम्बन्धमा गत बर्ष समेत उल्लेख गरेकोमा पालिकाले कुनै सुधार गरेको पाइएन । कार्यालयले तलबी प्रतिवेदन पारित गरेर मात्र खर्च गर्नुपर्दछ ।

७.२ दरबन्दी र पदपूर्ति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिका र अन्तर्गतका निकायहरुमा प्रमुख प्रशासकीय अधिकृत

सहित २०० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ८३ जना पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । सेवा प्रवाह र कार्य व्यवस्थापनको लागि नभई नहुने दरबन्दीमा पद पूर्ति गरी नगरपालिकाको कार्य सम्पादन प्रभावकारी बनाउनुपर्दछ ।

७.३ करार कर्मचारी : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाले आफ्नो कार्यवोझ राजस्व क्षमता, खर्चको आकार, स्थानिय आवश्यकता र विशिष्टतालाइ समेत ध्यानमा राखी कर्मचारी समायोजन भएपछी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा विषयगत शाखा महाशाखा रहेको संलग्न संरचना कायम गर्ने, प्रमुख प्रशासकिय अधिकृतले पालिका वा पालिकाको अधिकार क्षेत्र तथा कार्यवोझ समेतको विश्लेषण गरी स्थायी प्रकृतिको कामका लागि आवश्यक पर्ने सेवा करारमा लिइने कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव, भत्ता, संचयकोष कट्टी रकम, उपदान र निवृत्तिभरणको रकम, औषधी उपचार सँग सम्बन्धित विदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरेर खर्च सुनिश्चित गरेर दरबन्दी प्रस्ताव गर्न सक्ने व्यवस्था छ । सोही ऐनको उपदफा ८ मा उक्त दफामा जुनसुकै कुरा उल्लेख भएतापनि पालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्वर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धीत पदमा स्थायी पदपुर्ति नगरी प्रतिस्पर्धाको आधारमा करार सेवाबाट मात्र पदपुर्ती गर्नुपर्ने र अन्य सेवामा करारबाट पदपुर्ति गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले विभिन्न स्वीकृत दरबन्दी र कार्यक्रम करार तथा स्वास्थ्य तर्फका प्राविधिक पदमा समेत ८३ जना कर्मचारीहरू करारमा राखि रु. ३ करोड ९४ लाख १९ हजार खर्च लेखेको छ । कार्यालयले स्थायी पदपूर्ति गर्नतर्फ ध्यान दिनुपर्दछ ।

७.४ कर्मचारी प्रोत्साहन भत्ता : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका, २०७७ को नियम ७.१.५ मा सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाइ साविकमा प्रदान गरिदै आएको पोशाक खर्च, महँगी भत्ता र स्थानिय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान नगरिने उल्लेख छ । अर्थ मन्त्रालयको २०८०।८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुदा नं. ५९ मा कार्यालय अन्तर्गत विभिन्न मापदण्ड कार्यविधि, निर्देशिकामा व्यवस्था गरी प्रदान गरिएका अतिरिक्त भत्ता प्रोत्साहन भत्ता र विशेष भत्ताहरु खारेज गरिएका हुँदा त्यस किसिका भत्ताहरु नदिने व्यवस्था छ । पालिकाले यो बर्ष १६३ कर्मचारीलाई १० प्रतिशत भत्ता दिने निर्णय गरी प्रोत्साहन भत्तावापत रु ४५१४९३० खर्च लेखेको छ । यो वर्ष आन्तरिक आय रु ७ करोड ८९ लाख २३ हजार रहेको अवस्थामा पालिकाको थप आर्थिक व्ययभार बढ्ने गरी निर्णय गरेर खर्च लेखेको देखिन्छ । प्रोत्साहन भत्ता लेख्दा अतिरिक्त समय पुष्टि गर्न विद्युतीय हाजिरी र सूचकसहितको कार्यसम्पादन नतिजा, मूल्याङ्कन गरी भुक्तानी गर्ने व्यवस्था अपनाउनु पर्दछ ।

७.५ कर्मचारी कल्याण कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष कर्मचारी कल्याण कोषमा रु. ५००००००.०० ट्रान्सफर गरेको छ । पालिकाले स्थानीय सेवाका कर्मचारीको मासिक १० प्रतिशत रकम कट्टा गरि कर्मचारी कल्याण कोषमा दाखिला गरेको पाइएन ।

८ आन्तरिक नियन्त्रण

८.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाइ विश्वसनिय बनाउन र प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

(क) आर्थिक कार्यविधि ऐन, २०७६ अनुसार पालिकाले एक आर्थिक वर्ष भित्र भएको बजेट तथा शिर्षकको अनुगमन तथा मुल्यांकन गरी भौतिक तथा वित्तिय नतिजाको मुल्यांकन गरी प्रतिवेदन तयार नगरेको,

(ख) पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

(ग) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको,

(घ) विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्त,ा भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि तरिकाले खर्च गरेको,

(ङ) पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता तथा PAMS मा तथ्यांक अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको तथा वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको देखियो । त्यसैगरी जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

(च) कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

(छ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा नबनाएको,

(ज) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरको,

(झ) पालिकाले यसबर्ष विभिन्न उपभोक्ता समिति मार्फत विभिन्न योजनाहरु सञ्चालन गरी खर्च लेखेकोमा मान्यता प्राप्त हुने गरी ति समितिहरुको दर्ता नगरेको,

(ञ) सञ्चालित योजनाको सूचना पाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना नभएको,

(ट) सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

(ठ) निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु नगरेको,

(ड) पालिका र अन्तर्गत वडाहरुले प्रयोग गर्ने नगदि रसिदको अभिलेख राखि रसिद नियन्त्रण खाता अद्यावधिक नगरेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८.२ बेरुजु लगतः आर्थिक कार्यविधि, ऐन, २०७६ को दफा ८८ मा बेरुजुको लगत राख्नु पर्ने व्यवस्था छ । पालिकाले बेरुजु लगतका लागि म.ले.प. फारामको व्यवस्था गरिएको म.ले.प. फाराम ८०१ (बेरुजु लगत), म.ले.प. फाराम ८०५ (सम्परीक्षण गोश्वारा अभिलेख) राखेको छैन् । म.ले.प. फाराम प्रयोग, लेखा ढाँचा तथा फारम अद्यावधिक नगर्दा वेरुजुको वास्तविक अवस्था एकिन नहुने हुँदा नियमानुसार अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

९ खर्चमा मितव्ययिता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मितव्ययी तवरले गर्नुपर्नेमा नभएको र खर्चको मितव्ययिता सम्बन्धी मापदण्ड निर्देशिका अनुसार स्रोतको मितव्ययी उपयोग गर्नुपर्नेमा पालिकाले निम्नानुसार खर्च लेखेकोमा देखिएका व्यहोरा देहायनुसार छन् ।

९.१ **विविध खर्चः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध शीर्षकबाट रु. ३८,८६,९४७.० खर्च गरेकोमा अधिकांश खर्च खाना, खाजा प्रयोजनका लागि गरेको देखिन्छ । खाना खाजामा खर्च लेख्दा उक्त खर्चको प्रयोजन, उपस्थिति, भरपाई, समय तथा अवस्था खुल्ने गरि प्रतिवेदन गर्नुपर्नेमा अधिकांश खर्च लेख्दा बिल, भरपाई, प्रमाण र कागताज संलग्न नरहेकोले कुन प्रयोजनका लागि खर्च गरेको हो यकिन गर्न सकिएन । पालिकाले यस प्रकारको खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

९.२ **आर्थिक सहायता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यो वर्ष आर्थिक सहायता बापत रु ७७००००.०० चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गरेकोमा आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

९.३ **अनुगमन तथा भ्रमण खर्च** : भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भ्रमण अनुगमन तथा मूल्याङ्कनमा रु १२०८५७५, भ्रमण भत्तामा रु २५२००० खर्च गरेकोमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण मितिसहितको अद्यावधिक भ्रमण अभिलेख राखेको पाइएन । साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएकोसम्बन्धमा खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन । तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले जिम्मेवार बनाउनुपर्दछ ।

९.४ सवारी मर्मत खर्च - बाग्मती प्रदेशको प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।पालिकाले यो वर्ष सवारी मर्मत शिर्षकमा रु. ५४३५६५७ खर्च गरेको सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजम छन् ।

(क) पालिकाले सवारी साधनमा ईन्धन खपतको अवस्था खुल्नेगरी म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको पाईएन तथा समयक्रम अनुसारको अभिलेख दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नुपर्दछ ।

(ख) पालिकाले सवारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले सवारी साधन तथा मेशिनरी मर्मतमा यस वर्ष रु. ५४३५६५७खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन । सवै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन ।

(ग) एक लाखभन्दा बढीको मर्मतमा ३ वटा सेवा प्रदायकबाट दरभाउपत्र माग गरेको छैन । यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो असर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ । साथै यस प्रकारका खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।

९.५ इन्धन खर्च- अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । पालिकामा २७ दुइ पाँग्रे सवारी, ५ चारपाँङ्ग्रे सवारी, १ शववाहान, ३ वटा एम्वुलेन्स र १ वटा ट्रिपर सञ्चालनमा रहेकोमा पालिकाले यस वर्ष इन्धनमा रु. ५२४६८३९ खर्च गरेको छ । पालिकामा ३ वटा एम्वुलेन्स र १ वटा ट्रिपर रहेकोमा कति इन्धन खपत भएको एकीकृत विवरण समेत राखेको पाइएन । एक्साभेटरमा पुँजीगत शीर्षकबाट समेत खर्च लेखेको देखिन्छ । यसरी पदाधिकारी तथा कर्मचारीले पाउने इन्धन सुविधाको मापदण्ड भन्दा बढी हुने गरी खर्च लेख्ने तथा एक्साभेटर लगायतका सवारी साधनको खर्चको

एकीकृत विवरण समेत पेश नगरेकोले थप विश्लेषण गर्न सकिएन । कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ । महालेखा नियन्त्रक कार्यालयबाट इन्धन खर्च सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्ने भनी निर्देशन गरेकोमा प्रविष्टी गरेको पाईएन । प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मा प्रविष्टि गरेर मात्र इन्धन खर्च गर्नुपर्दछ ।

९.६ पदाधिकारी सुविधा

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ को दफा ३क. सँग सम्बन्धित अनुसूची १क. को खण्ड ख मा उल्लेख भएको नगरपालिकाका प्रमुख उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यले पाउने सूविधा बमोजिम पालिकाले यस वर्ष पदाधिकारी सुविधामा रु. ९२ लाख ३० हजार खर्च गरेको छ ।

वडा सङ्ख्या	पदाधिकारी सङ्ख्या	वार्षिक खर्च
९	४८	९२,३०,०००

१० न्यायिक समिति र कानून निर्माण

१०.१ कानून निर्माण र व्यवस्था

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाको एकल अधिकार अन्तर्गतका आवश्यक कानून तर्जुमा गर्न सक्ने व्यवस्था छ । कानूनको क्रमबद्धता र delegated authority को मान्यताअनुसार संविधानले कानून निर्माण गर्ने अधिकार दिने ऐनले नियमावली, नियमावलीले कार्यविधि एवं निर्देशिका बनाउने अधिकार प्रदान गरेको हुन्छ । पालिकाले यो वेगर कार्यविधि र निर्देशिका तयार गरिएका छन । पालिकाले दिएको विवरण अनुसार पालिकाले हालसम्म २२ ऐन, ७ नियमावली र ९३ निर्देशिका, मापदण्ड, कार्यविधि तथा नर्म्स बनाएको विवरण पेश गरेको छ ।

ऐन	नियमावली	निर्देशिका, मापदण्ड, कार्यविधि	अन्य	जम्मा
२२	७	९१	२	१२२

१०.२ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष ४६ मुद्दा दर्ता सहित ५८ मुद्दा रहेकोमा भएकोमा ४७ फर्स्योट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

गत वर्षको दायित्व	यो वर्ष थप	जम्मा मुद्दा सख्या	फर्स्योट	फर्स्योट हुन बाँकी
१२	४६	५८	४७	११

११ सम्पत्ति व्यवस्थापन

यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :

(क) सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार

गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको,कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

(ख) सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

(ग) जिन्सी सम्पतिको सुरक्षा : आर्थिक कार्यविधि, तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । महालेखा परीक्षक कार्यालयबाट २०७६/२/१५ मा स्वीकृत सम्पत्तीको सकेत (Chart of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत म.ले.प. फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । महालेखा नियन्त्रकको कार्यालयले २०७७ श्रावण महिना देखि सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रुपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, कर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको, पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पतिहरु कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेको, जिन्सी अभिलेखका लागि तोकिएका म.ले.प. फाराम ४०१ देखि ४१८ सम्म प्रयोग आंसिक रुपमा प्रयोगमा आएको पालिकाको भनाइ रहेको छ । यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन । पालिकाले सवै म.ले.प. फारमहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा खर्चलाई PAMS प्रविष्टी गरी पेश गर्नुपर्दछ ।

(घ) मालसामानको गुणस्तरः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

(ङ) संरचना तथा कार्यालय गाभिएको अवस्थामा सम्पत्ति व्यवस्थापनः- हाल स्थानियतहहरु विगतका गाउँ विकास समितिहरु गाभिएर बनेका हुन । त्यसै गरी आधारभुत प्राथमिक र माध्यमिक विद्यालयहरुको विद्यार्थी शिक्षक अनुपात घटी भएको अवस्थामा एक अर्कामा गाभिने व्यवस्था छ। त्यसै गरी अन्य किसिमका निर्मित संरचना विगतमा साविकका जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय एवं अन्य संघ संस्थाले सार्वजनिक भनी निर्माण गरेका विद्यालय, कार्यालय लगायतका सार्वजनिक प्रयोजनका भवन, फर्निचर तथा अन्य मेसिनरी औजार लगायतका सामाग्री उक्त भवनहरु लगायतका संरचना विस्थापन गर्दा भत्काउँदा वा तोकिएको वाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न दिँदा भौतिक रुपमा नष्ट गरिएको अवस्थामा पुन प्रयोग गर्ने सकिने प्रकृतिका मालसामान तथा मेसिनरी औजारहरुको लगत राख्ने, अर्को स्थानमा प्रयोग गरेको भए सो स्थानको निर्माण लागतमा परेको प्रभाव विश्लेषण गर्ने, अनुगमन गरी मूल्याङ्कन सहितको प्रतिवेदन तयार गर्नुपर्नेमा पालिकाले त्यसको अभिलेख राखेको र प्रतिवेदन तयार गरेको छैन । यसले गर्दा

सार्वजनिक खर्चबाट निर्मित संरचनाको अवस्था त्यसको प्रयोग एवं भौतिक रुपमा नस्ट गरेको वा भत्काएको र त्यसको सामाग्री अन्य प्रयोजनमा उपयोग भएका छन वा छैनन भनी यकिन गर्न सकिएन ।

१२ **आन्तरिक लेखापरीक्षण**

आन्तरिक लेखापरिक्षण : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३ २(१) मा प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने ब्यवस्था छ । आन्तरिक लेखापरिक्षकले चेक लिष्ट वनाई लेखापरीक्षण गर्ने, लेखापरिक्षणको स्वतन्त्र कायम गर्न लेखाशाखा भन्दा फरक रहि काम गर्ने, लेखापरीक्षणको निर्देशिका एवं आन्तरिक मूल्याकन गरि प्रतिवेदन दिई सुधारका लागि सुझाव सहितको प्रतिवेदन तयार गर्नु पर्नेमा पेश्की बाँकी रकम मात्र बेरुजु उल्लेख गरि प्रतिवेदन जारी भएको छ । साथै आन्तरिक लेखापरिक्षकले प्रत्येक त्रैमासिकमा लेखापरिक्षण गरि चौथो महिना भित्र प्रतिवेदन जारी गरेको समेत छैन । तसर्थ आन्तरिक लेखापरीक्षकको पदपूर्ति भएतापनि पद अनुसारको जिम्मेवारी पुरा गर्न सकेको देखिएन ।

भूक्तानी दिन बाकीको कच्चाबारी :–

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१५) को तलब भत्ता, सरुवा भ्रमण खर्च, घरभाडा, पोषाक, वन्दीको सिदालगायत सम्झौता भएको र अनिवार्य दायित्य भित्रको रकम मात्र भूक्तानी दिन वाँकीको कच्चाबारी प्रमाणित गरेर खर्च लेख्नु पर्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष रु ८९ करोड ६० लाख ९ हजार बजेट विनियोजन गरी वर्षको अन्त सम्म रु ८० करोड २६ लाख ७२ हजार खर्च गरेपछि पनि रु १ करोड ६२ लाख ७२ हजार आ. व. २०८१।८२ को लागि भुक्तानी दिन बाँकीको कच्चाबारी प्रमाणित गरि राखेको छ । जसमध्ये खानेपानी पाइप खरिद रु ५ लाख, पुरानो बसपार्क ढल सरफाई रु. १० हजार, मोक्ष मिडिया प्रा.लि.लाई सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न रु. ९९ हजार समेत रु ६ लाख ९ हजार अनिवार्य र सम्झौता वेगरको रकम (सोझै खरिद गरेको) भुक्तानी दिन वाँकी राखेको उपयुक्त देखिएन ।

१३ **ठेक्का व्यवस्थापन**

पालिकाले यो वर्ष ४६ वटा ठेक्का लगाएकोमा ३९ वटा ठेक्का १० प्रतिशत भन्दा बढी ४७।३२ प्रतिशत सम्म घटीमा प्रतिस्पर्धा भै लागत अनुमान भन्दा घटेको देखिन्छ । तर एउटा ठेक्कामा ०।१२ प्रतिशत मात्र घटीमा काम गराएको विवरण प्राप्त भएको छ । वनदेवि स्कूल मणिचुड सडक निर्माण गर्ने कार्यको लागि सन्भि इन्जिनियरी एण्ड कन्स्टक्सन प्रा लि सँगको ठेक्कामा न्यून प्रतिस्पर्धा भएको उपयुक्त देखिएन ।

१४ **स्रोत सुनिश्चितता नगरी ठेक्का लगाएको**

पालिकाले खर्च गर्दा सम्बन्धित शिर्षकमा बजेट व्यवस्था भए अनुसार मात्र साल बसाली योजना संचालन गर्नु पर्दछ । तर नमुना छनौट गरी परीक्षण गर्दा देहायका योजनामा आवश्यक स्रोत सुनिश्चित नगरी ठेक्का प्रकृया अगाडी बढाएको उपर्युक्त देखिएन । यसले गर्दा उच्चदरमा प्रतिस्पर्धा भै बजेट भन्दा घटी भुक्तानी गरेता पनि ठेक्का लगाउँदा नै प्रतिस्पर्धाको तह निर्धारण नहुने हुँदा बजेट अनुसार मात्र योजना ठेक्का लगाउनु पर्दछ । उदाहरणको लागि देहायमा उल्लेख छ ।

योजनाको नाम	बजेट व्यवस्था भएको रकम	लागत अनुमान रु
फेदिखोला बुर्कमाला चियाबगान कुण्डेश्वर सडक	३००००००	३९९५१०४.७५
गणेशमान स्मृति पार्क	३००००००	३९६७२१८.४५
भाग्योदय मा वि	१००००००००	१०९७२९६५.६२
वडा न ५ कम्पाउण्ड वाल लगाउने र स्केपिङ गर्ने कार्उ	२००००००	३४९९६६०.५०

पालिकाको वडा न ५ सिमलबोट थापाडाँडा मोटरबाटो अन्तर्गत वाल निर्माण गर्ने यो बर्ष रु २० लाख मात्र विनियोजन गरेकोमा पालिकाले रु ३२११८८२।७६ को लागत अनुमान गरी ठेक्का प्रकृया अगाडी बढाएकोमा स्रोत शुनिश्चितता वेगर ठेक्का प्रकृया अगाडी बढाएको उपयुक्त देखिएन ।

१५ चेनेज ड्रइङ्ग डिजाइन बेगर ठेक्का लगाएको-

प्राविधिकले लागत अनुमान तयार पार्दा जिल्ला दरको आधारमा नर्म्स बमोजिम दर विश्लेशण गरी लागत अनुमान तयार गर्नु पर्दछ । यसरी तयार गर्दा निर्माण क्षेत्रको चेनेज खुलाइ ड्रइङ्ग तथा डिजाइन स्वीकृत गरेर सो अनुरुप कार्य गर्न निर्माण व्यवसायीलाई ड्रइङ्ग उपलव्ध गराउनुपर्दछ । पालिकाले ठेक्का न ६ बाट वडा न ८ मा सामुदायिक भवन मणिचुड सडक स्तरउन्तति कार्यका लागि मू अ कर र प्रोभिजनल सम समेत रु ६३४४०६०/४४ मा ठेक्का लगाएको र वडा न ८ को सुकेखोला घिसिङ्गटोल सडक बज्रयोगिनी मानेडाँडा मनिचुड चिसापानी सडकको लागि ठेक्का नं SMO /२०८०/८१/०७ बाट रामा निर्माण सेवासँग मूल्यअभिवृद्धि करसमेत रु १८४२०८३.३३ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ । तर यी दुबै स्थानमा लोकेशन मात्र खुलाएको र चेनेज ड्रइङ्ग डिजाइन बेगर निर्माण कार्य गर्ने सम्झौता गरेको उपर्युक्त देखिएन ।

१६ ठेक्का सम्बन्धी निर्णय र फाइल व्यवस्थापन –

शंखरापुर नगरपालिकाले यो वर्ष ठेक्काबाट मालसामान तथा सेवा खरिद गरेकोमा ठेक्काको फाइलमा बोलपत्र, बिक्री, दर्ता तथा बोलपत्र खोलेको मुचुल्का जस्ता अत्यावश्यक कागजात संलग्न छैन । यसले गर्दा ठेक्का फाइल पूर्ण हुन सकेको देखिएन । इ विडबाट ठेक्का लगाउँदा समेत आधारभूत तहका कागजात संलग्न नगरेको उपयुक्त देखिएन । त्यसैगरी पालिकाले बोलपत्र स्वीकृत गरेको टिप्पणी समेत ठेक्का फाइलमा संलग्न गरेको छैन । लागत अनुमान समेत टिप्पणी उठाइ स्वीकृत गरेको नदेखिदा कार्यालयको निर्णय प्रकृयामा पारदर्शिता समेत देखिएन ।

१७ देउराली धारापानी स्कुलडाँडा पटाप सडक स्तरोन्नती कार्य- ठेक्का न SMO/2080-81/13

१४० मिटरमा RCC संरचनाको सडक र २४० मिटरमा साइड ड्रेन निर्माण गरी सडक स्तरोन्नती गर्नको लागि मु अ कर र कन्टिन्जेन्सी समेत रु १९९८१७०५।१८ लागत अनुमान स्वीकृत भएकोमा ठेक्का प्रकृयाबाट मु अ कर प्रोभिजनल सम समेत रु ११२३५२८३.२० हुनुपर्नेमा पालिकाले सार्वजनिक खरिद नियमावलीको १२ औ संसोधन अनुसार नियम ६५(४)१ घ को प्रावधान अनुसार ५ वटा बोलपत्र स्विकृत भएकोले छैटौँ वोलपत्र स्वीकृत गर्न नमिल्ने प्रावधान अनुसार प्रथम घटीवाला अंसु कन्ट्रक्सनसँग सम्झौता नगरी दोस्रो घटीवाला नारायणटार कन्ट्क्सन प्रा लि ले २०७९/८० को कर चुक्ता प्रमाणपत्र र व्यवसाय दर्ता प्रमाणपत्र नभएको भनी मूल्याङ्कनबाट हटाएकोले तेस्रो घटी कबोल गर्ने मणिचुड कन्ट्रक्सन मूल्यअभिवृद्धि कर र प्रोभिजनल सम समेत रु ११४५९६३१.३६ को बोलपत्र स्वीकृत गरी २०८०/१०/०२ मा २०८१/१/३० भित्र काम सम्पन्न गर्ने गरी सम्झौता भएकोमा समयमा काम सम्पन्न गर्न निजी जग्गाको विवादको कारणले साइट ड्रेन निर्माण गर्न नसकेकोले २०८१/३/१५ सम्म म्याद थप गरेको छ ।

१८ कृष्ण भक्त मार्ग निर्माण- ठेक्का न १७ –१७-२०८०/८१

क. पालिकाको वडा न ३ को कृष्ण भक्त मार्गमा सडक स्तरोन्नती गरी कालोपत्रे गर्ने कार्यको लागि मु अ कर समेत रु १९९९४६३६।२० लागत अनुमान तयार गरेको छ । लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ अनुसार आइटमहरुको परिमाण र दरको योगफलमा वर्कचार्ज स्टाफ खर्च र सानातिना अन्य खर्चमा समावेस गर्नु पर्ने र त्यसको नोट खण्डमा वोलपत्रको अङ्कलाई तुलना गर्दा सो समावेस भएको लागत अनुमान अङ्कलाई लिनुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को बाह्रौ संसोधन ३१ ज मा बोलपत्रदाताको योग्यता आवश्यक पर्ने र २ करोड रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्नु पर्दा बोलपत्रदाताको प्राविधिक र आर्थिक दुई प्रस्ताव अलग अलग लिई प्रतिस्पर्धा गराउनु पर्ने उल्लेख छ । पालिकाले लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीको रकम समावेस नगरेको कारण रु. २ करोड भन्दा घटी लागत अनुमान भै एकल खाम विधिबाट खरिद प्रकृया अगाडी बढाएको छ । यस्तो खरिद कार्य नियमसम्मत देखिएन ।

ख. पालिकाले प्राइम कोट विटुमिन MC 30/70 मेसिनबाट छर्ने र त्यसमाथी Track coat को अधिकतम ०.४० देखि ६० प्रतिशत सम्म मात्र ट्याक कोटको विटुमिन परिमाण निर्धारण गर्नुपर्नेमा ट्याक कोट प्राइम कोट भन्दा ४० प्रतिशत बढी परिमाण राखेको छ । यसले गर्दा परेको प्रभाव यकिन गर्नुपर्दछ । नर्म्स अनुसार मात्र लागत अनुमान तयार गर्नुपर्दछ ।

ग. उक्त कार्यको ठेक्का मूल्याङ्कन प्रकृयाबाट मणिचुड विल्डर्स प्रा.लि. सँग मूल्यअभिवृद्धि कर र पोभिजनल सम समेत रु १३८२५६४८.१३ मा सम्पन्न गर्ने गरी २०८०/१०/३ मा सम्झौता भएकोमा कार्य परिमाण बढेको र प्लम वाल लगाउनु पर्ने भएकोले रु ६७५७९५.३३ भेरिएसन भएको छ । यसरी कुल लागत रकम रु १४५०१४४३.४६ पुगेको छ ।

१९ **न्युन प्रतिस्पर्धा**

पालिकाले २०८०/८१ मा ठेक्का प्रकृयाबाट वस्तु तथा सेवा खरिद गरेकोमा लागत अनुमानको तुलनामा १० प्रतिशतभन्दा बढी विभिन्न दरमा घटी प्रतिस्पर्धा भएता पनि वनदेवि स्कुलदेखी मणीचुड सडक स्तरोन्नती गर्न यो वर्ष रु १५९९५१७.५१ लागत अनुमान तयार भएको मध्ये ठेक्का प्रकृयामा लागत अनुमान रु १३४४४११.७० रहेको छ । यो ठेक्का प्रकृयाबाट शान्भी इन्जिनियरिङ्ग एण्ड कन्ट्रक्सन प्रा लि को एकमात्र बोलपत्र स्वीकृत भएको छ । यसले गर्दा एउटा मात्र वोलपत्रदाता कबोल प्रकृयामा सहभागी भएको र लागत अनुमान भन्दा ०.१२ प्रतिशत मात्र घटीमा प्रतिस्पर्धा भइ काम गराएको छ । ठेक्का फाइलमा प्राविधिक तथा सारभूतताको परीक्षण भएको काजजात संलग्न छैना । तसर्थ सार्वजनिक खरिद नियमावली अनुसार आर्थिक, सामाजिक, व्यावस्थापकिय, प्राविधिक एवं सारभूतताको परीक्षण गर्नु पर्ने देखिन्छ ।

२० **साँखु भुल्भु सडक निर्माण – २०८०/८१/३६**

साँखुबाट भुल्भु जाने बाटो वडा न ७ र ८ को सडक निर्माण सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन् –

क. पालिकाले उक्त सडकको लागि रु ७५ लाख विनियोजन गरेको छ । पालिकाले रु १३९९९५५७.५३ मूल्यअभिवृद्धि कर र प्रोभिजनल समसमेत लागत अनुमान तयार गरेकोमा ठेक्का प्रकृयामा ११ वटा फर्म सहभागी भई सबै भन्दा घटी ४७.२२ प्रतिशत अर्थात मूल्यअभिवृद्धि कर र प्रोभिजनल समबाहेक रु ६४३८८५९ कबोल गर्ने विर्ता कन्ट्क्सनले व्यवसाय दर्ता प्रमाणपत्र पेश नगरेको भनी उक्त बोलपत्रलाइ मिति २०८०/१२/०९ को मूल्याङ्कन समितिको बैठकले Non responsive bid ठहर गरी मुल्याङ्कन प्रकृयामा समावेस गरेको छैन । तर पालिकाले २०८०/१२/२१ मा सो निर्माण व्यवसायीलाइ Self loading concrete mixture भए नभएको र सो प्रयोगको सुनिश्चितता एवं निर्माणाधिन अन्य ठेक्का सम्बन्धमा २०८०/१२/२३ भित्र खुलाउन पत्राचार गरेको छ । यसरी Non responsive bid भै सकेपछि पनि पत्रचार गरेको उपर्युक्त देखिएन ।

ख. पालिकाले दोस्रो घटी कबोल गर्ने ओमकार प्रचण्ड निर्माण सेवाको मूल्यअभिवृद्धि कर र प्रोभिजनल समबाहेक रु ७५६२०२९.९० को बोलपत्र स्विकृत गरी २०८०/२/१ मा २०८१/३/१५ भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको छ । उक्त कार्यको मूल्याङ्कन अनुसार रु ८८८२३२७ खर्च लेख्दा लागत अनुमानमा समावेस नभएको कन्टिन्जेन्सी वापत रु २५८००० कट्टी गरेको छ । यसरी लागत अनुमानमा समावेस नभएको कन्टिन्जेन्सी खर्च लेख्न मिल्ने देखिदैन ।

२१ **नगरपालिका भवन निर्माण-**

नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्न लागत अनुमान रु १९८४४०६०५.१४ रहेकोमा २०७७/११/२१ मा निर्माण व्यवसायी आरोग्य सुबेदी जे भि सँग रु १२४९०५६७४।९८ मा २०७९/१२/३० सम्म काम सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन् ।

क. सम्झौताअनुसारको कार्य २०७९/१२/३० सम्म सम्पन्न नभएकोले कार्यपालिकाको निर्णयबाट २०८०।०९।२९ सम्मको लागि प्रथम पटक कोभिड लगायत समस्या जनाइ म्याद थप भएकोमा सो समयमा समर्त काम सम्पन्न नभएकोले दोस्रो पटक २०८१/३/३० सम्म म्याद थप भएको देखिन्छ । तत्पश्चात् तेस्रो पटक मिति २०८१।१२।३० सम्म म्याद थप गरेको देखिन्छ । यसरी पटक पटक म्याद थप गर्दा समेत निर्माण व्यवसायीलाइ जिम्मेबार बनाएको छैन ।

ख. पेस्की बाँकी : लेखापरिक्षणका क्रममा निर्माण स्थलको अवलोकन गर्दा मिति २०८१।११।०२ सम्म पनि सुपर स्ट्रक्चरको कार्य मात्र सम्पन्न भएको, गाह्रो लगाउने प्लास्टरिङ्ग गर्ने, वरिपरी डाँचीअपा लगाउने, झ्याल ढोका रंग रोगन, स्यानिटेसन, इलेक्रट्रिफीकेसन र फिनिसिङ्ग कार्य गर्ने लगायतको काम बाँकी रहेको छ । पालिकाले निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका कार्यन्वयन नगरेको

कारण समयमा काम सम्पन्न हुन सकेको छैन । निज निर्माण व्यवसायीको नाममा ६० प्रतिशत जति काम सम्पन्न गर्दा समेत रु. १,२२,२९,५०० पेश्की बाँकी रहेको छ ।

हालसम्म मूल्य समायोजन रु १९३६६९७ र रनिङ्ग बिलको रु ४२६५५६५८ र मोविलाइजेसन पेस्की रु ९९२९९५०० गरी रु ५४५२१९५५ भुक्तानी भएको छ ।

२२ कन्टिन्जेन्सी खर्च

(क) ३६-२०८१/३/२३ शंखरापुर नगरपालिकाले पालिका भित्रका विभिन्न योजनाबाट कट्टी गरेको कन्टिन्जेन्सीवापतको रकम रु ५७०५८१ खर्च लेखेको छ । सो मध्ये सलम्बुदेबी आयल स्टोरको मिति २०८१/०३/२३ को विजक न ३८४६ बाट डिजल १०८२ र पेट्रोल ११७४ लिटरको विलबाट रु ३६६४९६। समेत खर्च लेखेको छ । कुन मिति देखि कुन मिति सम्मको इन्धन वापत भुक्तानी भएको हो निवेदन र खर्चको निर्णयबाट खुल्दैन । स्रेस्तासाथ लगबुकसमेत रहेको छैन । पालिकाले यो वर्ष इन्धन खर्च वापत चालु शीर्षकमा रु --- खर्च गरेको र उपत्यका बाहिर जाँदा कार्यक्रमबाट अलग रुपमा इन्धन खर्चसमेत भुक्तानी गर्ने गरे बाट इन्धन खर्च मितव्ययी रुपमा हुन सकेको छैन । तसर्थ यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ । उक्त खर्चको पुष्टि हुने आवश्यक प्रमाण पेस गर्नु पर्ने रु..

(ख) ठेक्का नं ३९ काफलचौर खानेपानी निर्माण गर्दा सम्झौता अनुसार रु २४४५६६६ को मूल्याङ्कन गर्दा थप रु ७३३०० कन्टिन्जेन्सी खर्च उल्लेख गरेको छ । तर लागत अनुमानमा कन्टिन्जेन्सी खर्च उल्लेख गरेको छैन । यसरी लागत अनुमानमा समावेस नभएको कन्टिन्जेन्सी खर्च गर्न मिल्ने देखिदैन ।

प्रमाण पेश नगरेको	३,६६,४९६

२३ ठेक्का न ४४- कुसुमथली ज्येष्ठ नागरिक पारेक निर्माण-

पालिकाको कुसुमथली भन्ने स्थानमा प्राकृतिक पार्क निर्माण गर्न ठेक्का प्रकृयाबाट निर्माण व्यवसायी वि डी जन्मभुमि कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा लिको लागत अनुमान भन्दा १९.३४ प्रतिशत घटी अर्थात रु १०७४९१५.९३ र मु अ कर र प्रोभिजनल सम समेत रु १२६६६५५। मा २०८१/३/२० भित्र सम्पन्न गर्ने गरी २०८१/२/१७ मा सम्झौता भएकोमा उक्त निर्माण सेवाले समयमा काम सम्पन्न गर्न वर्षातको कारण असर गरेककोले म्याद थप गर्ने २०८१/०३/१ को निवेदन अनुसार पालिकाले म्याद थप गरी कार्य सम्पन्न गराएको छ ।

२४ कट्टी दायित्व

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१७७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२५ रोजगार सेवा केन्द्र

२८-२०८१/०३/१८ रोजगार सेवा केन्द्रको सुदृढीकरण, कम्प्युटर फिक्चर्स क्यामरा अन्य विधुतिय उपकरण खरिद बापत ग्रिनल्यान्ड अटो इन्टरप्राइजेजलाइ रु १०६२१० भुक्तानी गरेको छ । संघीय सरकारबाट कार्यक्रम बन्दा कम्प्युटर, फिक्चर्स, क्यामरा तथा अन्य विधुतिय उपकरण भनी औजार उपकरण खरिद गर्न प्राप्त रकम पालिकाले भौ न २० -२०८१/१/२७ बाट १ थान डेक्सटप कम्प्युटर खरिद गरेपछि पनि पुन ग्रिनल्याण्ड अटो इन्टरप्राइजेज बाट २ थान Hero xoom 110.9cc को स्कुटर खरिद वापत नपुग भनी रु १०६२१० भुक्तानी दिइ खर्च लेखेकोले निर्धारित उद्वेश्य भन्दा बाहिर गई खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु १०६२१०

अनियमित भएको	१,०६,२१०

२६ **खुलालटार सुकेखोला घिसिङ्टोल**

२५ २०८१/२/२८ खुलालटार सुकेखोला घिसिङ्टोल बज्रयोगिनि माने डाँडा मणिचुड चिसापानी सडक को रामा निर्माण सेवा सँग रु १७७८१४९.५६ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा ठेक्का विल रु १८२८३१९२३६ कन्टिन्जेन्सी रु ५४५०० समेत रु १८७९११९। खर्च लेखेको छ । जसमा विलको विजक तर्फ रु. १७९९६१९ मात्र रहेकोमा सो मा रु ५४५०० कन्टिन्जेन्सी कट्टी गर्दा रु १८५४११९ खर्च लेख्नु पर्नेमा रु १८७९११९ खर्च लेखेकोले बढी खर्च लेख्न गएको रकम रु २५००० असुल गर्नु पर्ने रु ....

असुल गर्नुपर्ने	२५,०००

२७ **खरिद व्यवस्थापन : यसमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :**

(क) बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ मा बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

(ख) खरिद कारवाही अभिलेख : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

(ग) ठेक्का अभिलेख : सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२८ **कम्प्युटर र फर्निचर खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा

कार्यालयले यो वर्ष प्रतिस्पर्धा नगराई खर्च गरेको छ । यसरी प्याकेज नगरी पटक पटक सोझै खरिद गर्दा प्रतिस्पर्धा सीमित हुन गएको र मुल्य समेत अनियन्त्रित हुने अवस्थामा रहेकोले देहायको खर्च नियमसम्मत नदेखिएको रु ....

गो.भौ.नं.	विवरण	आपुर्तिकर्ता	भुक्तानीरु
२३२।२०८०।१२।१८	ल्यापटपखरिद	श्री आर डिइन्टरप्राइजेज	७२८८५०
२६४।२०८१।१।१३	कम्प्युटरल्यापटप	प्रशान्तइन्टरप्राईजेज एण्ड जनरल सप्लायर्स	४७८२८६
२८९।२०८१।१।२७	कम्प्युटरखरिद	श्री आर डिइन्टरप्राइजेज	९३७९०
(क)जम्मा			१३००९२६
२११।२०८०।१२।५	स्वास्थ्य चौकीमाफर्निचर सामाग्री खरिद	गणपती ट्रेड लिंक	३२४९३१
२८९।२०८१।१।२७	फर्निचर खरिद	आर्नबीईन्टरप्राईजेज	६५८७९०
३९४।२०८१।३।२२	फर्नचिर तथाफर्निसिङ्ग	ज्ञान कन्स्ट्रक्सनएण्ड सप्लायर्स	९४२२३२
(ख) जम्मा			१९२५९५३
कुल जम्मा			३२२६८७९

अनियमित भएको	३२,२६,८७९

२९ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) क मा सार्वजनिक निकायले दशलाख रुपैयाँ सम्मको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सक्ने र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले एउटै प्याकेज बनाएर गर्नुपर्ने कार्य टुक्याएर लागत अनुमानको हाराहारीमा सम्झौता गरी सोझै खरिद गरेको पाइयो । यसरी खरिद ऐन र नियमावलीमा भएको व्यवस्था विपरित विभिन्न निर्माण कार्य प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा पारी निम्न अनुसार सोझै खरिद गरेको उपयुक्त देखिएन ।

भौ.नं.	योजना	निर्माण व्यवसायी	लागत अनुमान	सम्झौता रु	कार्यसम्पन्न रु.	घटी सम्झौता (प्रतिशत)
२७५। २०८१।१। २०	नाइ खोला कल्भर्ट संरक्षण	ग्लोबल ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि.	६९५०४१	६८७४९२	६६९०२७	१.०९
२७९। २०८१।१। २३	थाङ्गसाङ्ग स्वास्थ चौकी पूर्वाधार निर्माण र वडा कार्यलाय भवन ट्रष्ट	श्री माता सरस्वती निर्माण सेवा	९९६५०९	९८७२०३	९७०१८४	०.९३
३९६। २०८१।३। २३	नाङ्ले भारे स्वास्थ्यचौकी र वडा कार्यालय छाना तथा पानी ट्याकी मर्मत	ढाप भोटेचौर निर्माण सेवा	४३६३०६	४३०८५७	४०९०२९	१.२५
३९७। २०८१।३। २३	२ नं. वडा कार्यालय पूर्वाधार निर्माण	अतित कन्स्ट्रक्सन प्रा.लि.	६९९७९३	६९४२७०	६६५७७३	०.७९
४१२। २०८१।३। २४	वडा कार्यालय नजिक ड्रेनमा स्लाब रासख्ने	आकृत निर्माण सेवा	९६३९१२	९५८२८९	७३९९३५	०.५८
४४०। २०८१।३। २४	ईल्लाटोल सार्वजनिक जग्गा संरक्षण	विपु कन्स्ट्रक्सन एण्ड ट्रेडर्स प्रा.लि	२४९६७२	२४४१५७	२४१६७१	२.२१
३९५। २०८१।३। २३	तिनपाने शवदाह गृह निर्माण र बर्कुमाला गोलेटोल गोरुङ्गटोल सडक	रोजी एण्ड रोजिना बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि	९९९७९७	९८८६७१	९८८५१४	१.११
जम्मा			५०४१०३०	४९९०९३९	४६८४१३३	

३० उपभोक्ता समिति मार्फत कार्य

नगरपालिकाले उपभोक्ता समितिमार्फत् कार्य गराएकोमा देखिएका ब्यहोराहरू निम्न रहेका छन् ।

३०.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउँदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । नगरपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समितिमार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख छ । उपभोक्तामार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधि हालसम्म तयार गरेको छैन । सार्वजनिक

खरिद ऐनमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट गर्नुपर्दछ ।

लेखापरीक्षणको क्रममा पेस भएको विवरणअनुसार सङ्घीय र प्रदेश हस्तान्तरित कार्यक्रम समेतको उपभोक्ता समितिहरुसंग सम्झौता गरिएको २६९ योजना तथा कार्यक्रमहरुमा यो वर्ष जम्मा रु. १२ करोड ७६ लाख बजेट बिनियोजन भई भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी परीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

(क) भुक्तानीको सिफारिसः उपभोक्ता समितिहरुमार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटोहरु संलग्न गरेको देखियो । केही योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गरेको देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चात्को काम स्पष्ट देखिने गरि फोटो राख्ने गरेको छैन । सम्बन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागि मात्र सिफारिस गर्ने गरेको देखियो । यसबाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

(ख) जनसहभागिताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्न नपाइने व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वयन गर्दा अधिकाँश योजनामा उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्धि गर्नुपर्दछ ।

(ग) समिति सदस्यता : बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिएन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

(घ) अनुगमन समितिः उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन प्रतिवदनमा उक्त विषयहरु उल्लेख गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

३०.२ उपभोक्ता समिति दर्ता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न योजनामा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु

स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

३०.३ आयोजना हस्तान्तरण :

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार यो बर्ष पालिकाले भवन निर्माण, सडक निर्माण तथा मर्मत जस्ता रु. १२ करोड ७६ लाखका २६९ योजना उपभोक्ता समिति मार्फत गराएकोमा अधिकांश आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितिमार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुँदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समितिमार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३०.४ सार्वजनिक परिक्षणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका अधिकांश कार्यहरू उपभोक्ता समितिमार्फत गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको यकिन हुन सकिएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिता प्रर्बद्धन गर्नुपर्दछ ।

३०.५ उपभोक्ता समितिलाई मुल्य अभिवृद्धि कर

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले उपभोक्ता समितिमार्फत सञ्चालन भएका योजनाहरुको श्रमिक ज्यालामा समेत मुल्य अभिवृद्धि कर जोडी लागत अनुमान तयार गरी सोही अनुसार कार्यसम्पन्न तयार गरि भुक्तानी गरेकोले श्रमिक ज्यालामा भुक्तानी भएको देहायबमोजिमको मुल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु.

गो.भौ.नं.	उपभोक्ता समिति	भुक्तानी भएकोरु.	भुक्तानीहुनुपर्ने रु.	बढी भुक्तानीरु.
२५५।२०८१।१।९	साखुँ खानेपानी उ.स.	२५०१८५	२०७७५४	४२४३१
२६६।२०८१।१।१६	धुल्ला त्वा: उ.स.	१२८१८१	११९९९७	८१८४
३९०।२०८१।३।२२	कभर्ड हल निर्माण उ.स.	१२१८०६	९१८३६	२९९७०
५३।२०८०।४।३२	साखुँ खानेपानी उ.स.	४५४०३८	४१४२९३	३९७४५
३४।२०८०।४।३०	साखुँ पालुवारीविद्यालय पुर्वाधार निर्माण उ.स.	२०६३०४	१५८२४०	४८०६४
१५४।२०८०।१०।१८	उग्र पुस्तकालय उ.स.	४२१८५६	३७७३६३	४४४९३
जम्मा				२१२८८७

असुल गर्नुपर्ने	२,१२,८८७

३०.६ **निर्माण व्यवसायीमार्फत कार्य गराएको :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैँले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायको अभिलेख राखी भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैँले काम नगरी निर्माण व्यवसायीमार्फत काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बराबर निर्माण व्यवसायीहरुको जे.सी.बी. विल र जे.सी.बी. को इन्धन खर्चको बिल राखी भुक्तानी लिने गरेको देखियो । नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयबाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको विजक र इन्धन खर्च राखी भुक्तानी लिने गरेबाट उपभोक्ता समितिले केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले केवल प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि सम्झौता गरेको र निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र उपभोक्ता समितिले काम गर्ने गरेको नियमसम्मत नदेखिएको रु.

भौ.नं.	योजना	लागत अनुमान रु.	कार्यसम्पन्न रु.	उ.स. लाईभुक्तानी रु.	निर्माण व्यवसायी	बिल रकम रु
१५६।२०८०।१०।१९	विविधसडक मर्मत सम्भार वडा नं १	८९५९८८	८०५१७७	७२१९५२	शंकरापुरनिर्माण एण्ड सप्लायर्स प्रा.लि	८०६७६०

अनियमित भएको	७,२१,९५२

३१ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का तथा उपभोक्ता समितिमार्फत निर्माण गराएका योजनाहरुको दीगोपनाको लागि गुणस्तर परीक्षणको व्यवस्था हुनु पर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्री, निर्माण कार्यको आंशिक रुपमा मात्र प्रयोगशाला परीक्षण गर्ने गराउने गरेको पाईयो । यसले गर्दा निर्माण कार्यमा गुणस्तरयुक्त काम भएको आश्वस्त हुन सक्ने अवस्था देखिदैन । नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित् गर्न गुणस्तर परीक्षण हुनु पर्दछ ।

३२ **होमस्टे खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार स्थानिय तहको बजेट तर्जुमा गर्दा स्थानीय तहको कार्यक्षेत्र भित्र पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले स्थानिय तहको कार्यक्षेत्र भन्दा बाहिरका संस्थाका लागि विभिन्न प्रकृतिका सामाग्रीहरु खरिदका लागि बजेट बिनियोजन गरी खर्च लेखेको पाईयो । स्थानीय सरकारको स्रोत अन्य तहका निकायहरुका लागी खर्च गरिने तथा नाफामुलक संस्थाका लागि खर्च गर्ने कार्यले स्थानीय योजना र विकासका लागी स्रोत अभाव हुने देखिन्छ । पालिकाले अन्य संस्थाको लागि आवश्यक सामाग्रीका लागि बजेट बिनियोजन गर्दा संस्थाहरुको भौतिक र वित्तीय अवस्थाको विश्लेषण गरेको देखिदैन । साथै खरिद सामाग्रीको उपयोगको प्रभावकारिता सम्बन्धमा अनुगमन समेत गरेको देखिएन । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले स्थानिय विकासमा प्राथमिकता आधारमा बजेट बिनियोजन नगरी सो बिपरित नाफामुलक संस्था र अन्य तहका निकायहरुको खरिद कार्यका लागि बिनियोजन तथा खर्च गरेको नियमित नदेखिएको रु.

भौ.नं.	योजना	भुक्तानीपाउने	भुक्तानीरु.	कैफियत
१७।२०८०।४।३०	ढक्सानसामुदायिक होमस्टे सोलार हिटर	सनवेसोलार एण्ड इलेक्ट्रोनिक्स टेक्नोलोजी प्रा.लि	७९५५२०	१६ वटा ४४००० का दरले(२० ट्युबको २५० लि क्षमता)
			अनियमित भएको	७,९५,५२०

३३ **झोलुङ्गे पुन निर्माण-**

चिहानपाटी बगरखोला शंखरापुर नगरपालिका नयाँ बस्ती नगरकोट गडगडेखोला झोलुङ्गे पुलको रु. ७४५४३५ भुक्तानी बजेट विनियोजन भएकोमा खर्च गर्दा चिहानपाटी ट्रस ब्रिज निर्माण गरेको भनी चिहानपाटी ट्रस पुल उपभोक्ता समितिलाइ रु ७४५४३५ भुक्तानी गरेको छ । कुल लागत रु. ३६१३८९८ मध्ये २ प्रतिशत उपभोक्ता समिति, १३ प्रतिशत नगरपालिका र ८५ प्रतिशत सङ्घीय सरकार मातहत खर्च गर्ने गरी लागत अनुमान भएको देखिन्छ । यसरी फरक स्थानमा पुल निर्माण गरेको उपयुक्त देखिएन ।

३४ **भाग्योदय माध्यामिक विद्यालय-**

पालिका वडा न ६ अन्तर्गत भाग्योदय माध्यामिक विद्यालयको भवन निर्माण गर्ने कार्यको लागि २०८०/८१ मा स्ट्रकचरको मात्र लागत अनुमान तयार गरेको छ । पूर्ण कार्यको लागत अनुमान गरी बहुवर्षीय स्रोत सुनिश्चितता लिएर मात्र भवन बनाउनु पर्नेमा सो बेगर यो वर्ष रु १०९७२९६६ को लागत अनुमान तयार गरेकोमा रु ६५६२४९४ मा कार्य सम्पन्न गर्ने गरी ठेक्का लगाएको छ । यसरी पूर्ण कार्यको लागत अनुमान नगरी आंशिक कामको मात्र लागत अनुमान र कार्य सम्पन्न देखाइ खर्च लेखेको उपयुक्त देखिएन ।

३५ **परामर्शः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) बमोजिम सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नुपर्ने साथै नर्म्सहरुको प्रयोग गर्दा मितव्ययिता कायम गर्नेतर्फ समेत विचार गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई रु. २१६३८४४ भुक्तानी गरेकोमा देखिएका व्यहोराहरु देहायअनुसार रहेका छन्।

भौ.नं	कार्यको विवरण	परामर्शदाता	लागत अनुमान रु.	सम्झौता रु.	भुक्तानी रु.
५९।२०८०।५।१३	चेण्टन टासी छोड्लिङ गुम्बा डिपिआर	आएसोटेक्ट ईन्जिनियरिङ्ग कन्सल्टेन्टस् प्रा.लि.	१७९४४४	१७४९२४	१७४९२४
३८१।२०८१।३।२१	गडहडे खोलाको IEE	त्रि नेत्र कन्सल्टेन्सी प्रा.लि	४९९६२२	४९६८०४	४९६८०४
३९९।२०८१।३।२३	वडा नं. ४ DPR	पाचँपोखरी कन्सल्टेन्सी एण्ड एड्भर्टाइजिङ्ग	४९८६१४	४९७२००	४९७२००
३८०।२०८१।३।२१	मनमट्टा र सुके खोलाको IEE	पिकासो कन्सल्टेन्सी प्रा.लि	४९९६२२	४९७५५४	४९७५५४
३७९।२०८१।३।२१	सालिनदीको IEE	इन्जिनियरिङ्ग एण्ड प्लिनङ्ग सोलुसन कन्सल्टेन्सी प्रा.लि	४९९६२२	४९७३६२	४९७३६२
जम्मा					२१६३८४४

(क) पालिकाले परामर्श सेवा खरिदको लागत अनुमानको आधार स्पष्ट नभइ बजेटको आधारमा गरेको छ । साथै परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको यकिन गरी भुक्तानी दिनुपर्नेमा विज्ञहरु तथा अन्य कर्मचारीको TIME Sheet वेगर भुक्तानी गरेको देखिएकोले सम्झौता अनुसारका सोही विज्ञहरु तथा संलग्न कर्मचारी फिल्डमा कार्य गरेको यकीन गरी मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्दछ ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी पश्चात् प्रतिष्पर्धी तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ ।

(ग) Inspection report र ड्राफ्ट प्रतिवेदन माथि छलफल भई पालिकाको सुझाव बमोजिम अन्तिम प्रतिवेदन तयार गरेको खुल्ने कागजात स्रेस्तासाथ राखेको देखिएन । विगतमा यस्तो प्रकृतिको कार्य भए नभएको यकिन नगरी परामर्शको कार्य गराउने तर परामर्श बमोजिम अर्को बर्ष सो कार्यलाई मुर्त रूप नगराएको कार्यबाट परामर्श सेवा केवल खर्च गर्ने मनसायले मात्र हुन पुग्दछ । त्यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३६ फरक सिमेन्टको प्रयोग

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर राख्ने र आफैंले समेत काम रेखदेख गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोगबारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । तर पालिकाले देहायको निर्माण कार्यको दर विश्लेषण गर्दा ओ.पि.सी. सिमेन्टको दर रु. ७०० राखी दर विश्लेषण गरेकोमा उपभोक्ताले पि.पि.सि. सिमेन्ट (दर रु. ६००) को प्रयोग गरी सोही अनुसार बिजक पेश तथा सार्वजनिक गरेको देखिएकोले फरक सिमेन्ट प्रयोगको प्रति बोरा रु १०० का दरले देहायको रकम असुल गर्नुपर्ने रु.

भौ.नं.	उपभोक्ता समिति	परिमाण (बोरा)	दर (रु.)	फरक रु. (मु.अ.कर. सहित)
२१५।२०८०।१२।८	थिङ्टोल माने संरक्षण निर्माण उ.स	६८	१००	७६८४
२१९।२०८०।१२।१२	पिपलबोट देखि सागरदेवी जाने बाटो उ.स	१२४	१००	१४०१२
२८२।२०८१।१।२३	परियारटोल खानेपानी ट्याङ्की संरक्षण उ.स	१२५	१००	१४१२५
३४४।२०८१।३।२	नयाँ गाउँ सडक उ.स	१३५	१००	१५२५५
१४।२०८०।४।३०	उग्रतारा मा वि कम्पाउण्ड वाल उ.स	७४	१००	८३६२
जम्मा				५९४३८

असुल गर्नुपर्ने	५९,४३८

३७ **खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा कार्यालयले खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसँग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नुपर्नेमा नगरेको, सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका पालना नगराएको, खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण नगराएको, निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन नगरेको र सम्झौता कार्यान्वयनको आवधिक प्रतिवेदन एक तहमाथिको अधिकारी समक्ष पेश गर्ने कार्य प्रभावकारी रुपमा गरेको देखिएन। तसर्थ यस्तो अवस्थामा सुधार हुनुपर्दछ।

३८ **औषधी खरिद**

औषधी खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

क) लागत अनुमान सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अधिल्ला वर्षहरुमा सोही प्रकृतिको खरीद गर्दा लागेको वास्तविक लागत, स्थानिय बजारमा प्रचलीत दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाइ आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यो वर्ष संघीय सरकारले निशुल्क तोकेको ९८ प्रकारका औषधीको अतिरिक्त १३ प्रकारका थप औषधी पालिका आफैले निशुल्क तोकेको छ । त्यसैगरी १६ प्रकारका सर्जिकल सामान समेत निशुल्क वितरण गर्न खरीद गरेको देखिन्छ । सो समेतको लागि यो वर्ष रु ९७३६५४५।३८ को लागत अनुमान तयार गर्दा पालिकाले ३ वटा उत्पादक र ३ वटा औषधीको खुद्रा विक्रेतासँग दर लिइ लागत अनुमान गरेको छ ।

ख) पालिकाले लागत अनुमान गर्दा आवश्यक परिमाणको विश्लेषण गर्दा विगत वर्षको विरामी संस्था र खपत परिमाण समेत उल्लेख गरी विश्लेषण गरेको छैन । यसले गर्दा खरिद प्रकृयाबाट प्राप्त सम्पूर्ण औषधी उपयोग हुने सम्वन्धमा यकिन गर्न सक्ने अवस्था छैन ।

ग) ठेक्का प्रकृयाबाट ७६.1० प्रतिशत घटी कबोल गर्ने न्यूटन मेडिको कन्सर्नको रु २३००३८७। मूल्यको औषधी खरिद भएकोमा तोकिएको अवधिमा विभिन्न प्रकारका औषधी आपूर्ति नभएकोले च नं १०६० मिति २०८०।१०।१७ को पत्रबाट २११२५ परिमाणको औषधी आपूर्ति नभएको भनि ताकेता गरेको छ । तर सो परिमाणको औषधी प्राप्त भएको यकिन हुने प्रमाण सँकलन छैन । तसर्थ सो परिमाणको औषधी प्राप्त नभएको भए आपूर्तकलाइ जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

३९ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायका योजनामा भुक्तानी गर्दा वास्तविक कार्यसम्पादन भन्दा बढी हुनेगरी निर्माण व्यवसायीलाई भुक्तानी गरेकोले कार्यालयले एकिन गरी असुल गर्नुपर्ने रु.

गो.भौ.नं.	योजना	निर्माण व्यवसायी	लागत अनुमान रु.	सम्झौता रु.	कार्यसम्पन्न रु. (कन्टिन्जेन्सी बाहेक)	भुक्तानी भएको रु.	बढी भुक्तानी रु.
५।२०८०।४।३०	देउराली स्कुलडाडा लागिपटाप सडक निर्माण	श्री नवदुर्गा बिल्डर्स	१५५८४७३५	९८१६८४७	९२३३४९१	९४७८४९१	२४५०००
१३३। २०८०।९।२९	ईटाखेल सडक	कायम कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	४८७१७५५	४०७७३४५	४१४१३६२	४१४१३६२	६४०१७
						असुल गर्नुपर्ने	३,०९,०१७

४० **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले यस वर्ष सफ्ट्रवेयर सञ्चालन वापत रु.४९०००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहायअनुसार छन् ।

भौ.नं.	योजना	निर्माणव्यवसायी	भुक्तानीरु.
३६३।२०८१।३।१९	Hospital managemnet system software	लुनिभा टेकप्रा.लि	४९००००
जम्मा			४९००००

(क) कार्यालयको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले प्रयोग गरेको उल्लेखित प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक सँस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्नेगरि सम्झौता गरेको देखियो। प्रणाली व्यवस्थापनमा समेत पालिकाको पहुँच हुनेगरी सुधार गर्नु पर्दछ ।

(ख) सफ्टवेयरमा तोकिए अनुसार सेक्युटरी प्रोटोकल र सुरक्षण विधि लागू गरी त्यसको अभिलेख म.ले.प. फाराम ९०३ मा राख्नुपर्नेमा सो गरेको देखिएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधिका सम्वन्धमा जोखिम आउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

(ग) प्रणालीमा देखिने खराबि वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था हुनुपर्दछ । पालिकाले यस सम्वन्धमा छुट्टै भरपर्दो व्यवस्था गरेको देखिएन । पालिकाले भरपर्दो वैकल्पिक व्यवस्था सुनिश्चित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४१ **मसलन्द सामग्री खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अधिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानिय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाइ आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको मसलन्द सामग्रीको लागत अनुमान तयार गर्दा उद्योग बाणिज्य संघ शंखरापुर, प्रशान्त इन्टरप्राइजेज, एडी इन्टरप्राइजेज र गणपति ट्रेडर्सको औसत दरलाई आधार मानी लागत अनुमान तयार गरेको छ । तर विगतका बर्षमा प्रतिस्पर्धात्मक रूपमा खरिद गरेको मूल्यलाइ आधार लिएको छैन । यसले गर्दा कतिपय सामग्रीको लागत अनुमान बजार दर भन्दा बढी हुन गएको छ । यस्तो अवस्थामा पालिकाले ६१.७१ प्रतिशत घटीमा ठेक्का प्रकृयाबाट मूल्यअभिवृद्धि कर बाहेक रु १४९८३२० को इसान टेडर्स एण्ड सप्लायर्सको बोलपत्र स्वीकृत गरेको छ । लागत अनुमान नै

नियम अनुसार नहुँदा बढी दरमा प्रतिस्पर्धा भइ घटीमा सामान प्राप्त भएको देखिएको छ । सो अनुसार कार्यालयले १२८-२०८०/०९/१६ मा रु १६९३१७१ भुक्तानी गरेको छ ।

४२ **ठेक्का प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) र नियमावली,, २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउने व्यवस्था रहेको छ । त्यसै गरी सोही ऐन,को दफा २६(६) मा कुनै बोलपत्रदाताले आपासमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने संभावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्ध गर्न सकिने प्रावधान समेत रहेको छ। पालिकाले यस वर्ष देहायबमोजिमका योजना बोलपत्र मार्फत सम्झौता गरी सञ्चालन गरेकोमा लागत अनुमानको तुलनामा न्यूनतम ०.१२ प्रतिशत सम्म घटी कबोल अंकमा ठेक्का सम्झौता भएको देखियो । प्रतिस्पर्धा सीमित नहुने गरी मितव्ययीता र गुणस्तर कायम हुने गरी खरिद सम्झौता गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

क्र.सं.	ठे.नं.	निर्माण व्यवसायीको नाम	कामको विवरण	लागत अनुमान रु. (मु.अ.कर सहित)	सम्झौता रु. (मु.अ.कर र पि.एस सहित)	घटी प्रतिशत
१	२०८०. ८१/१९	मनिचुड निर्माण सेवा	लप्से मानेडाँडा पिङडाँडा मणिचुड सडक	४३९८०७२	३९९६८३३	११.४२
२	२०८०. ८१/३०	सान्भी ईन्जिनियरिङ एन्ड कन्स्ट्रक्सन प्रा.ली.	बनदेवी स्कूल मणिचुड सडक	१५१९१८५	१५५७३६४	०.१२
३	२०८०. ८१/४०	च्छोरोल्पा कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा.ली.	घट्टेखोला बैर महादेव खानेपानी	३६२००९९	२६५८५८०	१२.६९

४३ **मोबाइल खरिद**

बाग्मती प्रदेश, प्रदेश खर्चको मापदण्ड, २०७५ को दफा १७(५) बमोजिम प्रदेश सरकारको मुख्यमन्त्री, मन्त्री, प्रमुख सचिव, प्रदेश सचिव तथा सो सरहका पदाधिकारीलाई एक थान मोबाइल सेट र पोष्पेड सिम कार्ड उपल्बध गराउन सकिनेछ र मोबाइल सेट अधिकतम तीस हजारसम्मको खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले उल्लेखित व्यवस्था बिपरित पालिकाका पदाधिकारीको प्रयोग प्रयोजनार्थ देहायबमोजिमको उच्च मुल्यमा मोबाइल खरिद गरेको देखिएकोले यस्तो खर्च रकम नियमसंगत नदेखिएको रु

भौ.नं.	कार्यक्रम	आपुर्तिकर्ता	भुक्तानी रु
३५३।२०८१।३।१८	मोबाइल खरिद	मोबाइल कलेक्शन सेन्टर	६८०००
१४९।२०८०।१०।१०	मोबाइल खरिद	गणपती ट्रेड लिंक	८८०३३
जम्मा			१५६०३३

अनियमित भएको	१,५६,०३३

४४ **अनसिन आइटम – ठेक्का नं १५**

पालिकाले लागत अनुमान तयार गर्दा जिल्ला दररेट र नर्म्स अनुसार प्रतिइकाइ दर निर्धारण गरी लागत अनुमान गर्नुपर्ने व्यवस्था छ । पहिलेनै जानकारी नहुने प्रकृतिको वीमा, ल्याब टेस्ट, सुचनापाटी लगायतको लागि प्रोभिजनाल सम बापत रकम राखेता पनि अनसिन खर्च भनी कुनै विषय स्पेसिफिक विषय उल्लेख नगरी लागत अनुमान तयार गरेको देखिन्छ । यसले गर्दा लागत अनुमान बढ्न गएको देखिएकोले प्रतिस्पर्धा दर उच्च देखिएता पनि वास्तविक ठेक्का घटी दरमा न्युन हुन जाने देखिन्छ । साथै लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सी खर्चको अनुमान नगरेकोले लागत अनुमान उपर्युक्त देखिएन ।

४५ **चापाकोट लाकुरीबोट कुण्डेश्वर सडक SMO/79/80/96**

कार्यालयले ठे.नं SMO/79/80/96, चापाकोट लाकुरीबोट कुण्डेश्वर सडक कार्यका लागि रु. १७३८४७७९ (मु.अ.कर सहित) को लागत अनुमान तयार गरी वोलपत्र आह्वान गरेकोमा पेश भएका ४ मध्ये सबैभन्दा घटि रकम रु १४६६६२७८ (१०.५९ प्रतिशत घटी) कवोलवाला निर्माण व्यवसायी श्री मनिच्युड विल्डर्स सँग मिति २०८०।१।२९ मा संझौता भएकोमा २०८०।८।२८ मा सम्पन्न भई १४६६३४३२ भुक्तानी देखिन्छ । सम्झौता बमोजिम ९५० मि. लम्बाई र औसत ४.२ मि चौडाई सडकमा पिच गर्ने कार्य रहेकोमा निर्माण व्यवसायीले ९२० मि. लम्बाई र ४.२ मि. चौडाई कार्य सम्पन्न गरी भुक्तानी गरेकोमा कुन स्थानमा कार्य गरेको एकिन हुने गरी चेनेज उल्लेख गरेको छैन । जसले गर्दा विगत वर्षहरुमा सोही सडकमा कार्य गरेको हुन सक्ने र दोहोर समेत पर्न सक्ने देखियो । यसरी निर्माण कार्यको विस्तृत रुपमा चेनेज खुलाएर प्राविधिक मूल्याङ्कन नगरी एक मुष्ठ लम्पसम लम्बाई, चौडाई तथा उचाई उल्लेख गरी प्राविधिक मूल्याकन गरेको हुँदा प्राविधिकबाट फिल्डमा गएर निर्माण कार्यको नापजाँच भएको भनि यकिन गर्न नसकिएकोले चेनेज खुलाई प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,४६,६३,४३२

४६ **साखुँबजार ईटा सोलिङ्ग SMO/79/80/26**

कार्यालयले ठे.नं SMO/79/80/26, साखुँबजार ईटा सोलिङ्ग कार्यका लागि रु. ९९९५७७९ (मु.अ.कर सहित) को लागत अनुमान तयार गरी वोलपत्र आह्वान गरेकोमा पेश भएका ५ बोलपत्रमध्ये सबैभन्दा घटि रकम रु ६४४४३७७ (३५.६७ प्रतिशत घटी) कवोलवाला निर्माण व्यवसायी श्री श्रृजना गौतम कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. सँग मिति २०७९।९।११ मा संझौता भएकोमा २०८०।२।१७ मा कार्यसम्पन्न भई रु. ५७९९९७४ भुक्तानी देखिन्छ । निर्माण व्यवसायी सँग २८८८ बर्ग मि. क्षेत्रमा ईटा सोलिङ्ग गर्ने गरी सम्झौता भएकोमा कार्यालयले २६३५ वर्ग मि. क्षेत्रमा मात्र कार्य गराई कार्यसम्पन्न तयार गरेको देखिन्छ । यस सम्बन्धमा पालिकाले स्थानीय जनताको अवरोधका कारण सम्झौता बमोजिम कार्य गराउन नसकिएको जनाएको छ । यसरी सम्झौता भन्दा ३५.६७ प्रतिशत घटी कबोल गरेकोमा सोको पुर्ण लाभ नलिई पूरै कार्य नगरेको अवस्थामा भेरिएसन समेत नगरी घटीमा कार्यसम्पन्न बनाई रु ५७९९९७४ अन्तिम भुक्तानी दिएकोले रु ६४४४०३ को घटी कार्य भएको नियमसंगत नेदखिएको रु.

अनियमित भएको	६,४४,४०३

४७ **सानागाँउमा ढुंगा सोलिङ्ग - ठेक्का न ३२**

पालिकाले वडा न ९ सानागाँउमा ढुङ्गा सोलिङ्ग गर्ने कार्यका लागि लागत अनुमान रु २१७५६३५ रहेकोमा इ विड मार्फत ठेक्का गर्दा ३३.५५ प्रतिशत घटी अर्थात् रु १४४५७६२। कबोल गर्ने नवदुर्गा विल्डर्स को कर चुक्ता प्रमाणपत्र नक्कली रहेकोले सो निर्माण सेवालाइ कालोसुचिमा राख्ने प्रकृया अगाडी बढाई दोस्रो घटी कबोल गर्ने मालु गोल्मेश्वर निर्माण सेवा को २०.३५ प्रतिशत घटी अर्थात रु १७३२९९७ को बोलपत्र स्वीकृत गरी कार्य अगाडी बढाउँदा रु २८७२३५ थप लागत बढ्न गएको छ । निर्माण व्यवसायी सचेत नहुँदा फर्जी कागजात पेस गरेको देखिन्छ । सो कार्यको मुल्याङ्कन रु १८११७४३।८८ भएको छ । भौचर न ३०५ -२०८१/२/०६ मा रु ११३६८३५ र भौ न ४२५-२०८१/३/२४ मा रु ६७५९०८ गरी रु १८१२७४३ खर्च लेखेको छ । सो को मुल्याङ्कन रकम भन्दा रु १००० बढी भुक्तानी असुल गरी सम्झौता भन्दा रु ७९७४६ बढी भुक्तानी भएको रकम नियमित गर्नुपर्ने रु...

अनियमित भएको	७९,७४६

४८ **समन्वयवेगर योजना सञ्चालन**

खानेपानी योजनाहरु परम्परागत रुपमा सञ्चालन भैरहेको र नागरिकले पानी उपयोग गरिरहेको अवस्था छ । त्यसैगरी पालिकाको कार्यक्षेत्रमा संघीय खानेपानी कार्यलय प्रादेशिक खानेपानी डिभिजन र गैह्र सरकारी सँस्थाहरु समेत कृयाशील रहेका हुन् । पालिकाले पालिका अन्तर्गत योजना संचालनको स्वीकृति र सिफारिस वडा मार्फत लिने दिने समेत गरेको छ । पालिकाले खानेपानी योजना संचालन गर्दा समेत सो अनुरुपमा विभिन्न निकायसँग समन्वय गर्नुपर्नेमा गरेको छैन । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले ठेक्का न ३९ बाट काफलचौर खानेपानी योजना सञ्चालन गरी रु २४४५६६६। र ठेक्का न ४० बाट घट्टेखोला बैर महादेब खानेपानी आयोजना

सञ्चालन गरे वापत रु २४५८६६२ मुल्याङ्कन गरेकोमा सम्बन्धित डिभिजन सँग समन्वय गरेको अभिलेख संलग्न भएको छैन समन्वय वेगर योजना सञ्चालन गरेकोमा दोहोरो परे नपरेको यकिन गर्नु पर्दछ ।

४९ **रित पूर्वक नआएको Non responsive bid भनी मुल्याङ्कनबाट हटाएपछि पनि कालो सूचीमा राखेको –**

पालिकाले ठेक्का आह्वान गर्दा Mandatory documents को रुपमा त्यस्ता काजजात उल्लेख गरेको हुन्छ । अनिवार्य रुपमा पेस गर्नुपर्ने कागजातमा स्ट्याण्डर्ड विड डकुमेन्ट अनुसार नै व्यवसाय दर्ता प्रमाणपत्रलाई आधार लिएको देखिन्छ । पालिकाले देहायका ठेक्कामा सबैभन्दा घटी कबोल गर्ने देहायको निर्माण व्यवसायीलाइ देहाय अनुसारको मूल्याङ्कन समितिको निर्णयबाट Non responsive bid भनी मूल्याङ्कन प्रकृयामा समावेस नगर्ने निर्णय गरेपछि पुन ठेक्का न ३८ को लागि च न २०४३ मिति २०८१/१/३ मा सम्झौता गर्न आउने पत्र पठाएको देखिन्छ । तर ठेक्का न ३६ र ३७ मा व्यवसाय प्रमाणपत्र पेश नगरेको मा बोलपत्र दर्ता हुने आन्तिम मिति भन्दा पछाडि २०८०/११/१६ गते मात्र दर्ता भएकोले Non responsive भएको उल्लेख छ । त्यसपछि पनि Concrete mixture मेशिन प्रयोग गर्ने नगर्ने पत्रचार गरी ठेक्का प्रकृया अगाडी बढाइ सम्झौता गर्न आउने उल्लेख गरी पत्र पठाइ सम्झौता गर्न नआएको भनी धरौटी जफत गरी कालोसूचीमा राख्ने प्रकृया अगाडि बढाइ दोस्रो घटीवालासँग सम्झौता गरेको देखिन्छ । यस्तै ठेक्का न ३९ का छोरोल्पा कन्ट्क्सनले व्यवसाय दर्ता प्रमाणपत्र पेश नगरेको अवस्थामा Non responsive bid मात्र उल्लेख गरी दोस्रो घटी कबोल गर्नेलाइ ठेक्का लगाएकोमा प्रथम घटीवालालाइ कालोसूचीमा राखेको छैन । तर ठेक्का न ३६, ३७ र ३८ मा ठेक्का नं ३९ को निर्माण व्यवसायी सरहको व्यवहार गरेको छैन । तसर्थ निर्माण व्यवसायीलाइ घटी कबोल गरेको कारण उन्मुक्ति दिने र दोस्रो घटीवालालाई ठेक्का लगाएको छ । यसरी Non responsive bid भनी मूल्याङ्कनमा समावेस नगरेपछि कालो सूचीमा राखेको उपयुक्त देखिएन ।

५० **श्रीकृष्ण सुधामृत भवन निर्माण**

कार्यालयले श्रीकृष्ण सुधामृत भवन निर्माण कार्यका लागि रु. २३६१३८२ (मु.अ.कर सहित) को लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराउने गरी मिति २०८०।९।२३ मा संझौता गरी कार्यसम्पन्न गर्ने अवधि २०८१।१।३० रहेकोमा २०८१।१।२५ मा रु. २३४७५६५ को कार्यसम्पन्न भई रु. १८,८८,८०२ भुक्तानी भएको देखिन्छ । पालिकाले जग देखि प्लिन्थ लेभल सम्मको कामको मात्र लागत अनुमान तयार गरी सोही अनुसारको कार्य गराई कार्यसम्पन्न गरेको देखिन्छ । उक्त योजनाका बाँकी कार्यका लागि पालिकाबाट आ.व. ०८१।८२ मा बजेट बिनियोजन नभएको कार्यालयले जनाएको छ । उक्त निर्माण कार्य बस्ती क्षेत्र भन्दा बाहिर रहेको र आमजनताको सुविधाको लागि उपयोग गर्न सक्ने अवस्थाको समेत देखिदैन । यसरी पालिकाले स्थानीय विकासका प्राथमिकता आधारमा बजेट बिनियोजन नगरी स्थानिय तहको कार्यक्षेत्र भन्दा बाहिरका संस्थाका लागि बिनियोजन तथा खर्च गरेको अनियमित देखिएको रु.

अनियमित भएको	१८,८८,८०२

५१ **धुल्लामाई राख्ने पाटी**

1. ट्रक्रा पारी लागत अनुमान : कार्यालयले धुल्लामाई राख्ने पाटी निर्माण कार्यका लागि रु. ७४२४६३८ (मु.अ.कर सहित) को लागत अनुमान तयार गरी धुन्ला त्वा टोल सुधार समिति मार्फत कार्य गराउने गरी मिति २०८०।६।३० मा संझौता भएकोमा २०८०।९।१२ मा रु. ७४२९२५३ को कार्यसम्पन्न भएको देखिन्छ । निर्माण कार्यका लागि डिपिसि लेभल सम्मको कार्य सहरी विकास तथा भवन कार्यालयबाट भएकोमा पालिकाबाट बाट आ.व २०७९।८० मा भुई तला सम्मको कार्य भएको जानकारी गराएको र यस वर्ष पालिकाबाट पहिलो तल र छानाको कामको लागत अनुमान तयार भई सोही अनुसार सम्झौता भई कार्य गराएको देखिन्छ । भौतिक संरचनाको केही अंशको कार्य अन्य निकायबाट समेत बजेट बिनियोजन भई कार्य सम्पन्न भएको र पालिकाले प्रत्येक वर्ष केही निश्चित अंशको मात्र कार्य गर्ने गरी लागत अनुमान तयार गरी सोही अनुसार कार्य गराएको देखिएकोले आर्थिक बर्ष अनुसारको कुन काम र अन्य निकायबाट भएको कुन काम हो भनि एकिन समेत हुन सक्ने अवस्था देखिएन साथै अन्य निकाय र पालिकाबाट प्रत्येक आर्थिक बर्षमा कार्य गराई भुक्तानी दिएकोले एउटै आईटमको दोहोरो नापी हुन सक्ने जोखिम समेत विद्यमान रहने भएकोले पालिकाको यस सम्बन्धमा ध्यानाकर्षण हुनुपर्दछ ।

२. जग्गाको स्वामित्व : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा सार्वजनिक निकाय र लाभग्राही समुहले निर्माण स्थलको भ्रमण गरी खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु नहुने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिसंग संरचना निर्माण हुने निर्माण स्थलको जग्गाको स्वामित्व सरकारी तथा सार्वजनिक भएको सम्बन्धमा एकिन गरेको देखिएन । जग्गाको स्वामित्व सम्बन्धमा कागजात माग गर्दा सोको प्रमाण पेश भएन । ऐनमा भएको व्यवस्थाको कार्यान्वियन गरी पालिका अन्तर्गत निर्माण हुने भवन निर्माणको नक्सा पारित गरेर भवन निर्माण कार्य हुनुपर्दछ । पालिकाले संरचना निर्माण गर्ने स्थलको जग्गा सम्बन्धमा मालपोत तथा नापी कार्यालयसंग समन्वय गरेर निर्माण कार्यको सम्झौता गर्नुपर्दछ ।

५२ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसार गरिनु पर्दछ । पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष रु. १२३७८०२६७ खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

१. एम.आइ.एस प्रणालिमा प्रतिवेदनः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

२. पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम, दर्ता तथा नवीकरण प्रकृया भत्ताको दर, प्राप्त हुने बैंक लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था गैरसरकारी संस्था सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लेखत कार्यहरु भएको पाइएन ।

३. भत्ता वितरणको अनुगमनः सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयाको अनुगमन मुल्यांकन गरी पृष्ठपोषण लिएको अभिलेख राखेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

४. निष्क्रिय खाता : पालिकाले सामाजिक सुरक्षा वितरण गर्ने बैंकहरूबाट निष्क्रिय खाताको विवरण माग गरी फिर्ता गराउनु पर्दछ ।

५३ **अनुगमन भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा अनुसूची - १ बमोजिमको सुविधा पाउने उल्लेख छ । त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकत्तम मानि सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । पालिकाको आफ्नो कार्य क्षेत्रभित्र संचालित योजना तथा कार्यक्रमको अनुगमन गरी आवश्यक निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्य क्षेत्रभित्र पर्दछ । पालिकाले अनुगमन प्रयोजनका लागि धेरै कर्मचारी गएर अनुगमन भत्ता बुझेको देखिन्छ साथै पदाधिकारी तथा कर्मचारीले अनुगमन मूल्याङ्कन गरी पृष्ठपोषण लिएको अभिलेख राखेको देखिदैन । नमुना छनौट गरी परीक्षण गर्दा पालिका क्षेत्रमा

सञ्चालित विभिन्न योजनाहरुको अनुगमन कार्य गरेवापत निम्न भौचर नंबरबाट विभिन्न ७१ पदाधिकारी तथा कर्मचारीको अनुगमन भत्ता भुक्तानी गर्न मिल्ने कानुनी आधार नदेखिएकोले यस्तो खर्च नियमसम्मत नदेखिएको रु ....

भौचर नं र मिति	दर	कर्मचारी तथा पदाधिकारी संख्या	जम्मा रकम	कर कट्टी पछिको रु.
३५३।२०८१।३।१८	१०००	२०	५४०००	४५९००
३५३।२०८१।३।१८	१५००	१०	१३६५००	११६०२५
११४।२०८०।९।११	१०००	९	१९०००	१६१५०
११४।२०८०।९।१२	१५००	६	४२०००	३५७००
१७।२०८१।२।०८	१५००	१४	६६०००	५६१००
८३।२०८०।६।२६	१०००	५	७०००	५९५०
८३।२०८०।६।२६	१५००	७	४३५००	३६९७५
कुल जम्मा		७१	३६८०००	३१२८००

अनियमित भएको	३,१२,८००

५४ **रेनकोट, छाता र ब्याग खरिद**

(..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **७४१,६१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५५ **स्मार्ट बोर्ड खरिद**

(..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **२९७,९८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५६ **सडक बत्ती जडान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ । कार्यालयले गो.भौ.नं. ३९२।२०८१।३।२२ बाट रु. ६७५० का दरले ६५ वटा सडक बत्ती जडानका लागि एल सोल इन्टरनेशनललाई रु. ४९५७८७ भुक्तानी दिएको छ । पालिकाले कोटेशनको माध्यमबाट प्रस्ताव माग गरी सोझै खरिद गरेकोमा सडक बत्ती कुन ठाउँमा जडान भएको हो सो देखिने गरी प्रमाण संलग्न गरेको नदेखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,९५,७८७

५७ **घटी परिमाण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर राख्ने र आफैंले समेत कामको रेखदेख गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । तर पालिकाले देहायको निर्माणमा उपभोक्ताले न्यून परिमाणमा सिमेन्ट खरिद गरी

ल्याएको बिल पेस तथा सार्वजनिक गरेको अवस्थामा समेत बढी सिमेन्ट प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएकोले सिमेन्टको प्रति बोरा रु. ७०० का दरले मूल्य अभिवृद्धि कर सहित देहायको रकम असुल गर्नुपर्ने रु.

गो.भौ.नं.	उपभोक्ता समिति	कार्यसम्पन्न अनुसार परिमाण (बोरा)	बिल अनुसार परिमाण (बोरा)	फरक परिमाण	फरक रु.
३५७।२०८१।३।१८	राम मन्दिर गोरेटो बाटो निर्माण उ.स.	२५५	२२६	२९	२२९३९
३४४।२०८१।३।२	नयाँ गाउँ सडक निर्माण उ.स.	१५८	१४०	१८	१४२३८
जम्मा					३७१७७
				असुल गर्नुपर्ने	३७,१७७

५८ **वीमा नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रु १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्दा निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने जोखिमसमेतको वीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले अधिकांश निर्माण योजना अन्तर्गत बोलपत्रबाट खरिद गर्दा लागत अनुमान तथा ठेक्काको सम्झौतामा विमाको व्यवस्था गरेको र सम्झौताको शर्त SCC 19.1 अनुसार वीमाको प्रावधान राखेकोमा अधिकांश निर्माण कार्यका निर्माण व्यवसायीले वीमा गराएको छैन । खरिद सम्झौताको शर्तमा अनुसार निर्माण कार्यको वीमा गर्दै भविश्यको जोखिम न्यूनीकरणतर्फ ध्यान दिनुपर्दछ ।

भौ.नं.	योजना	निर्माण व्यवसायी	लागत अनुमान रु.	सम्झौता रु.	कार्यसम्पन्न रु.
Smo/080/81/22	भद्रेआहाल पन्चपाले सडक	बि टु कन्स्ट्क्सन	३९९४५६८	२४७३३४३	२४३०२१०
Smo/079/80/97	कृष्णभक्त मार्ग स्तरोन्नती	मणिचुड विल्डर्स	४४९८७१४	२९९०३९०	२८२३४२८
Smo/079/80/64	महादेवस्थान कोलागल बाटो	गाउँले कन्स्ट्रक्सन प्रा.लि	४९९८४९७	३३६१५०४	३३६००९१

५९ **कृषि यान्त्रीकरण तथा मेशिनरी**

पालिकाको कृषि यन्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७९ को दफा ४ अनुसार कृषि अनुदान हस्तान्तरणको लागि प्राप्त प्रस्तावहरु छनौट गर्न अनुगमन समितिले मुल्यांकन आधार बमोजिम मुल्यांकन गरी अनुदान वितरण गर्ने व्यवस्था उल्लेख छ । कार्यालयले कृषि यन्त्रिकरण तथा मेशिनरी कार्यक्रमका लागि रु. १० लाख बजेट विनियोजन गरी यस वर्ष १८ वटा कृषि समुह/फर्म/ सहकारीलाई कृषि उपकरण प्रदान गरी ६७८११७ खर्च गरेको देखिन्छ । कार्यालयले प्राप्त भएका २४ प्रस्तावलाई कार्यविधिमा उल्लेखित मुल्यांकनको आधार बिना नै १८ वटा फर्मलाई कृषि यन्त्रिकरण तथा मेशिनरी उपलब्ध गराएको अनियमित देखिएको रु.

अनियमित भएको	६,७८,११७

६० **विविध खर्च खाता**

विविधखर्च तर्फ गतवर्ष सम्म रु. १६७१७४८७।– मौज्दात रहेकोमा यो वर्ष रु. ४१५१८०५८।८० प्राप्त भई कूल रु. ५८२३५५४५। ८० पुगेकोमा पालिकाले यो वर्ष रु. १९३१३४६४।७६ खर्च गरि रु ३८९२२०८१।०४ मौज्दात देखाउनु पर्नेमा पालिकाले रु ३९८९२७४५।०४ मौज्दात देखाएको छ । फरक परेको बढी रु. ९७०६६४।– को स्रोत यकिन गरी हिसाब समायोजन विवरण तयार गरेको छैन । साथै पालिकाले विविध आय भनी रु २२०३८०।– शिर्षक नखुलाई आम्दानी बाँधेको र खर्च तर्फ विविध खर्च रु.२२०३८०।– देखाएता पनि कुनै शिर्षक उल्लेख नगरी रु. ५८५५२२।– खर्च देखाएकोले आम्दानी र खर्च यथार्थ परक देखिएन ।

विविध खर्च सम्बन्धमा थप ब्यहोरा निम्न रहेका छन् ।

६०.१ विविध खातातर्फ पालिकाले यो वर्ष प्राप्त रकम भन्दा देहायकका शिर्षकमा वढी खर्च गरका दखिएकोले आम्दानी भन्दा वढी खर्च हुनुका कारण खुलेको प्रमाण पेश हुनु पर्दछ । त्यसै गरी देहाय अनुसार आम्दानी भन्दा घटी खर्च भएकोमा सम्वन्धीत निकायमा फिर्ता पठाउनु पर्ने नपर्ने एकिन गरी फिर्ता गर्नु पर्ने रु ५४७१२८१

शिर्षकको नाम	यो वर्षको आय	यो वर्ष खर्च	घटी । वढी
नेपाल विद्युत प्राधिकरण	४१०१५२०।१२	७२९४९३६।१२	(३१९३४१६)
सडक बोर्ड अनुगमन	९८९०५२९।–	७६१२६६४।–	२२७७८६५
			५४७१२८१

प्रमाण पेश नगरेको	५४,७१,२८१

६०.२ पालिकाले आन्तरिक आयमा आम्दानी जनाउनु पर्ने एमबुलेन्स कोषको रु.२८८३००।–, संघीय सशर्त तफर्को आइटी तर्फको खर्च नभएको पारिश्रमिक रु.७८००५।– र सामाजिक सुरक्षातर्फ खर्च नभएको रकम रु.१४८८४५।– गरी जम्मा रु ५१५१५०।– विविध खर्च खातामा जम्मा गरेकोमा खसम्बन्धित खातामा दाखिला गर्नु पर्ने देखिएको रु. ५१५१५०।–

प्रमाण पेश नगरेको	५,१५,१५०

६१ **सोलार बत्ती खरिद-**

क. ३७-२०८१/३/२४ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ अनुसार माल सामानको लागत अनुमान गर्दा सार्वजनिक निकायले चालु वा अधिक बर्षमा गरेको समान प्रकृतिको खरिद वा अन्य सार्वजनिक निकायले खरिद गर्दा लागेको खर्च बजार दरभाउ उद्योग बाणिज्य सङ्घबाट प्रकाशन भएको दर आदिलाई आधार लिनुपर्ने व्यवस्था छ । तर शंखरापुर नगरपालिकाले यो वर्ष ७ वटा सडक सौर्य बत्ती जडान गर्न रु ७९९११६.१५ लागत अनुमान तयार गरेकोमा लागत अनुमानको आधार उल्लेख छैन । यसरी आधार वेगर लागत अनुमान तयार गरेको उपयुक्त देखिएन ।

ख. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले आर्थिक वर्ष २०७९/८० को लागि १०० वाटको सोलार बत्तीको दर रु ९०००० भन्दा घटी राखेकोमा पालिकाले सो दरलाइ समेत आधार लिएको छैन । तसर्थ पालिकाले औसत रु १११९८२.१४ का दरले सोलार लाइट जडान गरेको देखिन्छ । यसप्रकार सोझै खरिद गरेकोमा लागत उपयुक्त देखिएन । साथै खरिद गरेका सामानको गुणस्तर परीक्षण समेत नभएकोले सो समेत यकिन गर्नुपर्दछ ।

६२ **घट्टेखोला बैर महादेब खानेपानी आयोजना - ठेक्का न ४०**

घट्टेखोला बैर महादेब खानेपानी आयोजनाका लागि कुल ४५०० मिटर पाइप खरिद गरी सोही अनुसार लेइङ्ग र जोइनिङ्ग गर्ने भनी लागत अनुमान गरेकोमा पाइप लाइन डिस्ट्रिव्युसन तर्फ ४२०० मि मात्र उल्लेख छ । यसरी ३०० मि पाइप वितरणनै नहुने अवस्थामा लेइङ्ग र जोइन्टिङ्ग गरेको प्रमाण पेस हुनु पर्दछ ।

६३ **फेदि बुर्कमाला भैरबदेब चौकिडाँडा सडक निर्माण - ठेक्का न १२**

क. सार्वजनिक खरिद नियमावलीमा लागत अनुमान र बोलपत्र स्वीकृत गर्ने पदाधिकारीको जिम्मेवारी तोकेको छ । फेदि बुर्कमाला भैरबदेब चौकिडाँडा सडक निर्माण कार्यका लागि कुल लागत अनुमान मूल्यअभिवृद्धि कर र प्रोभिजनल समसमेत रु १९९९३१९.६१ रहेकोमा ठेक्का प्रकृयाबाट सबै भन्दा घटी ३९.१५ प्रतिशत अर्थात रु. १०६६२९९७। कबोल गर्ने रोम कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा

लि को बोलपत्र स्वीकृत गरेको र ठेक्का प्रकृयामार्फत प्रतिस्पर्धी दरमा कबोल गर्ने बोलपत्र दाताको बोलपत्र समेत सामूहिकताको आधारमा टिप्पणी उठाइ स्विकृत गरेको प्रमाण राखेको छैन ।

ख. पालिकाले मिति २०८०/९/१६ मा भएको सम्झौता अनुसार निर्माण व्यवसायी रोम कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि ले २०८१/१/३१ सम्म उक्त कार्य सम्पन्न गर्नु पर्नेमा सडक ढलान टुक्रा टुक्रामा गर्नुपर्ने र एउटा टुक्रामा कार्य गरेपछि सडक बन्द हुने कारणले २०८१/१/७ सम्म ५० प्रतिशतमात्र प्रगति भएकोले २०८१/३/२० सम्म म्याद थप गर्न अनुरोध गरी निवेदन दिएको देखिन्छ । तर सो उपर कुनै निर्णय भएको देखिएन तर पालिकाले उक्त सम्झौताको म्याद थप २०८१/३/१० सम्म स्वीकृत रहेको उल्लेख गरेको छ ।

ग. पालिकाले निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार मूल्यअभिवृद्धि कर समेत रु १२०४९१८६ .६१ कबोल अङ्क अनुसार सम्झौता हुनुपर्नेमा रु १२२४४१८६.६१ सम्झौता अङ्क रहेकोमा रु ७२२१५७.३९ थप गरी रु. १२९६६३४४ खर्च लेखेको छ ।

६४ **वडा न ५ को कम्पाउण्ड वाल निर्माण - ठेक्का न २४**

वडा न ५ को कम्पाउण्ड वाल निर्माण गर्न लागत अनुमान रु ३४९९६६०।५० रहेको छ । सो को लागत अनुमान तयार गर्दा १९.९२ घनमिटर माटो खनेवापत प्रतिघन मिटर रु ७४६.२३ का दरले मानिसले खनेको उल्लेख गरेको र सोही स्थानमा माटोले पुरेवापत ५०.५० घनमिटरको लागत अनुमान गरेको छ । तर माटो खन्ने र पुर्ने दुबै एउटै स्थानमा हुँदा खनेको माटो सोही स्थानमा प्रयोग हुने तर्फ ध्यान दिएको छैन । तसर्थ १९.९२ घन मिटरको कम्तिमा ६० प्रतिशत माटो सोही स्थानमा प्रयोग भएको मान्दा झण्डै १२ घनमिटर को औसत मूल्य ३४३ का दरले हुने रु ४११६ असुल हुनुपर्ने रु..........

असुल गर्नुपर्ने	४,११६

६५ **ठेक्का नं २६ बेशी खेत सीमसार संरक्षण वाल निर्माण**

बेशी खेत सिमसार संरक्षण वाल निर्माण गर्न रु १४४९७७७।७१ को कार्य गर्न सूर्य कन्स्ट्रक्शन प्रा.लि. सँग सम्झौता भएकोमा उक्त खेत व्यक्तिको निजी खेत रहेको र सार्वजनिक स्थानमा सार्वजनिक हितका लागि खर्च गर्नुपर्नेमा व्यक्तिगत जग्गामा सो कार्य गर्नको लागि प्रदेशले बजेट विनियोजन गरी पालिकाले खर्च गरेको नियमसम्मत नदेखिएको रु १४४९७७८

अनियमित भएको	१४,४९,७७८

६६ **प्रदेश पुँजीगत तर्फ**

प्रदेश ससर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदाा अन्तर्गत कुल १५ योजना तथा कार्यक्रमको लागि रु ६ करोड ८० लाख विनियोजन भएकोमा यो वर्ष १३ योजनामा रु ४५६९६९०६ खर्च भएको छ । विनियोजन भएका २ योजना संचालन भएको छैनन । पालिकाले विनियोजनको ६७.२ प्रतिशत मात्र खर्च गरेकोले खर्च गर्नु पर्ने क्षमतामा सुधार गर्नु पर्ने देखिएको छ ।

६७ **पार्क निर्माण - ठेक्का न ४२**

शंखरापुर नगर पालिका वडा नं ५ र ६ कात्तिकेमा कुसुम सामुदायिक वनभित्र कुसुम प्राकृतिक पार्क निर्माण गर्न रु ४०२१८.९६ कन्टिन्जेन्सी समेत रु १५९७१३२.९६ लागत अनुमान गरी ठेक्का प्रकृयाबाट आर खो मगर कन्ट्रक्सन प्रा लि रुकुमसँग मूल्यअभिवृद्धि कर र प्रोभिजनल समसमेत रु ८४०००६ मा कार्य सम्पन्न गर्ने गरी मिति २०८१/०३/०६ मा सम्झौता भएको छ । सम्झौता र कार्यादेश अनुसार निज निर्माण कम्पनीले २०८१/३/२० सम्म काम सम्पन्न गर्नुपर्नेमा डिभिजन वन, काठमाडौँ एवं शिवपुरी नागार्जुन राष्ट्रिय निकुन्जसँग सहमति नलिई वन क्षेत्रमा योजना सञ्चालन गरेको कारण सामान्य फुटपाथ निर्माण गर्ने कार्यको लागि समेत सुरुमा १५ दिनको समय दिएकोमा काम नसकिएको भनी २०८१/०३/०७ को नगरसभाले २०८१/९/३० सम्म अर्थात सुरु सम्झौता भन्दा १२०० प्रतिशत बढी अवधिको म्याद थप गरेको छ । यसरी पालिकाको कोर प्रकृतिको कार्यक्षेत्र भन्दा बाहिर गई विनियोजन र योजना सञ्चालन गरेको उपयुक्त देखिएन ।

६८ **समपूरक अनुदानतर्फ**

सङ्घीय समपुरक तर्फ संघीय सरकारले देहायको योजना सञ्चालन गर्न देहाय अनुसार रकम विनियोजन गरे अनुसार पालिकाले यो वर्ष देहाय अनुसार खर्च गरेको छ । समपूरक अनुदान खर्च गर्ने कार्यविधि अनुसार पालिकाले ५० प्रतिशत लागत ब्यहोर्नुपर्नेमा ब्यहोरेको नदेखिएकोले नपुग रकम संघीय कोषमा दाखिला गर्नुपर्ने देखिएको रु

समपुरक तर्फ						
योजनाको नाम	मूल्याङ्कन रकम	कन्टिन्जेन्सी रकम	कुल खर्च	सङ्घीय/प्रदेश सरकार तर्फ	पालिकाको खर्च ५० प्रतिशत	सङ्घ र प्रदेश तर्फ बढी खर्च भएको रकम
सामुदायिक भवन मणिचुड सडक	६०५३०४४	१८१५९१	६२३४६३५	२०७०७८४	४१६३८५२	
देउराली स्कुलडाँडा पटाप सडक	७६१०९७०	२२८३२९	७८३९२९९	५०००००	२८३९२९९	
जम्मा सङ्घतर्फ	१३६६४०१४	४०९९२०	१४०७३९३५	७०७०७८४	७००३१५१	३३८१६
इन्द्रायणी विहार भुल्भु सडक	१२६६१६०६	३७९८४८	१३०४१४५४	६१२०३०३	६९२११५१	
कृष्णभक्त मार्ग शंखरापुर ३	१३८७७६८४	४१६३३१	१४२९४०१४	५४५६३०७	८८३७७०७	
देउराली स्कुलडाँडा पटाप सडक	१०७२८४३३	३२१८५३	११०५०२८६	५०२३३९०	६०२६८९६	
फेदि बुर्कमाला सडक	११५८९३७८	३४७६८१	११९३७०५९	१००००००	१९३७०५९	
जम्मा प्रदेशतर्फ	४८८५७१०१	१४६५७१३	५०३२२८१४	२६६०००००	२३७२२८१४	१४३८५९३
कुल जम्मा	६२५२१११५	१८७५६३३	६४३९६७४९	३३६७०७८४	३०७२५९६५	**१४७२४०९**

प्रमाण पेश नगरेको	१४,७२,४०९

६९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहायका ब्यहोरा रहेका छन् ।

६९.१ **योजना सञ्चालन**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत नगरपालिकाभित्रका देहायबमोजिमका २२ विभिन्न योजनाहरू सञ्चालन गरी रु ३४,८२,२८० खर्च भएको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिँदैन ।

क्र.सं.	आयोजनाको नाम	वडा नं	कामदार संख्या	रोजगार दिन	बजेट विनियोजन	खर्च
१	नाङले चौकी चौकीभञ्ज्याङ सडक नाकी खन्ने	१	६	३६	२००२२७	१५५५२०
२	सल्ले पाखुरे सिचाई कुलो सरसफाई र माने गहिरो लामाटोल हुदै ओखरवोट सडक नाली खन्ने	१	५	८८	३८६७१९	३१६८००
३	लाकुरीबोट कुण्डेश्वर सडक नाली खन्ने	१	६	६४	३९४५७९	२७६४८०
४	लप्सीचौर मानेडाडा सामुदायिक वनमा टिम्बुरको बोट रोप्नेको लागि सरसफाई र खाडल खन्ने	२	१२	४	३९६००	१५१२०
५	जर्के खोला पटाप सिचाई सरसफाइ	२	४	३२	१०४१०७	९२१६०
६	कोर्पचे सडक सरसफाई , धारापानी चौतारा गोरेटो बाटो मर्मत , डढे आहल देखि घ्लान टोल हुदै न्यौपाने चिहान डाडा सम्मको सडक ड्रेन सरसफाई र चौकी भञ्ज्यङ मुल सडक देखि नेसुर टोल सामुदायिक भवन सम्म ड्रेन तथा गोरेटो बाटो मर्मत	२	१८	२६	२४३४८८	२२७५२०
७	बुर्कुमाला गौरुङटोल सडक खण्डमा बाटो तथा कुलो सरसफाई	४	४	३२	११३१८९	९००००
८	बज्रयोगिनी देखि थाङसाङ हेल्थपोस्टसम्म ड्रेन नाली सरसफाई	४	९	६४	३८४२३५	३१६८००
९	बैरमहादेब हुदै मोक्तान टोल मिलन चोक सडक ड्रेन सरसफाई	४	३	४६	१०६८४८	९९३६०
१०	बर्कमाला हुदै चिया बगान देखि लदन टोल सम्म ड्रेन तथा नाली सरसफाई	४	१७	५५	७५२४९७	६३९३६०
११	नारायण खोलादेखि लम्बुडाडा र राजढलको पसलबाट तेलकोट जाने बाटो नाली सरसफाई	५	६	१२	७२३९९	५९७६०
१२	सिमलको बोटबाट थापा डाडा हुदै पन्चकन्या मन्दिर जाने सडकको नाली ब्यवस्थापन तथा सरसफाई	५	३	४५	१०९५१७	९५७६०
१३	साँखु नगरकोट सडक नाली सरसफाई	५	३	४३	८७६५८	८३५२०
१४	बिशम्भरा राजकूलो र नारायण खोला सिंचाई कूलो सरसफाई तथा मर्मत	५	१०	६०	४५७९०१	३८२३२०
१५	सि टि भि टि देखि कठनचोक सम्म सडकको कूलो सरसफाई	६	४	३६	६९८८८	६५१६०
१६	बिलगोठ चोक देखि असखोला सम्म सरसफाई र मखनत्वाचा देखि धुल्ला माहादेवस्थान सम्मको राजकुलो सरसफाई ”	७	३	२९	८०३९१	५०४००
१७	नाईखोला भन्दा माथि रत्न कपालीको घर संगैकूलो ” र “ रविन्द्र भण्डारीको घर अगाडी देखि कठनचोक हुदै सुकेखोला हुदै मनमता खोला सम्मको कुलो ”	७	४	२६	७६०५६	६८०४०
१८	भुल्बु नाँउपाखा देखि खत्रीगाँउ , कार्कीगाँउ , रानाटोलसम्म सडक तथा गोरेटो बाटो सरसफाई	८	६	४७	२१७०४६	२०३०४०
१९	ईन्द्रायणी गागलफेदी सडक कुलो सरसफाई	९	९	२६	१५८६५०	१२९६००
२०	लाकिला पुखुलाछी सडक ड्रेन सरसफाई	९	९	७	५२१२८	४३५६०
२१	खुलालटार देखि सानागांउ सडक मर्मत तथा सम्भार	९	८	४	२८५१२	२०१६०
२२	वडा कार्यलयबाट चनौटे कूलो सरसफाई	९	९	८	५३१८४	५१८४०
	जम्मा		१५८	७९०	४१८८८१९	३४८२२८०

६९.२ **आयोजनाको छनोट** – प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७० मा कृषि, सहकारी तथा पशु विकास, उर्जा, सिँचाइ तथा नदी नियन्त्रण, खानेपानी तथा सरसफाइ आदि विभिन्न रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु तोकिएका छन् । पालिकाले २०८०।८१ मा १२ वटा रोजगारका आयोजना सञ्चालन गरेकोमा बाटो नाला सरसफाइ तथा मर्मत कार्यमा रु ४३ लाख ४३ हजार खर्च गरेको देखियो । योजनाहरूको दीगोपनामा ध्यान दिइ खर्च गर्नुपर्नेमा पालिकाले कुलो, ड्रेन सरसफाइमा खर्च गरेको देखिन्छ ।

६९.३ **सार्वजनिक सुनुवाइ** – प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो वीमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिकाले आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राही समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । पालिकाले आ. व. २०८०।८१ मा सञ्चालित १२ आयोजनाहरुको सार्वजिनक सुनुवाइ गरेको छैन । निर्देशिकाअनुसार योजनाको प्रभावकारीतासम्बन्धमा सार्वजनिक सुनुवाइ हुनुपर्दछ ।

६९.४ **माटो कटानमा खर्च** - पालिकाबाट प्रधानमन्त्री रोजगारअन्तर्गत २२ वटा योजना सञ्चालन गरेकोमा सबै योजनामा माटो कटान कार्य (Earthwork excavation) को दररेट विश्लेषण गरी प्रति घनमिटर रु ४८० का दरले नापी मूल्याङ्कन गरेकोमा सोही परिमाणको लागि तोकिएको ज्यालामा खर्च भएको छ । सबै योजनाहरूमा माटो खनेको मात्र कार्य देखाई रु ३४ लाख ८६ हजार खर्च गरेको उपयुक्त देखिएन ।

६९.५ **कार्यक्रम फरक पारी खर्च** - अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा नेपाल सरकारले स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नसक्ने तथा सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने प्रावधान गरेको छ । विनियोजित बजेट खर्च गर्दा फरक स्रोत र फरक क्रियाकलापबाट खर्च लेख्नु हुँदैन । सङ्घीय सरकारको सशर्त अनुदानको प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि विनियोजित रकम क्रियाकलाप फरक पारी अन्य शीर्षकमा खर्च लेखेको नियमसम्मत नदेखिएको रु

भौनं	मिति	खर्चको प्रयोजन	भुक्तानी प्राप्त गर्ने	खर्चको स्रोत	खर्च रकम
१५३	२०८१-०३-२०	नागरिक वडापत्र छपाइ	इन्फिनिटी अफिस सपोर्ट	रोजगरी सृजना	८८४२२

अनियमित भएको	८८,४२२

७० **फोहोरमैला व्यवस्थापन खर्च२३२**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७१ **समुदायमा आधारित पुनस्थापना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) अनुसार कुनै पनि सरकारी रकम खर्च गर्नु वा भुक्तानी दिनु अघि सो रकमसँग सम्बन्धित आवश्यक बिल, भरपाइ तथा कागजात संलग्न भए/नभएको र संलग्न कागजातका आधारमा भुक्तानी दिन प्रक्रिया पूरा भए/नभएको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । अपाङ्गता संरक्षण नेपाललाई समुदायमा आधारित कार्यक्रम सञ्चालन गर्नको लागि रु. ३ लाख भुक्तानी दिएको छ । कार्यक्रम सञ्चालन सम्झौताको शर्तअनुसार सो संस्थाको लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले खर्च भएको रकमको उपयोग भएको यकिन हुने अनुगमन र लेखा परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु………………. ३,००,०००

भौनं	मिति	संस्थाको नाम	कार्यक्रम	रकम
२१	२०८१-०३-२२	अपाङ्गता संरक्षण नेपाल	अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनस्थापना सहयोग कार्यक्रम	३,००,०००

प्रमाण पेश नगरेको	३,००,०००

७२ **अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग सदस्यता सहजीकरण ३७१।२०८१।०३।२४**

प्रदेश तथा स्थानीय तहको परराष्ट्र तथा कूटनीतिक मामिलासम्बन्धी निर्देशिका, २०७५ मा प्रदेश तथा स्थानीय तहले परराष्ट्र तथा कूटनीतिक मामिला सम्बन्धमा अवलम्बन गर्नुपर्ने प्रक्रिया उल्लेख गरिएको छ । स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ८ मा स्थानिय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पुर्व स्वीकृति लिई विदेशका कुनै स्थानिय तहसँग भगिनी सम्बन्ध कायम गर्न सक्ने व्यवस्था रहेको छ। सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको स्थानीय तहका पदाधिकारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका २०७५ को दफा ३ मा मनोनयन गर्ने आधार उल्लेख गरेको छ । उक्त निर्देशिकामा मनोनयनको लागि सिफारिस गर्ने, बैदेशिक भ्रमणको निमन्त्रणा अन्य व्यवस्था, राहदानी सम्बन्धी व्यवस्था, भ्रमण खर्च सम्बन्धी व्यवस्था लगयातका व्यवस्था गरेको पाइन्छ । पालिकाले अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग सदस्यता सहजीकरणको लागि मियामी कन्सल्टिङ्ग सर्भिसेस प्रा.लि ६१०१३१२०२ लाई रु विविध कार्यक्रम खर्च अन्तर्गत रु ४९६०७० भुक्तानी दिएको देखिन्छ । साथै उक्त फर्मले पेस गरेको विल सादा कागजमा प्रिन्ट गरेको देखिएकोले सो फर्मले मूल्यअभिवृद्धि कर समायोजन गरेको प्रमाण पेस गर्नुपर्दछ । परराष्ट्र मन्त्रालयबाट जारी भएको निर्देशिका र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी निर्देशिका विपरित बैदेशिक सम्बन्ध स्थापना गर्न खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु ....

गोभौनं	मिति	फर्मको नाम	प्यान नं	वडा नं	जम्मा रकम
३७१	२०८१।०३।२४	मियामी कन्सल्टिङ्ग सर्भिसेस प्रा.लि	६१०१३१२०२	विविध कार्यक्रम खर्च	४९६०७०

अनियमित भएको	४,९६,०७०

७३ **बर्थिङ सेन्टर व्यवस्थापन खर्च २५६।२०८१।०१।३०**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । पालिकाले इन्द्रायणी नगर अस्पतालमा बर्थिङ सेन्टर स्थापना गर्न पार्टिसन लगायतका कार्य गराई नगर अस्पताल बर्थिङ्ग सेन्टर उपभोक्ता समितिलाई रु १० लाख खर्च लेखेकोमा सो कार्य निर्माण व्यवसायी मार्फत नगराई उपभोक्ता समितिमार्फत गराएको पाइयो । इन्द्रायणी नगर अस्पतालको Birthing center व्यवस्थापनको लागि बजेट विनियोजन गरी असार महिनामा उपभोक्ता समिति गठन गरी निर्माण गराएको नियमसम्मत नदेखिएको रु ....

अनियमित भएको	१०,००,०००

७४ **होटेलमा कार्यक्रम सञ्चालन**

अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को बुदा ७.१.५ मा भौतिक रुपमा नै उपस्थित भई तालिम, गोष्ठी गर्नु परेमा उपलब्ध भएसम्म आफ्नै सभाहल वा बैठक कक्ष र उपलब्ध नभएमा सार्वजनिक सभाहल वा बैठक हल प्रयोग गर्नुपर्ने उल्लेख छ । पालिकाले मेलमिलापकर्ता तालिमको लागि रत्नागिरी रिसोर्ट प्रा.लि. लाई रु ८२६३६९ भुक्तानी दिएको देखिन्छ । सम्भव भए सम्म आफ्नै कार्यालयको हलमा वा अन्य सरकारी हलमा कार्यक्रम सञ्चालन गरी खर्चमा मितव्ययीता कायम गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

७५ **बढी दरमा बैठक भत्ताः**

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा गाँउपालिका नगरपालिका उपमहानगरपालिका महानगरपालिका का अध्यक्ष/प्रमुख उपाध्यक्ष/उपप्रमुख वडा अध्यक्ष कार्यपालिका सदस्य वडा सदस्यले अनुसुची १(क) मा उल्लेख

भएबमोजिम सुविधा पाउने व्यवस्था गरेको छ । अनुसुची १क मा नगरपालिका पदाधिकारीले प्रति बैठक रु १००० पाउने व्यवस्था रहेको छ । तर पालिकाले उक्त दर भन्दा बढी दरमा बैठक भत्ता भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

गो भौ नं मिति	नाम	बैठकसंख्या	बुझेकोबैठक दर	पाउनुपर्नेदर	फरक दर	जम्मा	करकट्टीपछी बुझेको
३८-२०८०/६/१८	अर्जुन प्रसाद चौलागाई	५	१५००	१०००	५००	२५००	२१२५
	वेदनारायण दंगाल	१	१५००	१०००	५००	५००	४२५
	रन वहादुर थिङ	१	१५००	१०००	५००	५००	४२५
	शेर गम्भीर थापा	१	१५००	१०००	५००	५००	४२५
	राधाकृष्ण श्रेष्ठ	१	१५००	१०००	५००	५००	४२५
	पोते थिङ	१	१५००	१०००	५००	५००	४२५
	सहदेव श्रेष्ठ	१	१५००	१०००	५००	५००	४२५
	दिपक गौतम	१	१५००	१०००	५००	५००	४२५
	जम्मा						५१००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **२,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **२,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **२,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **२,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **२,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	५,१००

७६ **अनुगमन भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने उल्लेख छ । त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकत्तम मानि सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । पालिकाले २०८०।८१ मा सञ्चालित आधारभुत तहको परिक्षा अनुगमन गरेवापत विभिन्न पदाधिकारी तथा कर्मचारीको अनुगमन खर्च लेखेको छ । अनुगमन गर्ने जिम्मेवारी र अनुगमन गरेको भत्ता सम्बन्धी व्यवस्था कानूनमा उल्लेख छैन । सबै कर्मचारीले अनुगमन भत्ता बुझेको देखिन्छ । यस

प्रकारको अनुगमनका लागि भत्ता भुक्तानि गर्न मिल्ने आधार नदेखिएकोले सो भुक्तानि गर्न मिल्ने आधार पेश गर्ने अन्यथा सम्बन्धितहरुबाट असूल गरी दाखिला गर्नुपर्ने रु...

गो भौ नं मिति	नाम	अनुगमनसंख्या	दर	जम्मारकम	करकट्टीपछीवुझेको रकम
६५-२०८०/६/३०	राधाकृष्ण श्रेष्ठ	२	१०००	२०००	१७००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,७००

७७ **सवारी नविकरण तथा विद्युत महशुल भुक्तानीको जरिवाना**

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २४ मा आफुले सम्पादन गर्ने काम निर्धारित समयमा नै सम्पादन गर्न आफैले पहल गर्ने उत्तरदायित्व जिम्मेवार पदाधिकारीको हुने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ र नियमावली, २०७७ को नियम ३९(११) बमोजिम सरकारी कारोवार गर्दा उचित गुणस्तरको मितव्ययि तथा हानी नोक्सानी नहुने प्रबन्ध मिलाउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले नेपाल विद्युत प्राधिकरणलाई विद्युत महसुलको रकम जरिवाना सहित भुक्तानी गरेको देखिन्छ । समयमै महशुल भुक्तानी नगर्दा ठुलो रकम जरिवाना वापत भुक्तानी गरेको देखिन्छ। जसको केहि उदाहरण निम्नानुसार उल्लेख गरिएको छ ।

गो भौ नं मिति	विवरण	रकम	कैफियत
१०-२०८०/५/१०	विद्युत महशुल जरिवाना	२७९७२	नगर अस्पताल
८४-२०८०/७/२०	विद्युत महशुल जरिवाना	१७६४२	स्वास्थ्य चौकी नाङ्लेभारे
९६-२०८०/८/१७	विद्युत महशुल जरिवाना	३६०९	वडा कार्यालयहरु
	जम्मा	४९२२३	

पालिकाले पानीको विल, विद्युत महसुल तथा सवारी नविकरण जस्ता नियमित तथा अनिवार्य प्रकृतिका भुक्तानी समयमै गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ ।

७८ **कृषिमा अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायत कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान कार्यक्रममार्फत विभिन्न व्यक्ति तथा समूहलाई अनुदान प्रदान गरिएको देखिन्छ । यस्ता कार्यक्रम सङ्घीय, प्रदेश तथा स्थानीय तहको स्रोत साधन समावेश गरी सञ्चालन गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट विभिन्न नीति, कार्यविधि तथा निर्देशिका तर्जुमा गरिएको छ । सो बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण गर्ने वार्षिक कार्यक्रमअनुसार यस वर्ष यस पालिका मार्फत रु. ६ लाख ४० हजारभन्दा बढी खर्च भएको विवरण निम्नानुसार रहेको छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न अनुदान प्राप्त गर्ने कृषकहरूको नाम, ठेगाना, अनुदानको किसिम तथा रकम जस्ता विवरण समावेश वेबसाइटमार्फत सार्वजनिक गर्नु पदर्छ ।

भौ. नं.	मिति	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	कैफियत
६८	२०८०-१२-१२	पिटी तरकारी खेती व्यवसाय	४८५३४३	तरकारी बाली पकेट विकास कार्यक्रम
९६	२०८१-०१-२६	सीता गुरागाई	१,५४,७९०	खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान(धान, गहुँ , मकै)
		जम्मा	६४०१३३	

७९ **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेस गरेपछि धरौटीबापतको रकम फिर्ता दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्न फर्मको धरौटी रकम फिर्ता गर्दा मूल्यअभिवृद्धि कर समायोजनसम्बन्धी प्रमाण संलग्न नगरी भुक्तानी गरेको पाइयो । नियमानुसार सम्बन्धित कर कार्यालयबाट जारी गरिएको मूल्य अभिवृद्धि कर (VAT) समायोजनसम्बन्धी प्रमाणपत्र पेश गर्नुपर्ने रु ....

भौनं	मिति	फर्मको नाम	प्यान नं	जम्मा रकम	कैफियत	नपुग
१०	२०८०।०५।१५	दोर्जेफामु कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	६०९७५००६९	८,६४,६८५	३४,०२,५०४.२४	६,९४,५६०
१५	२०८०।०५।१९	मनिचुड विल्डर्स प्रा लि	६०९८१०६८४	२,७६,२००	३३,४५,७२४.४०	१,०८,९१४
४२	२०८०।०८।१७	बि.टु कन्स्ट्रक्सन	६०९९४४२९९	२,१८,०००	२९,२५,८२४.७४	७१,७०९
४५	२०८०।०८।२८	दोर्जेफामु कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	६०९७५००६९	२२,२००	पुरानै	२२,२००
६६	२०८०।१०।२६	गोल्मा देवी इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि.	६०९६१६३९०	१,१०,३००	११,९४,०३५.०७	५०,५९८
७६	२०८०।११।१८	दोर्जेफामु कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	६०९७५००६९	४,९८,४३३	पुरानै	४,९८,४३३
८१	२०८०।१२।१९	ग्लोबल ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि.	६०६६१२३३१	४४,२००	२,५९,२४३.६१	३१,२३८
८७	२०८१।०१।१३	ब्राइट कुँवर स्लेट जे भी	६१०८६६३६८	११,३३,५००	पत्रमा नखुलेको	११,३३,५००
९२	२०८१।०२।०७	हिम शिखर कन्स्ट्रक्सन	३०१६००३०९	१,१५,७००	५४,४७,८३१.००	२८,८५९
८१	२०८१।०२।०७	हिम शिखर कन्स्ट्रक्सन	३०१६००३०९	१,८५,५५१		०
		जम्मा				२६,४०,०११

प्रमाण पेश नगरेको	२६,४०,०११

८० **अग्रिम कर**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **६७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८१ **१३- २०८०/११/१८ बढी भुक्तानी**

क. फेदि बुर्कमाला चियावगान सडकको निर्माण व्यवसायी अतित कन्ट्रक्सन प्रा लि (६०६५२६५४२) लाइ निजको ठेक्का संग सम्बन्धीत विल अनुसार रु २७४५७१३.५६ भुक्तानी दिनु पर्नेमा रु २७५२४०७ भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु ६६९४ असुल गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्ने रुर ६६९४

ख. फेदि बुर्कमाला चिया वगान सडकको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सी कट्टी नगरेकोमा पालिकाले भुक्तानी दिँदा रु ६९००० कन्टिन्जेन्सी कट्टी गरेको छ । लागत अनुमानमा समावेस नभएको कन्टिन्जेन्सी रकम कट्टी गर्न मिल्ने देखिँदैन ।

असुल गर्नुपर्ने	६,६९४

८२ **ठेक्का न ४५ २०८०-८१ विसम्भरा स्वास्थ्य चौकी निर्माण-**

पालिकाले वडा न ५ मा स्वास्थ्य चौकी निर्माण गर्न २०७९/८० मा विस्तृत परियोजना प्रतिवेदन स्विकृत भएको छ । विस्तृत परियोजना प्रतिवेदन अनुसार उक्त कार्यको कुल लागत रु २०६०६२८१.६१ रहेको देखिन्छ । तर पालिकाले यो बर्ष मु अ कर प्रोभिजनल सम र कन्टिन्जेन्सी ३ प्रतिशत समेत रु १९९९१३२५ को लागत अनुमान गरेको छ । कार्यपालिका बैठकबाट स्रोत सुनिश्चितता गरी ठेक्का प्रकृया अगाडी बढाएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन् ।

क. ठेक्का प्रकृयामा सहभागी १९ बोलपत्र मध्ये ४२.०९ प्रतिशत घटीको चौलागाइ विल्डर्स एण्ड सप्लायर्स प्रा लि को मु अ कर पोभिजनल सम समेत ११३७५१९०।७५ को वोलपत्र स्विकृत भइ २०८२/२/२५ भित्र कार्य सम्पन्न गर्ने गरी २०८१/२/२७ मा

कार्यादेश दिएको छ । उक्त कार्यको ठेक्का लगाउँदा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी ठेक्का लगाउनु पर्नेमा लागत अनुमान २ करोड भित्र कायम गरी ठेक्का लगाएको उपयुक्त देखिएन ।

ख. उक्त भवनको १९९.७६ मि मा प्लिन्थ एरीया सहित भुइतला सो माथि १७.९१२ वर्गमिटर भर्याङ्ग छोप्ने कार्यको लागि मात्र १ करोड ९९ लाख भन्दा बढी लागत अनुमान गरेको देखिन्छ ।

ग. बढी लागत अनुमान – उक्त कार्यको लागि मेसिनको प्रयोग हुने अवस्थामा समेत मानिसबाट काम गराउने भनी देहायअनुसारका आइटममा बढी लागत अनुमान तयार गरेको बढी हुन गएको रकम असुल गर्नुपर्ने रु ....

विवरण	लागतअनुमानकोपरिमाण	इकाइ	भएकोदर	मेशिनप्रयोगगरिहुनुपर्नेदर	बढीदरअनुसारकोरकम
PCC for RCC M20	131.36	Cum	19674..08	16330.94	439155

असुल गर्नुपर्ने	४,३९,१५५

८३ **क्रमागत योजना सञ्चालन**

पालिकाले बहुवर्षीय योजना सञ्चालन गर्दा सो अनुसारका प्रक्रिया पुरा गरी स्रोत सुनिश्चितता गरी सञ्चालन गर्नुपर्दछ । तर बहुवर्षीय योजनाको रूपमा स्वीकृत नगरेको अवस्थामा एक वा तोकिएको आर्थिक वर्षमा कार्य सम्पन्न गर्न नसकेको भनी पालिकाले न्यूनतम ८०५१२ देखि अधिकतम ६८ लाख ५३ हजार मूल्यका ६६ वटा योजनामा गत वर्ष क्रमागत राखी यो वर्ष रु ७ करोड ४१ लाख ६८ हजार खर्च गरेको छ । यसरी समयमा काम नगरी क्रमागत योजना भनी खर्च गरेको उपयुक्त देखिएन ।

८४ **सङ्घीय ससर्ततर्फ**

संघीय सरकारबाट पालिकालाइ ससर्त अनुदानतर्फ ११ , विशेशतर्फ १ र समपुरकतर्फ २ गरी १४ योजना तथा कार्यक्रमको लागि यो वर्ष रु. ५ करोड ८ लाख ८६ हजार विनियोजन भएकोमा १२ योजना तथा कार्यक्रम सञ्चालन गरी रु. २९९७४२८२।५० खर्च लेखेको छ । यसरी विनियोजित बजेटको ५८.९ प्रतिशत मात्र खर्च भएको उपयुक्त देखिएन । सम्पन्न भएका १२ मध्ये २ योजना तथा कार्यक्रममा मात्र शत प्रतिशत प्रगति भएको देखिन्छ ।

८५ **लघु उद्यम विकास कार्यक्रम**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं ३९ मा तालिमबाट उत्पादित सामग्रीको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागीहरूलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण तथा प्रसार प्रचारको लागि कोसेली घर, सौगात गृहमा पठाउने र पठाउादा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाइ सात दिनभित्र भण्डारमा दाखिला गर्नुपर्ने व्यवस्था छ । सामान वा वस्तुको बिक्रीबाट प्राप्त रकम तालिम सम्पन्न भएपछि शाखाले राजस्व खातामा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायअनुसार तालिम सञ्चालन भएकोमा प्रयोग भएको कच्चा पदार्थबाट निर्मित सामग्रीबाट प्राप्त आम्दानी खुलाएकोमा छैन । यस सम्बन्धी यकिन गर्नुपर्दछ।

तालिम कार्यक्रम	मिति	अवधि	सहभागी सङ्ख्या	सहभागी सङ्ख्या
नयाँ लघु उद्यमी सिर्जना तर्फ				
अभिमुखीकरण कार्यक्रम	२०८०-०८-२१	१ दिन	१३ जना	१३ जना
सहभागीतात्मक लेखाजोखा तथा समुह गठन	२०८०-०८-२६	१ दिन	२४ जना	२४ जना
व्यवसाय सचेतना तथा शुरु तालिम र लैगिक सचेचनाा मुलक कार्यक्रम	२०८०/९/१ देख ६ सम्म	६ दिन	२६ जना	२६ जना
काष्ठकला सिप विकास तालिम	२०८०/११/१५ देखि २०८१/१/१३ सम्म	४५ दिन	१७ जना	१७ जना
प्रविधि हस्तातरण		१ दिन	१७ जना	१७ जना
पुराना उद्यमीहरुलाई प्रविधि हस्तातरण		१ दिन	३० जना	३० जना

८६ **स्वास्थ्यतर्फ**

नगरपालिकाको स्वास्थ्यतर्फ देखिएका ब्यहोरा निम्नानुसार रहेका छन् ।

८६.१ **औषधी खरिद तथा व्यवस्थापन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान सोझै खरिद गर्न सकिने तथा वार्षिक दशलाख रुपैयाँभन्दा बढी रकमको औषधीजन्य मालसामान वा उपकरणको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । सो योजना आगामी वर्षको वार्षिक कार्यक्रम तयार गर्न समयमा नै तयार गरी पेस गर्नुपर्ने र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भएपछि सोअनुसार वार्षिक खरिद योजना अद्यावधिक गरी अधिकारप्राप्त अधिकारीले स्वीकृत गरी राख्नुपर्दछ । सो योजनामा औषधिजन्य मालसामान वा उपकरणको विवरण, सोको लागत अनुमान, खरिदको प्याकेज, बोलपत्रसम्बन्धी कागजातको तयारी र स्वीकृति, खरिद प्रक्रियाको समयतालिका, खरिद विधि, माध्यम आदि उल्लेख भएको हुनुपर्दछ । पालिकाले निम्नानुसारको रु. ८७,५०,०३५ को औषधी तथा औषधीजन्य सामग्री पटक पटक खरिद गरेकोमा वार्षिक खरिद योजना तयार गरेको पाइएन । यसले गर्दा आवश्यक्ताको निर्धारण आर्थिक वर्ष अनुसार खपत परिमाण र खरिदबीच सन्तुलन कायम भएको छैन ।

भौनं	मिति	क्रियाकलाप	फर्मको नाम	प्यान नं	जम्मा रकम	कैफियत
२४६	२०८१।०१।२३	निशुल्क वितरणका लागि औषधी सामग्री खरिद	डालिमा मेडिसेल्स	६०४९३३५१३	६,५६,००२	औषधी
२५३	२०८१।०१।२३	आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद	केयर लाईफ सर्जिकल सप्लायर्स	१२७२२८८६८	५०५५४०६	सर्जिकल आइटम
१६७	२०८१-०१-१८	आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद	हनिस्टार सर्जिकल सप्लायर्स	६०७०४९०८२	५६५००	सर्जिकल आइटम
२४५	२०८१-०१-२३	इन्द्रायणी नगर अस्पताल व्यवस्थापन	जयबाबा मेडिसिन सोलुसन प्रा लि	६१०३३५२४२	६,८४,७८०	स्वास्थ्य उपकरण
५७	२०८०-११-१४	आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद	न्युटन मेडिको फर्मा	३०४३७१०८८	१९८००००	
१८०	२०८०-११-१४	आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद	न्युटन मेडिको फर्मा	३०४३७१०८८	३१७३४७	
		जम्मा			८७,५०,०३५	

पालिकाले औषधीजन्य मालसामान तथा उपकरणको परिमाण निर्धारण गर्नको लागि सम्बन्धित स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र लगायत अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट आगामी आर्थिक वर्षको लागि चाहिने प्रत्येक औषधिको नाम र परिमाणको विवरण सङ्कलन गरी सबै स्वास्थ्य संस्थाहरूमा गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा खपत भएको औषधी विवरणको आधारमा आगामी आर्थिक वर्षकोलागि आवश्यक पर्ने परिमाण प्रक्षेपण गरेको पाइएन । औषधीको आवश्यकता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधी, अघिल्लो वर्षमा खपत भएको तथ्याङ्क यकिन गरी सो को आधारमा खरिद गर्नु पर्दछ । खरिद भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए नभएको औषधीको गुणस्तर र म्याद सम्बन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै निकासा गर्दा पहिला खरिद भएको औषधी पहिलानै निकासा (FIFO) गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

८६.२ **हजार्ड भत्ता :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्य तर्फका कर्मचारीहरूको फिल्ड तथा हजार्ड भत्ता शीर्षकमा २०७९ माघ देखी २०८० असार सम्मको रु ४९२५० खर्च लेखेकोमा आर के फास्टफुड लाई रु ४९,२५० खाजा खर्चको भुक्तानी लेखेकोले नियमसम्मत नदेखिएको रु ....

भौनं	मिति	विवरण	रकम	कैफियत
१२	२०८०-०६-३०	०७९ माघ देखी ०८० असार सम्मको फिल्ड तथा हाजार्ड भत्ता	२८०७००	आर के फास्टफुड लाई रु ४९२५० खाजा खर्चको भुक्तानी

अनियमित भएको	४९,२५०

८६.३ **बढी दरमा प्रशिक्षक भत्ता (३७।२०८०-०९-१८)**: बागमती प्रदेशको प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ अनुसार स्रोत व्यक्ति प्रशिक्षकको पारिश्रमिकमा सहायकस्तर/अन्य तालिममा पालिकास्तर कक्षा सञ्चालन वापत रु ६०० र कार्यपत्र वापत ७०० गरी १ घण्टा ३० मिनेटको प्रति सेसन रु १३०० लिन पाउने उल्लेख छ । किटनाशक रोग नियन्त्रण कार्यक्रमको प्रशिक्षण भत्तावापत ज स्वा अ विष्णु प्रसाद चापागाँइलाई बाह्य प्रशिक्षकको रु ३००० का दरले निम्नअनुसार एक सेसनो रकम भुक्तानी गरेकोले तोकेकोभन्दा बढी भुक्तानी भएको रकम कर कट्टी गरी असुल गर्नुपर्ने रु ....

सेसन	भुक्तानी भएको	कर कटाइ भुक्तानी हुनुपर्ने	बढी रकम
१	२५५०	११०५	१४४५

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **१,४४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८६.४ न्यानो झोला : पालिकाले सार्वजनिक खरिद ऐन तथा स्वास्थ्य कार्यक्रम सञ्चालन मार्गदर्शनले तोकेको विधिअनुसार स्वास्थ्य विभाग, परिवार स्वास्थ्य महाशाखाले तोकेको स्पेसिफिकेसनको न्यानो झोला स्थानीय स्तरमा उत्पादन वा न्यानो झोला उत्पादक/वितरकबाट खरिद गरी बर्थिङ सेन्टरमा वितरण गरी सुत्केरी भए पश्चात तुरुन्त नवजात शिशु तथा आमालाई न्यानो नयाँ लुगा लगाउने व्यवस्था मिलाउनु पर्दछ । प्रसुती पश्चात न्यानो झोला वितरण गर्दा अनुसूची ११ बमोजिमको भरपाईको प्रतिलिपि अभिलेखको लागि अनिवार्य रुपमा राख्नु पर्नेछ । न्यानो झोला कार्यक्रम अन्तर्गत ३०० थान न्यानो झोला खरिद गरेकोमा निम्नानुसार देखियो ।

गो.भौ.नं./मिति	फर्मको नाम	न्यानो झोलाको सेट	मूल्य (मुअकरसमेत)
४४।२०८०।१०।०५	गणपती ट्रेड लिंक (६०८२६४०७९)	२००	१७९२७८

(क) न्यानो झोला आपूर्ति भै सकेपछि पालिकाले specification अनुसार गुणस्तार भए नभएको यकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई भुक्तानी दिनुपर्दछ । खरिद गरेकोमा पालिकाबाट गुणस्तर चेकजाँच भएको पाइएन ।

(ख) गत विगत वर्षमा बर्थिङ सेन्टरहरूमा सुत्केरी सेवा लिएको सङ्ख्या तथा स्वास्थ्य संस्थाहरूबाट माग भएको आधारमा न्यानो झोलाको आवश्यकता यकिन गरी सो को आधारमा खरिद गर्नुपर्नेमा पालिकाले २०७९।८० मा १०० संस्थागत सुत्केरी सङ्ख्या रहेकोमा पालिकाले थप २०० थान खरिद गरको पाइयो । खरिद गरी लामो समय भण्डारण गर्दा गुणस्तरमा ह्रास आउन सक्ने हुँदा आवश्यकता पहिचान गरेर मात्र खरिद गर्नुपर्नेमा बढी खरिद भएको कार्य मितव्ययी देखिएन ।

८६.५ सङ्घीय सशर्त बजेटबाट कार्यक्रम सञ्चालन गरी बचत रकम सङ्घीय सञ्चित कोषमा नै फिर्ता गर्नु पर्नेमा CBIMNCI कार्यक्रम (कार्यक्रम समिक्षा, स्थलगत अनुशिक्षण, समता तथा पहुच कार्यक्रम) सम्पन्न पश्चात् खर्च नभई बाँकी रहेको रकम नगरपालिकाको आन्तरिक आय खातामा आम्दानी गरेकोमा सङ्घीय सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु ....

गो.भौ.नं.	मिति	क्रियाकलाप	जम्मा रकम	फिर्ता
१४५	२०८१-०३-२४	CBIMNCI कार्यक्रम (कार्यक्रम समिक्षा , स्थलगत अनुशिक्षण , समता तथा पहुच कार्यक्रम)	२०००००	१२४९५

प्रमाण पेश नगरेको	१२,४९५

८७ आर्थिक सहायता

८७.१ आर्थिक सहायता २३८।०१।१६ रामकृष्ण डंगोल वडा नं ७ को वडा सचिवलाई कलेजो प्रत्यारोपण गर्ने प्रयोजनको लागि कार्यपालिका निर्णयबाट रु ३ लाख सहायता प्रदान गरेको छ। नगरसभाको निर्णयमा नगर प्रमुखले अधिकतम रु. १० हजार मात्र आर्थिक सहायता प्रदान गर्न सक्ने निर्णय गरेको देखिन्छ । स्पष्ट मापदण्ड कार्यविधि तर्जुमा नगरी यस्तो सहायता उपलब्ध गराएको र यस्तो प्रकृतिको सहयोग संघीय सरकारले समेत उपलब्ध गराउनेमा सो यकिन नगरी खर्च लेखेकोले स्वास्थ्य मन्त्रालयबाट त्यस्तो सहयोग नलिएको खुल्ने कागजात पेश गर्नुपर्ने देखिएको रु .

प्रमाण पेश नगरेको	३,००,०००

८७.२ पालिकाले मृगौला प्रत्यारोपण गरेका, डायलायसिस गराईरहेका, क्यानसर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ अनुसार चालु आर्थिक वर्षमा ७४ जना दीर्घ रोगीको उपचार खर्च वापत रु. ३१ लाख खर्च गरेको छ । कार्यविधिको दफा ४ बमोजिम नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा रहेका संस्था वा संगठनबाट रोजगारी/निवृत्तिभरण प्राप्त गरिरहेका वा विदेशी सरकारबाट रोजगारी/पेन्सन प्राप्त गर्ने व्यक्तिहरूलाई मासिक वृत्ति उपलब्ध नगराउने व्यवस्था भएकोमा सो विषयमा यकिन गरेको देखिएन । पालिकाले प्रचलित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

गो.भौ.नं.	मिति	क्रियाकलाप	जम्मा रकम
८२	२०८१-०१-०३	मृगौला तथा घातक रोगीलाइ मासिक ५ हजारका दरले दिइने रकम	२०,४०,०००
१४५	२०८१-०३-१९	मृगौला तथा घातक रोगीलाइ मासिक ५ हजारका दरले दिइने रकम	१०६००००

८८ शिक्षातर्फ

८८.१ **दरवन्दी तथा पदपूर्ति** :आ.व. २०८०।८१ मा शङ्खरापुर नगरपालिकामा ८ माध्यमिक तहका विद्यालयसहित २३ सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । ती विद्यालयहरूमा कार्यरत शिक्षकको विवरण देहायबमोजिम रहेको छ ।

दरबन्दी	स्थायी	राहत/करार	अनुदान	प्रदेश अनुदान	स्थानीय स्रोत	जम्मा
मावि (९-१२)	०	१०	०	०	०	१०
मावि (९-१०)	२४	११	१	१	०	३७
निमावि	१९	१९	५	०	०	४३
प्रावि	८७	२०	०	०	०	१०७
बाल विकास सहजकर्ता	०	२५	०	०	०	२५
विद्यालय कर्मचारी	०	८	०	०	०	८
कार्यालय सहयोगी	०	२५	०	०	०	२५
अन्य	०	०	०	०	०	०
जम्मा	१३०	११८	६	१	०	२५५

पालिकाले उपलब्ध गराएको विवरणअनुसार स्थायी, राहत/करार तर्फ र अनुदानबाट २५५ जना शिक्षक तथा कर्मचारीहरू कार्यरत रहेको देखिन्छ ।

८८.२ **शिक्षक विद्यार्थी अनुपात :** शिक्षा नियमावली, २०५९ को नियमा ७७ अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैतालीस र चालीस हुनु पर्दछ । पालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा शैक्षिक सत्र २०८० मा अध्ययनरत विद्यार्थीहरू तथा कार्यरत शिक्षकहरूको विवरण देहायबमोजिम रहेको छ ।

तह	विद्यालय संख्या	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
प्रारम्भिक बाल विकास	२३	२५	५३७	२१
प्राथमिक तह (१-५)	१०	१०७	१२७२	१२
निमावि (१-८)	५	३८	८४४	२२
मावि (१-१०)	३	३५	५५१	१६
उमावि (१-१२)	५	१०	४९४	४९
प्राविधिक धार	०	०	०	०
		२१५	३६९८	१७

उल्लेखित विवरणअनुसार पालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा कार्यरत प्रावि देखि माविसम्मका शिक्षकको संख्या ४०८ रहेकोमा बाल विकास केन्द्र देखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या जम्मा ११४०९ रहेको छ । शिक्षा नियमावली तथा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले उल्लेख गरेको आधारमा शिक्षक विद्यार्थी अनुपातअनुसार शिक्षक दरबन्दी मिलान गरी शिक्षकहरूको व्यवस्थापन गर्नुपर्दछ ।

८८.३ **प्रति विद्यार्थी लागत -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार विद्यालय शिक्षामा हाल भइरहेको लगानीका आधारमा स्थानीय तहभित्र विद्यालयगत र स्थानीय तहको प्रति विद्यार्थी लागत यकिन गर्नुपर्नेमा नगरपालिकाले सोको अभिलेख राखेको पाइएन । लेखापरीक्षणको लागि उक्त विवरण माग गरिएकोमा नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार आर्थिक वर्ष २०८०।८१ मा

नगरभित्र सञ्चालनमा रहेका २३ सामुदायिक विद्यालयहरूमा जम्मा रु १४,२८,६३,८१० निकासा भएकोमा प्रति विद्यार्थी लागत रु ४१,३३७।– भन्दा बढी रहेको देखिन्छ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तयार गरेको विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका, २०८० अनुसार पालिकाबाट हाल भइरहेका विद्यालयको भौगोलिक अवस्था, जनघनत्व लगायतका आधारमा विद्यालयको तह थपघट, समायोजन/एकीकरण तथा बन्द गर्ने एवं सबै बालबालिकालाइ विद्यालयमा शिक्षामा भर्नाको सुनिश्चितता गर्न वैकल्पिक कार्यक्रम सञ्चालन गर्ने लगायतका आधारमा विद्यालय नक्साङ्कन गर्ने कार्य गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।देहायको तथ्याङ्क अनुसार बजेट बमोजिम शतप्रतिशत खर्च गरेका अंग्रेजी र गणित विषयको शिक्षक अनुदान सञ्चालन तथा व्यवस्थापन अनुदान, कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान, सेनिटरी प्याड, पाठ्यपुस्तक जस्ता अनुदानको वास्तविक खर्च यकिन गर्नुपर्दछ।

विद्यालय संख्या	सङ्घ अनुदान	प्रदेश सरकार	नपा	जम्मा	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
२३	१४४६५४०००	५२२८१०	७६८७०००	१५२८६३८१०	३६९८	४१,३३७

८८.४ **अनुगमन तथा सुपरिवेक्षण** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी सोही अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय, आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन । यस सम्बन्धमा शिक्षा शाखासँग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेता पनि समिति बनाई आलोपालो रुपमा अनुगमन तथा सुपरिवेक्षणको प्रयास भईरहेको जनाएको छ । पालिकाले अनुगमन सम्बन्धी निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

८८.५ **शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को उपक्रियाकलाप (६.७) मा स्थानीय तहले शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षा) को लागि नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत वर्षको खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको, शैक्षिक सूचना व्यवस्थापन प्रणाली भरेको आदि मापदण्ड पूरा गरेका सामुदायिक सिकाइ केन्द्रहरूलाई अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले निम्न सामुदायिक सिकाइ केन्द्र तथा अनौपचारिक विद्यालयहरूमा रु १६४८०१० अनुदान दिएकोमा ती संस्थाहरूको वित्तीय गतिविधि, आम्दानी तथा खर्चको सम्पूर्ण विवरण देखिने गरी वित्तीय लेखापरीक्षण र सेवा प्रवाह तथा कार्यक्रम कार्यान्वयन देखिने गरी सामाजिक परीक्षण गराएको प्रमाण पेस हुनुपर्ने रु ....

भौ.नं.	मिति	सिकाइ केन्द्रको नाम	जम्मा रकम	कैफियत
९	२०८०-०६-१६	जनकल्याण सामुदायिक सिकाइ केन्द्र	४००००	
४१	२०८०-१०-०३	जनकल्याण सामुदायिक सिकाइ केन्द्र	१३००००	१००००० (३०००० पारिश्रमिक)
१४४	२०८१-०३-१८	जनकल्याण सामुदायिक सिकाइ केन्द्र	६००००	
२६६	२०८०-१२-२१	जनकल्याण सामुदायिक सिकाइ केन्द्र	४९९०००	पुर्वाधार विकास
		जम्मा	७२९०००	
९	२०८०-०६-१६	नाङ्लेभारे सामुदायिक सिकाइ केन्द्र	४००००	
७८	२०८१-०१-०२	नाङ्लेभारे सामुदायिक सिकाइ केन्द्र	६००००	पारिश्रमिक
१५३	२०८१-०३-२०	नाङ्लेभारे सामुदायिक सिकाइ केन्द्र	१२६४००	अभिभावक शिक्षा कार्यक्रम
		जम्मा	२२६४००	
९	२०८०-०६-१६	बज्रयोगिनि सामुदायिक अध्ययन केन्द्र	४००००	
१४४	२०८१-०३-१८	बज्रयोगिनि सामुदायिक अध्ययन केन्द्र	७७६६६	
७८	२०८१-०१-०२	बज्रयोगिनी सामुदायिक सिकाइ केन्द्र	९२९४४	सिलाई बुनाइ
		जम्मा	२१०६१०	
१४४	२०८१-०३-१८	पलान्चोक भगवति महिला विद्यालय	२४१०००	
१२६	२०८१-०२-३१	सक्क महिला विद्यालय	२४१०००	अनौपचारिक प्रौढ विद्यालय सञ्चालन अनुदान
		कुल जम्मा	१६४८०१०	

प्रमाण पेश नगरेको	१६,४८,०१०

८८.६ **शैक्षिक तथ्याङ्क सत्यापन** : स्थानीय तहका लागि निर्धारण हुने अनुदान विद्यालयबाट भरिने शैक्षिक तथ्याङ्क (IEMIS) मा आधारित हुने र विद्यालयले तथ्याङ्क नभरेका/अद्यावधिक नगरेका कारणबाट स्थानीय तहले पाउने अनुदानमा फरक पर्न जाने भएकाले आफ्नो मातहतका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई IEMIS अनिवार्य रूपले भर्न/अद्यावधिक गर्न लगाउनुपर्दछ । स्थानीय तहले विद्यालयबाट अद्यावधिक गरिएको शैक्षिक शत्र २०८० को तथ्याङ्कको सत्यापन गर्ने र सत्यापन भएको तथ्याङ्कका आधारमा अनुदान निकासा दिने व्यवस्था मिलाउनुपर्नेमा नगरपालिकाको शिक्षा शाखाबाट सत्यापन गर्ने गरेको देखिएन । समयमा नै शैक्षिक तथ्याङ्क सत्यापन गरी त्यसको आधारमा विद्यालयको माग भिडान गरी अनुदान निकासा गर्नुपर्दछ । तथ्याङ्क सत्यापन नगरेको कारण बढी भुक्तानी भए नभएको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

८८.७ **नि:शुल्क पाठ्यपुस्तक** : कार्यक्रम कार्यान्वयन पुस्तिकाअनुसार शैक्षिक तथ्याङ्क (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तहअन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा कक्षा १-१२ सम्मका विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पहिलो पटकमा जम्मा विद्यार्थीको ७५ प्रतिशत रकम मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा नपुग हुने रकम दोस्रोपटक अनुदान दिने व्यवस्था छ । नगरपालिकाले शैक्षिक सत्र २०८१ मा निशुल्क पाठ्यपुस्तक वापतको लागि २३ वटा विद्यालयहरूमा निम्नानुसारको रकम रु. १९६९३१९। निकासा दिएको छ । नगरपालिकाले पाठ्यपुस्तक समयमा उपलब्ध भए नभएको, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई अनुगमन गरेको छैन जसले

गर्दा पाठ्यपुस्तक अनुदान भुक्तानी सम्बन्धमा यकिन हुन सकेन । पालिकाले विद्यालयहरूमा अनुगमन गरी विद्यार्थी सङ्ख्या र विद्यार्थीले प्राप्त गरेको पाठ्यपुस्तकको सन्दर्भमा प्रतिवेदन पेस गर्नुपर्दछ ।

भौनं	मिति	पाठ्यपुस्तक रकम	कैफियत
६९	२०८०।१२।१४	१४६५४९२	७५ प्रतिशत
१०८	२०८१।०२।०६	५०३८२७	नपुग
	जम्मा	१९६९३१९	

८८.८ **दिवा खाजा अनुदान** : कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार दिवा खाजाको व्यवस्थापनका लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यालयहरूमा एकरूपता कायम हुने गरी दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गरी सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ मा उल्लिखित मापदण्डबमोजिम विद्यालयकै सहयोगी कर्मचारीबाट वा अभिभावकहरू विशेषतः आमा समूह बनाएर वा नियमित Canteen बाट वा विद्यालयबाहिरबाट क्याटरिङको व्यवस्था गरेर वा स्थानीय तहले पहिचान गरेको अन्य मोडेलबाट खाजा खुवाउने व्यवस्था गर्नुपर्ने उल्लेख छ । विद्यार्थी संख्याको तथ्याङ्क यकिन गरी राष्ट्रिय स्तरमा देखिने अनुपस्थित दर र विद्यालय छाड्ने दरलाई आधार मानी प्रति विद्यार्थी रु १५ का दरले वार्षिक १८० दिनका लागि दिवा खाजाको रकम निकासा दिनुपर्ने प्रावधान छ । नगरपालिकाबाट १ देखि ५ कक्षा सम्मका विद्यार्थीहरूको लागि रु १५ प्रति विद्यार्थीका दरले सामुदायिक विद्यालयहरूमा निम्नानुसारको दिवा खाजावापतको रकम निकासा दिएको विवरण पेश भएको छ ।

निकासा	भौनं र मिति	विद्यार्थी संख्या	विद्यार्थीको औषत हाजिरी दिन	जम्मा निकासा
प्रथम	१३।२०८०।०७।१२			१३,९०,८०६
दोस्रो	५६।२०८०।११।१०			१३,५३,३४५
तेस्रो	१२३।२०८१।०२।२८			१३,७९,९२५
		१८०५	१५२.३२	४१,२४,०७६

नगरपालिकाबाट कक्षा बाल विकासदेखि ५ कक्षा सम्मका जम्मा विद्यार्थी सङ्ख्या १८०५ को लागि रु १५ प्रति विद्यार्थीका दरले रु ४१,२४,०७६। निकासा दिएको देखिन्छ । विद्यालय खुलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयलको प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण पेस भएपश्चात् मात्र दिवा खाजा वापतको रकम निकासा दिनुपर्दछ । नगरपालिकाबाट दिवा खाजाको सन्दर्भमा अनुगमन गरी प्रतिवेदन तयार गरेको पाइएन ।

८८.९ **बिद्यालयहरूको लेखापरीक्षण** : शिक्षा नियमावली, २०५९ को नियम १७१ मा विद्यालयको व्यवस्थापन समितको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष नगरपालिकाबाट नियुक्त लेखापरीक्षकबाट विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । नगरपालिका अन्तर्गत साधारण धारतर्फ २३ सामुदायिक विद्यालयहरू रहेकोमा आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षण अवधिसम्म कुनै पनि विद्यालयहरूले लेखापरीक्षण गराई प्रतिवेदन दिएको पाइएन । नगरपालिकाबाट अनुदान प्राप्त गर्ने सबै बिद्यालयहरूको समयमै लेखापरीक्षण गराई लेखापरीक्षण प्रतिवेदन पेस गर्न लगाई सो को अनुगमन हुनुपर्दछ ।

८८.१० **निजी विद्यालय व्यवस्थापन** : राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत यकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी

अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन रहेका १५ निजी विद्यालयहरूको शुल्क निर्धारण र सोको कार्यान्वयनको अनुगमन गरेको पाइएन । विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनुर्दछ ।

विद्यालयको किसिम	जम्मा विद्यालय संख्या	कक्षा १-८	कक्षा १-१०	विद्यार्थी संख्या
संस्थागत	१५	३२१४	५१६	३७३०

८८.११ **शैक्षिक गुणस्तर :**कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रूपमा अनुगमन गरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा प्रतिवेदन पठाउने र सोको कार्यान्वियन गरी विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने व्यवस्था छ । शैक्षिक सत्र २०८० मा नगरपालिकाभित्रका माध्यमिक विद्यालयहरूबाट माध्यमिक शिक्षा परीक्षामा सहभागी विद्यार्थी र तिनीहरूको उत्तीर्ण दर देहायबमोजिम रहेको छ ।

विद्यालयको किसिम	विद्यालय सङ्ख्या	जम्मा विद्यार्थी सङ्ख्या	उत्तीर्ण संख्या	उत्तीर्ण दर
सामुदायिक	८	२३२	१५९	६९
संस्थागत	८	२००	१४३	७१.५

नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूबाट माध्यमिक शिक्षा परीक्षामा ६९ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको देखिन्छ । त्यसैगरी संस्थागत विद्यालयका २०० विद्यार्थीको उक्त परीक्षामा १४३ अर्थात् ७१.५ प्रतिशत उत्तीर्ण भएको देखिन्छ । नगरपालिकाले विद्यालयको शैक्षिक गुणस्तरबारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि मापदण्ड निर्धारण गर्नुपर्दछ ।

८८.१२ **निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन (१४३।२०८१.०३.१८)** : सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुँदा ५(४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई सार्वजनिक खरिद नियमानुसार खरिद गरेर त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यवस्था रहेको छ। नगरपालिकाबाट स्यानिटरी प्याड खरिद गरी वितरण गर्नुपर्नेमा निम्नानुसारको रकम सामुदायिक विद्यालयहरूलाई सोझै रकम निकासा दिएको छ ।

क्र.सं.	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम
१	चापाबोट माध्यमिक विद्यालय	७६,३०४.००
२	नविन ग्राम शिक्षा मन्दिर मा.वि.	४५,९९१.००
३	बालज्योती आ.वि.	२१,९५०.००
४	राष्ट्रिय मा.वि.	८४,६६६.००
५	श्री उग्रतारा माध्यामिक विद्यालय	६५,८५२.००
६	श्री कालिका शरण माध्यामिक विद्यालय	१,२१,२५१.००
७	श्री बैर महादेब आधारभुत विद्यालय	१०,४५२.००
८	श्री भगवती मा.वि.	२,६३,४०७.००
९	श्री भाग्योदय माध्यमिक विद्यालय	२,०९,०५३.००
१०	श्री महेन्द्र वाल आधारभुत विद्यालय	१२,५४९.००
११	श्री वनदेबी आधारभुत विद्यालय	२९,२६७.००
१२	श्री शारदा मा.वि.	६१,६७०.००
१३	श्री शिलादेबी आधारभुत विद्यालय	१३,५८८.००

• पालिकाले खरिद नगरी सोझै विद्यालयलाई रकम भुक्तानी गरेको देखिन्छ । विद्यालयहरूबाट खरिद गरिएका प्याडहरूको गुणस्तर प्रमाण अभिलेखको रूपमा राखेको पाइएन ।

• कार्यविधिको बुँदा नं ६(५) बमोजिम विद्यालयले छात्राहरुलाई उपलब्ध गराएको स्यानीटरी प्याडको अभिलेख तथा बुझिलिएको भरपाई राख्नुपर्ने व्यवस्था रहेकोमा विद्यालहरुले छात्राहरुलाई वितरण गरेको अभिलेख तथा भरपाई राखेको पाइएन । पालिकाले विद्यायलयहरूले छात्राहरूलाई वितरण गरेको अभिलेख अनुगमन गरी प्रतिवेदन गर्नुपर्दछ ।

८८.१३ **छात्रबृत्ति** : कार्यक्रम कार्यान्वयन पुस्तिकाअनुसार शैक्षिक तथ्याङ्क (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित सामुदायिक विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरूलाई छात्रा तथा दलित छात्रवृत्तिको रकम अनुदान दिनुपर्ने व्यवस्था छ । नगरपालिकाबाट छात्रा तथा दलित छात्रवृत्ति रकम रु ४,५३,६०० निकासा गरेको देखिएकोले सम्बन्धित विद्यालयहरूबाट विद्यार्थीहरूलाई वितरण गरेको नामनामेसी सहितको विवरण पेस गर्नुपर्दछ ।

छात्रवृत्ति	भौ. नं.	मिति	विद्यालय सङ्ख्या	विद्यार्थी सङ्ख्या	छात्रवृत्ति रकम
गैरआवासीय	१०५	२०८१-०१-३१	२३	११३४	४,५३,६००

८८.१४ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार स्थानीय तहले विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान प्रदान गरेकोमा विद्यालयहरूले प्राप्त अनुदान शैक्षिक क्रियाकलापमा खर्च नगरी विविध र भत्तामा खर्च गरेको देखिन्छ । यस सन्दर्भमा नगरपालिकाले अनुमगन गरेको पाइएन । विद्यालयमा जाने रकमलाई शैक्षिक क्रियाकलापमा खर्च गर्ने सुनिश्चततताको लागि कार्य सम्पादन सम्झौता गरी रकम निकासा दिनुपर्दछ ।

गो.भौ.नं.	मिति	सिकाइ केन्द्रको नाम	जम्मा रकम	कैफियत
५६	२०८०-११-१०	भगवती मा.वि.	३०००००	
१०४	२०८१-०१-३१	श्री कालिका शरण माध्यामिक विद्यालय	१०००००	
११७	२०८१-०२-१७	श्री राष्ट्रिय मावि	१०००००	अधिकांश खर्च विविध र भत्ता शिर्षकमा गरेको

८९ **सुष्मा कोइराला मेमोरियल ट्रष्ट र पालिकाको साझेदारी कार्यक्रम**

पालिका र सुष्मा कोइराला मेमोरियल ट्रष्ट २०७८।०८।१९ को सम्झौता अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट आ.व. २०७८।७९ मा महिला हिंसा वा अन्य कुनै कारणबाट आगोले पोलेका तथा पोलिएर अङ्गभङ्ग भएका र अन्य गरिब तथा विपन्न बिरामीहरूको उपचारमा सहयोग पुयाउनको लागि प्राप्त बजेट रू. ८० लाख अस्पताललाई अनुदान स्वरूप बढीमा २ किस्तामा उपलब्ध गराउने, अनुदान रकमको सर्वाधिक सदुपयोगको लागि आगोले पोलेको सम्बन्धी उपचार तथा अस्पतालले प्रदान गर्ने समग्र सेवा प्रवाहको बारेमा नियमित अनुगमन तथा मार्गदर्शन गर्ने र महिला हिंसा वा अन्य कुनै कारणबाट आगोले पोलेका तथा पोलिएर अङ्गभङ्ग भएका र गरिब तथा विपन्न अन्य बिरामीहरूको उपचारमा सहयोग गर्नको लागि गठन भएको समितिलाई निरन्तरता दिने भनी सम्झौता भएकोमा आर्थिक वर्ष २०७८।७९ भुक्तानी गर्नुपर्ने रकम अभावमा पालिकाले गो भौ नं २७-२०८०/६/८ बाट सुस्मा कोइराला मेमोरियल अस्पताललाई गत वर्ष सहितको रु १ करोड ६४ लाख ७६ हजार लाख भुक्तानी दिएको छ । बिरामीको सङ्ख्या उपलब्धी र निशुल्क उपचार गरेको अभिलेख र खर्चको विलभरपाई वेगर भुक्तानी गरेको र अनुगमन र उक्त संस्थाको लेखापरीक्षण प्रतिवेदन बेगर खर्च गरेको रकम नियम सम्मत नदेखिएको रु.

क्र.सं.	गो. भौ. न.	मिति	विवरण	भुक्तानी रकम
१	२७	२०८०-०६-०८	साझेदारी स्वास्थ्य कार्यक्रमको भुक्तानी बाँकी रकम भुक्तानी ।	६०,००,०००
२	४९	२०८०-०६-२५	साझेदारी स्वास्थ्य कार्यक्रम	२०,००,०००
३	२०५	२०८०-१२-०९	स्वास्थ्य साजेदारी कार्यक्रम अनुदान भुक्तानी	२०,००,०००
४	१३१	२०८१-०३-०४	सघीय सरकारबाट प्राप्त अनुदान रकम सुष्मा कोइराला मेमोरियल अस्पताललाइ	४४,७६,०००
५	३६२	२०८१-०३-२४	सुस्मा कोइराला अस्पताल सँग साजेदारी स्वास्थ कार्यक्रमको भुक्तानी	२०,००,०००
जम्मा				१,६४,७६,०००

अनियमित भएको	१,६४,७६,०००

९० **विभाज्य कोषको आम्दानी र हस्तान्तरण**

९०.१ **(क) विभाज्य कोष (ग-६.१ खाता) :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा उल्लेखित प्रदेश र नगरपालिकाको दोहोरो अधिकार क्षेत्रभित्रका कर निर्धारण गर्ने र सङ्कलनसम्बन्धी व्यवस्थाअनुसार स्थानीय तहले सङ्कलन गरेको राजस्व विभाज्य कोष खाताम जम्मा गरी बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । साथै सरकारी कारोबार निर्देशिका, २०७६ ले स्थानीय तहमा सङ्कलित तथा बाँडफाँट गर्नुपर्ने राजस्व तोकिएको स्थानीय तहको विभाज्य कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । यस नगरपालिकाले आर्थिक वर्ष २०८०।८१ मा विभाज्य कोषमा सङ्कलन गरेको कर तथा राजस्वको विवरण देहायबमोजिम रहेको छ ।

दहत्तर बहत्तर शुल्क (३३३६६)	विज्ञापन शुल्क (३३३४३)	मनोरञ्जन कर (३३३४२)	अन्य (३३३९१)	जम्मा
३,८०,४७,४४७	८,४४,८१०	३०,०००	०	३,८९,२२,२५७.३१

आ. व. २०८०।८१ मा नगरपालिकाले दहत्तर बहत्तर शुल्कवापत रु. ३ करोड ८० लाख ४७ हजार ४४७ असुल गरेको छ ।

(ख) ती वर्षको आम्दानी : नगरपालिकाले विगत ती आर्थिक वर्षहरूमा सङ्कलन गरेको दहत्तर बहत्तर शुल्कको स्थिति निम्न अनुसार रहेको छ ।

आर्थिक वर्ष	दहत्तर बहत्तर शुल्क	अघिल्लो वर्षभन्दा घटी।बढी
२०८०।८१	३,८०,४७,४४७	(९९९२२८)
२०७९।८०	३,९०,४६,६७५	(२००१४०६६)
२०७८।७९	५,९०,६०,७४१	-

नगरपालिकाले सङ्कलन गर्ने गरेको दहत्तर बहत्तर शुल्कको स्थिति आ. व. २०७८।७९ मा रु. ५ करोड ९० लाख ६० हजार ७४१ रहेकोमा सो घटेर २०८०।८१ मा रु ३ करोड ८० लाख ४७ हजार ४४७ मात्र रहेको छ । यस अवधिमा यस शीर्षकको आम्दानी रु २ करोड १० लाख १३ हजार २९४ ले घटेको छ । पालिकाको चालु खर्च बढ्दो छ भने आम्दानीको सङ्कलन घट्दो देखिन्छ ।

(ग) अमानतबाट दहत्तर बहत्तर शुल्क सङ्कलन :पालिकाको सुकेखोला र मनमत्ता खोलाको काको गाँउको पुलदेखि खुलालटार पुल सम्म गडगडे खोला अन्तर्गत बाख्रो खोला देखि मनहरा सँगम सम्म सालीनदीको लागि नारायणेश्वर मन्दिरको दहदेखि मनहराको सँगम सम्मको दहत्तर बहत्तर र वालुवा सँकलन गर्ने एवं दर्ता भएका खानी तथा वासिङ कम्पनीबाट निकासी हुने कच्चा पदार्थ माटो समेत प्रतिवेदनअनुसार ११५७५७९५।६० घन फिट बाट प्रति घनफिट रु ९ को दरले जम्मा रु १०४१८२१६०।४० न्यूनतम कबोल अंक कायम गरी प्रथमपटक २०८०।४।१७ मा कुनै बोलपत्र नपरेको भनि दोस्रो पटक २०८०।५।१९ मा सूचना प्रकाशन गरेकोमा सो समयमा पनि कुनै वोलपत्र नपरेको भनी तेस्रो पटक २०८०।७।२२ मा सूचना प्रकाशन गर्दा समेत कुनै बोलपत्रदाता सहभागी नभएको कारण अमानतमा दहत्तर बहत्तर शुल्क असुल गरेको छ । यसरी पटक पटक सूचना गरी समेत कबोल गर्न नआउने कारण यकिन गरी प्रतिस्पर्धात्मक रुपमा समेत राजश्व प्राप्त हुने व्यवस्था गर्नुपर्दछ । प्रतिसपर्धा नभएको कारण रु. १० करोड ४१ लाख ८२ हजार १६० अनुमान गरेकोमा २०८०।८१ मा रु. ३,८०,४७,४४७ मात्र प्राप्त भएको उपयुक्त देखिएन । साथै अमानतबाट असुल गरेकोमा उत्खनन गरेको वास्तविक परिमाण सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको पाइएन । यसले गर्दा असुल भएको राजस्व र उत्खनन् भएको परीमाणबीच भिडान गरी विश्लेषण गर्न सकिएन ।

(घ) विज्ञापन कर : पालिकाले विज्ञापनकर सङ्कलन गर्नका लागि यो वर्ष मूल्यअभिवृद्धि करबाहेक ३ वर्ष अवधिको लागि रु ४५ लाख लागत अनुमान तयार गरी ठेक्का प्रकृया अगाडी बढाई प्रथम पटक सूचना प्रकाशन गरेतापनि सो अनुसार कुनै फर्म ठेक्कामा समावेस नभएकोमा पुन ठेक्का लगाएको पाइएन । यस सम्बन्धमा पालिकाको निर्णयले अमानतमानै असुल गर्ने उल्लेख गरेको छ । पालिकाले औषत बार्षिक रु १५ लाख उठाउने उद्देश्य राखेकोमा ८,४४,८१० असुल गरेको छ । पर्याप्त अनुगमन नगर्दा लक्ष्य भन्दा उल्लेखनीय रुपमा घटी राजस्व असुल भएको उपयुक्त देखिएन ।

९०.२ **राजस्व दाखिला** : नगरपालिकाको वार्षिक आम्दानी स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) अनुसार रु. ७,८९,२३,५३४ देखिएकोमा बैंक स्टेटमेन्टअनुसार रु ७,८८,८८,१५० देखिएको छ । प्राप्त आम्दानीभन्दा रु ३५३८४ घटी दाखिला गरेको सम्बन्धमा यकिन गरी प्रमाण पेस गर्नुपर्ने देखिएको रु ....

प्रमाण पेश नगरेको	३५,३८४

९०.३ **बैंक दाखिला :** पालिकाको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा उपलब्ध विवरणअनुसार आर्थिक वर्ष २०८०।८१ मा विभाज्य कोष खातामा कुल रु. ३,८९,२२,२५७.३१ आम्दानी सङ्कलन गरेको देखिन्छ भने सो खाताको बैंक विवरण अनुसार जम्मा रु. ३,८७,३२,४३१.३१ दाखिला भएको देखिन्छ । सङ्कलित आम्दानी र बैंक दाखिलाबिच रु. १,८९,८२० को अन्तर देखिएको सम्बन्धमा यकिन गरी आवश्यक प्रमाण पेस गर्नुपर्ने रु ....

प्रमाण पेश नगरेको	१,८९,८२०

९०.४ विभाज्य कोषको प्राप्तिलाई असार मसान्तमा नियमानुसार बाँडफाँट गरी खाताको हिसाब मिलान गर्नुपर्दछ । शङ्खरापुर नगरपालिकाले विभाज्य कोषमा रु. ३,८७,३२,४३१.३१ आम्दानी प्राप्त गरेकोमा विभिन्न मितिमा रु. ३६१४४६०७ ट्रान्सफर गरी खातामा रु. २५८७८२४ मौजदात रहेको देखिन्छ । सङ्घीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने मूल्यअभिवृद्धि कर रु ६,१९,९५१।- र प्रदेशमा हस्तान्तरण गर्नुपर्ने रु. १९,६७,८७३।- गरी जम्मा बाँडफाँट गर्नुपर्ने रु. २५,८७,८२४ हस्तान्तरण गरी हिसाब मिलान गर्नुपर्ने रु

रकम जम्मा गर्नुपर्ने कार्यालय	जम्मा रकम
सङ्घीय सञ्चित कोष	६,१९,९५१.४३
प्रदेश सञ्चित कोष	१९,६७,८७३
जम्मा	२५,८७,८२४

प्रमाण पेश नगरेको	२५,८७,८२४

९१ **राजस्व व्यवस्थापन**

आर्थिक वर्ष २०८०।८१ मा शङ्खरापुर नगरपालिकापालिकाले सङ्कलन गरेको राजस्वको सन्दर्भमा देखिएका ब्यहोरा निम्नअनुसार रहेका छन् ।

९१.१ कर तथा शुल्कको अनुमान र सङ्कलन

नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ देखि दफा ६२ सम्म उल्लेख गरिएको प्रावधानअनुसार कानुन बनाई आफ्नो अधिकार क्षेत्रभित्र सम्पत्ति कर, घरजग्गा कर लगायत विभिन्न कर तथा सेवा शुल्क असुल गर्न सक्ने व्यवस्था अनुरूप आर्थिक वर्ष २०८०।८१ को लागि विभिन्न शीर्षकमा आम्दानीको लक्ष्य निर्धारण गरेकोमा लक्षित आम्दानी र वास्तविक असुलीको तुलनात्मक स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	प्राप्तिकोश्रोत	वार्षिक अनुमानितआय	आम्दानी	असुली प्रतिशत
१	११३१३ - सम्पत्ति कर	१,००,००,०००	४,२४,०१८	४.२४
२	११३१४ - भुमिकर/मालपोत	१,२०,००,०००	९०,८३,२८१	७५.६९
३	११३१५ - घरजग्गा रजिष्टेशन दस्तुर	०	७१,८२४	०
४	११३१७ - वहाल कर	४०,००,०००	४९,०५,९८५	१२२.६५
५	११३१८ - वहाल विटौरी कर	१८,००,०००	९४,२२७	५.२३
६	११४५१ - सवारी साधन कर (साना सवारी)	०	१००	०
७	११६११ - व्यवसायले भुक्तानी गर्ने	०	३,६०,६८७	०
८	११६९१ - अन्य कर	०	२३,३८,८२६	०
९	१४११२ - व्यापारिक निकायबाट प्राप्त ब्याज	०	१	०
१०	१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	१०,००,०००	२,६७,२०८	२६.७२
११	१४२२१ - न्यायिक दस्तूर	५,००,०००	१७,८४०	३.५७
१२	१४२२३ - शिक्षा क्षेत्रको आम्दानी	०	३२,५००	०
१३	१४२२४ - परीक्षा शुल्क	०	१,५०,४००	०
१४	१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	१०,००,०००	१०,१३,३०७	१०१.३३
१५	१४२४१ - पार्किङ्ग शुल्क	०	४,६८,३००	०
१६	१४२४२ - नक्सापास दस्तुर	१,०२,८४,९८३	९४,०१,८८२	९१.४१
१७	१४२४३ - सिफारिश दस्तुर	१०,७६,००,०००	२,६९,४१,५२५	२५.०४
१८	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	१,००,०००	२,६९,७५५	२६९.७६
१९	१४२४५ - नाता प्रमाणित दस्तुर	५,००,०००	१,२१,३००	२४.२६
२०	१४२४९ - अन्य दस्तुर	५०,००,०००	८९,९५,७०६	१७९.९१
२१	१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	५०,००,०००	५२,९०,४३८	१०५.८१
२२	१४३११ - न्यायिक दण्ड, जरिवाना र जफत	५,००,०००	१००	०.०२
२३	१४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत	१,००,०००	२०,७४,३१९	२,०७४.३२
२४	१४५२९ - अन्य राजस्व	२०,००,०००	५६,२२,५८५	२८१.१३
२५	१४६११ - व्यवसाय कर	०	८,८१,५०९	०
२६	१५१११ - बेरूजू	२,००,०००	९५,९१०	४७.९६
जम्मा		१६,१५,८४,९८३	७,८९,२३,५३४	४८.८४

नगरपालिकाले आन्तरिक तर्फको वार्षिक आय रु १६ करोड १५ लाख ८४ हजार ९८३ अनुमान गरेकोमा यथार्थ असुली रु ७ करोड ८९ लाख २३ हजार ५३४ अर्थात् अनुमानको ४८.८४ प्रतिशत रहेको देखिन्छ । सम्पत्ति करतर्फ वार्षिक रु १,००,००,००० सङ्कलन गर्ने लक्ष्य रहेकोमा असुली रु ४,२४,०१८ अर्थात लक्ष्य प्राप्ति ४.२४ प्रतिशत मात्र देखिन्छ भने व्यक्तिगत घटना दर्ता दस्तुरको अनुमान रु १,००,००० रहेकोमा असुली रु २,६९,७५५ अर्थात् लक्ष्यको २६९.७६ प्रतिशत देखिन्छ । आन्तरिक

आम्दानीतर्फ कुनै शीर्षकमा अनुमान नगरेको अवस्थामा समेत राजस्व दाखिला भएको देखिन्छ भने कतिपय शीर्षकमा लक्ष्य तोकिए तापनि कुनै आम्दानी दाखिला गरेको पाइएन । आम्दानीका स्रोतहरूको स्पष्ट पहिचान गरी आय अनुमानलाई वस्तुनिष्ठ र यथार्थपरक बनाइ नगरपालिकाको वित्तीय स्वायत्तता सुदृढ बनाउनुपर्दछ । साथै, तोकिएका शीर्षकहरूमा आम्दानीको लेखाङ्कन सुनिश्चित गर्दै पारदर्शी र व्यवस्थित वित्तीय व्यवस्थापन प्रणाली लागु गर्नुपर्दछ ।

९१.२ **राजस्व सङ्कलनको लक्ष्य तथा प्रगति**

नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमार्फत पालिकामा प्राप्त हुने आन्तरिक आम्दानीको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ को लागि नगरपालिकाले विभिन्न शीर्षकहरूमा कुल आन्तरिक आयको लक्ष्य रु १६,१५,८४,९८३ निर्धारण गरेकोमा रु ७,८९,२३,५३४ असुली गरेको देखिन्छ । राजस्व असुलीमा लक्ष्यको तुलनामा ४८.८४ प्रतिशतमात्र प्राप्ति भएको तथ्याङ्क देखिन्छ । यस वर्ष नगरपालिकाको आन्तरिक आय जम्मा अनुदान रकम रु. ६३,८१,६४,५८२ को ११.०१ प्रतिशत मात्र रहेको देखिन्छ । नगरपालिकाको विगत ३ वर्षको राजस्वको लक्ष्य र असुलीको स्थिति निम्नानुसार रहेको छ ।

आर्थिक वर्ष	लक्ष्य	असुली	असुली प्रतिशत
आ. व. २०८०।८१	१६,१५,८४,९८३	७,८९,२३,५३४	४८.८४
आ. व. २०७९।८०	१२,३५,५०,०००	७,६३,२८,८५७	६१.७८
आ. व. २०७८।७९	१०,७०,००,०००	८,७८,५४,२९५	८२.११

नगरपालिकाले आर्थिक वर्ष २०७८।७९ को लागि रु १०,७०,००,००० लाख आन्तरिक आम्दानीको लक्ष्य निर्धारण गरेकोमा असुली रु ८,७८,५४,२९५ रहेको देखिन्छ जुन अनुमानको ८२.११ प्रतिशत हुन्छ । आर्थिक वर्ष २०८०।८१ मा नगरपालिकाले अघिल्लो वर्षको आय भन्दा थोरै वृद्धि गरेको देखिएता पनि आर्थिक वर्ष २०७८।७९ को असुली रकमभन्दा रु. ८८,६९,३११ अर्थात ९.१७ प्रतिशत न्यून राजस्व असुली गरेको देखिन्छ । राजस्व सङ्कलन प्रभावकारी रूपमा नभएकोले नगरपालिकाको आन्तरिक आय घट्दै गएको देखिन्छ । नगरपालिकाले आम्दानीको प्राप्तिको स्रोतहरू मूल्याङ्कन गरी यथार्थपरक अनुमान गर्नुपर्दछ । करको दर र दायराको पुनरावलोकन गरी आन्तरिक आयको लक्ष्य निर्धारण गर्ने र सोहीअनुसार प्रगति हासिल गर्नेतर्फ नगरपालिकाले जोड दिनुपर्दछ ।

९१.३ **सुत्र राजस्व मोड्युलको प्रयोग**

महालेखा नियन्त्रक कार्यालयले स्थानीय तहको राजस्व सङ्कलन, लेखाङ्कन तथा प्रतिवेदनलाई व्यवस्थित तुल्याउने उद्देश्यले २०७९ माघमा सुत्र राजस्व मोड्युलको शुरुवात गरी २०८० पौषदेखि ७५३ स्थानीय तहको राजस्व खातामा अनलाइन माध्यमबाट राजस्व बुझाउन सकिने व्यवस्था गरेको छ । स्थानीय तह राजस्व पोर्टल (Local Level Revenue Portal) प्रयोग गरी राजस्व व्यवस्थापन गर्नुपर्नेमा नगरपालिकाले साँग्रिला सफ्टवेयर प्रयोग गरी राजस्व सङ्कलन गरेको छ । प्रयोगमा रहेको सो प्रणालीले माग गरिएको सम्पूर्ण प्रतिवेदन उपलब्ध गराउन सक्ने क्षमता नभएको पाइएको छ । प्रणालीद्वारा तयार गरिने आन्तरिक आम्दानीको विवरणको यथार्थता र विश्वासनीयतामा आश्वस्त हुने आधार पनि सुनिश्चित छैन । पालिकाले वडाको जनसंख्या, सेवा प्रवाहको स्थिति, स्रोत समेतको मूल्याङ्कन गरी वडाहरूबाट यथार्थ राजस्वको नउठेको सम्बन्धमा प्रभावकारी अनुगमन गर्दै सुत्रमा आवद्ध राजस्व मोड्युलको अनिवार्य रुपमा प्रयोगमा ल्याई राजस्व लेखाङ्कन हुनुपर्दछ ।

९१.४ **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक भौगोलिक अवस्था प्राकृतिक श्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य स्रोत पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोतत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले विगतमा तयार गरेको प्रोफाइल प्रयोगमा

ल्याएको छैन । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजनाको बजेट प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

९१.५ **वडागत राजस्व असुलको स्थिति** : नगरपालिकानगरपालिका भित्रका ९ वडाबाट सङ्कलित राजस्वको स्थिति देहायबमोजिम रहेको छ ।

वडा नम्बर	**राजस्व असुली (रू.)**	**कुल आयको तुलनामा प्रतिशत**
१	२५,५५,१९१	३.२४
२	१३,८२,११८	१.७५
३	५९,७५,२५१	७.५७
४	३३,८२,१६५	४.२९
५	६३,७५,९४९	८.०८
६	६२,५८,८३७	७.९३
७	५३,७०,८८४	६.८१
८	५६,६१,००२	७.१७
९	७६,९४,७४४	९.७५
वडाको जम्मा	**४,४६,५६,१४०**	५६.५८
नगरपालिकाबाट सङ्कलित	३,४२,६७,३९४	४३.४२
Grand Total	**७,८९,२३,५३४**	१००.००

नगरपालिकाका ९ वटा वडामध्ये सबैभन्दा बढी राजस्व वडा नं. ९ बाट असुल गरेको देखिन्छ । सो वडाबाट असुल गरिएको कुल राजस्व रु ७६,९४,७४४ रहेको छ जुन नगरपालिकाको कुल आयको ९.७५ प्रतिशत हो । सबैभन्दा कम राजस्व वडा नं. २ बाट रु १३,८२,११८ सङ्कलन भएको छ जुन कुल आयको १.७५ प्रतिशत हो । नगरपालिकाको जम्मा आम्दानीको ५६.५८ प्रतिशत हिस्सा वडाहरूको आम्दानीले ओगटेको देखिन्छ ।

९१.६ **सम्पत्ति कर** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउन सक्ने व्यवस्था छ । नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ३ ले ऐनको अनुसूची - १ मा उल्लेखित विभिन्न प्रकारका घरको मूल्याङ्कन र जग्गाको तोकिएको मूल्याङ्कनको आधारमा सम्पत्ति करको दरहरू निर्धारण गरेको देखिन्छ । आर्थिक वर्ष २०८०।८१ मा नगरपालिकाले उक्त कानूनी व्यवस्थाअनुसार सम्पत्ति करबाट रु १ करोड सङ्कलन गर्ने लक्ष्य राखेकोमा यथार्थ असुली रु ४,२४,०१८ भएको देखिन्छ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : शङ्खरापुर नगरपालिका , शंखरापुर नगरपालिका , काठमाडौं

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	अमृत कुमार धिताल	२०८०-९-१८	हाल सम्म कार्यरत
लेखा प्रमुख	गोविन्द प्रसाद अधिकारी	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,२२७,०२९	२८,१६९,९८२	३२,७९९,२५८	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	६२,१९६,२६९
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१,७४३,८४५
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	६०,४५२,४२४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२६७६७५१३८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३२३७४२२५७	चालु खर्च	४०८९३५८१९
प्रदेश सरकारबाट अनुदान	५९५५६४७२	पूँजीगत खर्च	३९३७३६५००
राजश्व बाँडफाँट	२५४८६५८५४	वित्तीय/अन्य व्यवस्था	१६५५६२३६२
आन्तरिक आय	७८८८८१५०		
अन्य आय	२००९५११३५		
कुल आय	९१८००३८६८	कुल खर्च	९६८२३४६८१
बाँकी मौज्दात		२१७४४४३२५	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ:

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ । कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ । म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ । स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ । साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ । अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ । समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ । अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।